# परिच्छेद - एक

## १. परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यता र संस्कृतिको विकासको साथ साथै मानव समाज पनि अत्यन्त जटिल बन्दै गईरहेको छ । एउटा निश्चित उद्देश्य परिपुर्तिका लागि मानव समाजले समयानुकुल विभिन्न किसिमका सामाजिक संस्थाहरूको सृजना गर्दै तिनीहरुलाई व्यवहारीक रूप दिदै गइरहेको छ । साथै यस्ता किसिमका सामाजिक संस्थाहरूको संरचना एंव कार्यक्षमतामा पनि परिवर्तन हुँदै गइरहेको पाईन्छ । विभिन्न सामाजिक संस्थाहरू बीचको कार्यगत एकताबाट नै सामाजिक जीवनले निरन्तरता पाउनुको साथै सामाजिक व्यवस्थाको संरचना निर्धारण हुने गर्दछ । सामाजिक संरचनालाई व्यवस्थीत रूपमा निरन्तरता दिनको लागि यस्ता सामाजिक संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । सामाजिक व्यवस्थाको विभिन्न महत्त्वपूर्ण तत्त्वहरूमध्ये परिवार पनि एक हो । उक्त परिवारसँग प्रत्यक्ष सम्बन्ध राख्ने संस्था विवाहमा पनि परापूर्व काल र वर्तमान स्वरूपमा परिवर्तन आएको देखिन्छ ।

शुरुवातमा विभिन्न उद्देश्य लिएर विवाह संस्थाको जन्म भएतापनि समय काल खण्ड सामाजिक परिवेशमा आएको परिवर्तन सँगै यस संस्थाको ढाँचामा पनि परिवर्तन हुन थाल्यो । विवाह संस्थाले पनि समयानुकुलको राज्यको निति नियम तथा सामाजिक संगठनहरूको परिवर्तित रूपसँग समायोजित हुदै जान थाल्यो । प्रारम्भमा धर्म र संस्कारमा सीमित रहेको विवाह सम्बन्धलाई आज आएर राज्यले कानूनी रूपमा व्यवस्था गरेको छ । नेपालमा यस्तो वैवाहिक सम्बन्ध र सम्बन्ध विच्छेदको अवस्था कानुनी रूपमा २०२० सालमा बनेको मुलुकी ऐनबाट शुरु हुन पुग्यो । त्यसपछि सम्बन्ध विच्छेदका घटनाहरू परिवार तथा समाजमा प्रष्ट रूपमा वृद्धि हुन थाले ।

विवाहित दम्पतिले कानुनी रीत पुऱ्याई वा धार्मिक परम्परा अनुरूप वैवाहिक सम्बन्ध कायम रहन नसकी लोग्ने र स्वास्नी वैवाहिक सम्बन्धबाट अलग हुने प्रक्रियालाई नै सम्बन्धविच्छेद भनिन्छ । (नेपाली बृहत शब्दकोश) अर्को शब्दमा भन्दा सम्बन्ध विच्छेद लोग्ने स्वास्नी बिचको दाम्पत्य जीवनको स्थायी समाप्ती हो । सम्बन्धविच्छेदको सम्बन्धमा हाम्रो मूलुकी ऐनमा स्पष्ट परिभाषा दिएको पाईदैन ।

Encyclopedia Britanica 1990 का अनुसार अंग्रेजीको Divorce लेटिन भाषाको Divordium बाट लिइएको पाईन्छ । जसमा Dis को अर्थ Apart र Vordium को अर्थ To turn भन्ने हुन्छ । यसको अर्थ हुन्छ, विवाह द्वारा स्थापित सम्बन्धको अन्त्य नै सम्बन्ध विच्छेद हो ।

Black's law Dictionary 6th ed 1996 का अनुसार 'लोग्ने र स्वास्नीको बैबाहिक सम्बन्धलाई पुरै अन्त गर्ने वा निजहरूको सहवासको अवस्थालाई तत्कालको लागि निष्क्रिय पाने गरी अदालतबाट भएको फैसला वा निर्णयले हुने कानुनी विच्छेद' । विवाह वा सम्बन्ध विच्छेद भन्नाले अदालतको फैसला द्वारा लोग्ने र स्वास्नी विचको वैवाहिक सम्बन्धको पूर्ण रूपमा अन्त्य हो । अतः कानुनी रूपमा लोग्ने स्वास्नीको बीचको सम्बन्धको अन्त्य नै सम्बन्ध विच्छेद हो (टोप बहादुर सिंह, २०३८)

हिन्दु धर्मशास्त्र अनुसार स्त्री विनाको पुरुष पुर्ण मानिदैन । एउटा पुरुषले पुर्णत्व प्राप्त गर्न स्त्री र सन्तान हुनुपर्दछ । त्यसैगरी जो पति छ त्यो स्त्री पनि हो र हिन्दु समाजमा समाज विकासको लगभग दुई हजार वर्ष सम्म पनि सम्बन्ध विच्छेदको अवधारणा देखा परेको पाइदैन । जस्तै स्मृतिकालको नाम उल्लेख गर्ने क्रममा याज्ञवलक्य भन्छन् "पति जतिसुकै निच भएपनि पत्नीले विवाह विच्छेद गर्न नपाइने उसको प्रायश्चित सम्म प्रतिज्ञा गरिरहनु पर्ने हुन्छ र प्रायश्चित पश्चात पुनः सम्बन्ध कायम हुन्छ ।" त्यसैगरी कौटिल्य अलि लचकदार विचार राख्दछन् - "भोगको इच्छा नगर्ने पतिलाई नसहने पत्नी वा भोगको एच्छा नगर्ने पन्तीलाई नसहने पति दुवैले छोडन नपाउने तर परस्पर नसहने भए दुबैले छोड्न् हुन्छ । उनले उपल्ला जातिलाई छोडेर तल्ला जातिहरू जस्तै गान्धर्व अनुसार राक्षस तथा पिचास विवाहमा पनि पत्नीले विवह विच्छेद गर्न सक्ने कुरा उल्लेख गरेका छन् । (लम्साल, २०४९)

जसरी विवाह उत्पत्तिको सम्बन्धमा समय किटान गर्न सकिएको छैन त्यसै गरी सम्बन्ध विच्छेदका सम्बन्धमा पनि किटान गरेर यहि समय वा काल देखि सम्बन्ध विच्छेदको धारणा उत्पति भएको हो भन्न सकिने स्थिति देखिदैन । तर पनि विवाह विना सम्बन्ध विच्छेद नहुने भएकोले अवश्य पनि जहिले देखि विवाहको अवधारणा देखापऱ्यो त्यसैवेलादेखि ने सम्बन्ध विच्छेदको अवधारणा आएको हुनुपर्दछ । कालान्तरमा जब विश्वमा सम्बन्ध विच्छेद सम्बन्धी कानुनको शुरुवात भयो त्यसवेला देखि नै विवाहित जोडी कानुनी रूपमा अलग-अलग भएर बस्न थालेको हो भन्न सकिन्छ । यस सम्बन्धी कानुनी विकासको शुरुवात बेलायतबाट भएको मानिन्छ र सम्बन्ध विच्छेदका मुद्दाहरू पनि कानुन अनुरूप अदालतबाट हेरिन थालियो ।

बेलायतको सन्दर्भमा कुरा गर्दा सन् १९५७ मा सम्बन्ध विच्छेदको मुद्दा बेलायती अदालतमा दर्ता भएको थियो र अदालतले पनि सोहि समयदेखि यस सम्बन्ध विच्छेद अवधारणालाई कानुनी रूपमा लिएको देखिन्छ । खास गरेर यस्ता राष्ट्रहरूमा स्वतन्त्र विवाहको उदयले निजी स्वतन्त्रतामा अंकुश लगाउने शक्तिलाई कमजोर तुल्यायो र त्यसको प्रभावले महिलाको विशेष अधिकारलाई बढावा दियो । परिणाम स्वरूप यि राष्ट्रहरूमा सम्बन्ध विच्छेदको दरमा वृद्धि हुँदै गएको देखिन्छ । (Frank, 1931)

भारतीय समाजमा पनि मनुस्मृतिको प्रभावको कारण उपल्ला जातिहरूमा विवाह विच्छेदको प्रचलन नभए तापनि कथित तल्ला जातिहरूमा भने यो प्रचलन रहेको थियो । भारतम Native Convert Marriage Dissolution Act, 1866 पारित भएपछि पति वा पत्नीले धर्म परिवर्तन गरे पनि विवाह विच्छेद हुन सक्ने भयो । त्यसपछि बनेका भारतीय कानुनहरूमा सम्बन्ध विच्छेद हुन सक्ने कानुनी व्यवस्था गरियो । मानिसहरूको स्वतन्त्रता र नागरिक हकाधिकारको चर्का नाराहरूका साथ साथै सम्बन्ध विच्छेद हुन सक्ने कानुनी व्यवस्थाको पनि विकास हुदै गयो । (श्रेष्ठ, २०४९)

भारतीय Hindu Marriage Act 1955 लागु भएपछि झन तिब्र रूपमा सम्बन्ध विच्छेदको अवधारणाको विकास हुन थाल्यो । अदालतमा सम्बन्ध विच्छेद सम्बन्धी मुद्दाहरू त्रमिक रूपमा बढ्दै गए र  मानिसहरूले यसलाई सहज रूपमा लिन थाले ।

हाम्रो देशको सन्दर्भमा विवाह विच्छेदको अवधारणा जब भारतमा Hindus Marriage Act, 1955 लागु भयो त्यस अनुरूप वि.सं. २०२० सालमा लागु गरिएको मुलुकी ऐनमा विकास भयो । त्यसपछि नै विवाह विच्छेद सम्बन्धी अवधारणा नेपाली समाजमा फैलिन थाल्यो । नेपाली समाजमा विवाह पश्चात श्रीमानको सम्पतिमा श्रीमतीको पनि समान हक रहने कानुनी व्यवस्थाले महत्त्वपूर्ण आर्थिक क्रियाकलापको निर्णय प्रक्रियामा श्रीमतीको पनि निर्णायक भुमिका रहन सक्ने अवस्था सृजना हुन पुग्यो । जसले गर्दा राज्यको प्रशासनिक निकायमा विवाह दर्ता गर्नुपर्ने प्रावधान रहन थाल्यो । परिवारका विभिन्न कानुनी क्रियाकलापमा सहभागी हुन सक्ने कानुनी हैसियत प्राप्त गर्न जबसम्म कानुनी रितपूर्वक विवाह दर्ता हुदैन तबसम्म श्रीमतिको हक स्थापित गर्न कानुनी प्रक्रिया पुग्दैन । त्यसैले गर्दा नै कानुनी रूपमा विवाह दर्ताको प्रक्रिया समाजमा तिर्ब रूपमा बढ्न थाल्यो । त्यसै क्रममा स्वास्नी अर्को मानिससँग पोइल गए कानुनी रूपमा सम्बन्ध तोडिएको रेकर्ड पनि राख्नु पर्ने भयो । अन्यथा कानुनी रूपमा उनी पुर्व पतिको स्वास्नी भइरहने र निजले पूर्व पतिको सम्पतिमा दाबी गर्न सक्ने कानूनी हैसियत रहि रहने भएकोले सम्बन्ध

विच्छेदको घटना दर्ता प्रक्रिया समाजमा तिब्र रूपमा बढ्न थाल्यो । २०२० सालको मुलुकी ऐन आएपछि सम्बन्ध विच्छेदका मुद्दाहरू कानुनी रूपमा नै दर्ता हुन थाले ।

हाम्रो समाजमा मुलुकी ऐन आउनु भन्दा अगाडी देखि नै विभिन्न जात जातिहरूमा आ-आफ्नो धार्मिक परम्परा एंव संस्कार अनुसार सम्बन्ध विच्छेद गर्ने प्रचलन थियो । जस्तै नेवार जातिमा ग्वे लितविगु (पारपाचुके सुपारी फर्काउने), शेर्पा जातिमा पैतु वा टलु, थकाली जातिमा पर गर्ने लिम्बुमा खेम्जोप न्यापाजोप आदि । तैपनि यि विभिन्न जात जातिहरूमा प्रचलित सम्बन्ध विच्छेदको परम्परालाई २०२० सालको मुलुकी ऐनले कानुनी मान्यता भने दिएको देखिदैन । जस्तोसुकै प्रकारले विवाह गरेको भए तापनि सम्बन्ध विच्छेद अड्डामै गरेकाले भात्र कानुनी मान्यता प्राप्त हुन्छ (लेख, न्यायदुत, २०५८, अधिवक्ता साधना श्रेष्ठ) ।

यस प्रकारबाट विवाह विच्छेदको घटनालाई राज्यले कानुनी मान्यता दिएबाट परिवारमा घट्ने दाम्पत्य विखण्डनका घटनाहरू नेपाली समाजमा प्रष्ट रूपमा देखिन थाले । नेपाली समाजमा हुने गरेका विवाह विच्छेदका घटनाहरूको आधिकारीक तथ्य प्रकाशनमा राज्यले त्यति ध्यान दिएको देखिदैन । वि.सं. २०४८ भन्दा अगाडिको जनगणनामा पारपाचुके र छुट्टिनुलाई एउटै महल भित्र राखिएको थियो । भने २०४८ को जनगणना देखि सम्बन्ध विच्छेद र छुट्टिनुलाई भिन्न महलमा राख्न थालेको पाईन्छ । यस अनुसार आर्थिक वर्ष २०६५/६६ मा नेपालमा कुल दश हजार उनन्चालीस सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएको देखिन्छ । (पत्रिका नागरिक दैनिक, चैत्र, २०६६) ।

## १.२ समस्याको कथन

विवाहित दम्पति कुनै पनि हालतमा एक साथ मिलेर बस्न नसक्ने अवस्था सृजना भएको खण्डमा दिन दिनै झै झगडा गरेर तनावपुर्ण वातावरणमा बसिरहनु भन्दा वैवाहिक सम्बन्धलाई भङ्ग गर्दै अलग-अलग जीवनयापन गर्नु नै दुबै पक्षको हितमा हुन आउदछ । त्यसकारण सम्बन्ध विच्छेद आफैमा नराम्रो कुरो होइन तर यसले व्यक्ति, परिवार र समाजलाई केहि न केहि रूपमा सकारात्मक र नकारात्मक प्रभाव पारेकै हुन्छ । त्यसमा पनि नकारात्मक प्रभाव त झनै बढी परेको हुन्छ । आज पश्चिमि मुलुकहरूमा सम्बन्ध विच्छेद गरिनु अति सामान्य प्रक्रिया जस्तो हुन थालेको छ र यसले समाजमा पार्ने प्रभाव पनि नगन्य मात्रामा परेको देखिन्छ । त्यस्ता समाजमा सम्बन्ध विच्छेद गर्नु र सम्बन्ध विच्छेद पछि समाजमा समायोजन हुनका लागि सामाजिक बन्देज छैन । जसले गर्दा त्यस्ता जोडिहरू सम्बन्ध विच्छेद पछि पनि समाजमा सजिलै किसिमले समायोजन हुन सक्छन् तर हाम्रो जस्तो हिन्दु वर्ण व्यवस्थामा आधारित समाजको संरचना,

सामाजिक मूल्य मान्यता, दृष्टिकोण र व्यवहारलाई हेर्दा यो एउटा निकै जटिल विषय हो । यो एउटा नितान्त सामाजिक समस्या हो । समाजमा सृजित विभिन्न अवस्थाबाट नै यो समस्या उत्पन्न हुने गर्दछ । यसको प्रभाव पनि परिवारमा मात्र सीमित नभई सिङ्गो सामाजिक व्यवस्थामा ने परेको हुन्छ । फलस्वरूप समाजको सम्पूर्ण कार्यात्मक सम्बन्धमा समेत परिर्वतनहरू देखा पर्दछन् ।

यसरी पाश्चात्य देशहरूमा बढी रहेको सम्बन्ध विच्छेदको प्रभाव हाम्रो समाजमा प्रत्यक्ष रूपमा परिरहेको पाईन्छ । विदेशीको देखासिकि गर्ने प्रवृत्ति तिब्र रूपमा बढिरहेको छ । अध्ययन क्षेत्र कञ्चनपुर जिल्ला अदालतमा २०६४/०६५ सालमा ३७ वटा सम्बन्ध विच्छेदका घटना दर्ता भएका छन् भने २०६५/०६६ सालमा ३९ वटा सम्बन्ध विच्छेदका घटना दर्ता भएका छन् । सम्बन्ध विच्छेदको घटनामा भएको वृद्धि ग्रामीण तथा शहरी र शिक्षित एंव अशिक्षित दुवै समाजमा देखिन्छ ।

यस किसिमबाट तिब्र रूपमा बढ्दै गइरहेको सम्बन्ध विच्छेदको घटनाले हाम्रो समाजमा रहेको विवाह संस्था माथि नै प्रश्न चिन्ह उठाउन थालेको देखिन्छ । समाज निरन्तरताको लागि आवश्यक पर्ने विवाह जस्तो संस्थामा के अब विखण्डन आउन लागेको हो त ? वा त्यस संस्थालाई निरन्तरता दिन सक्ने दाम्पत्य जोडी चयन प्रक्रिया लगायत अन्य कैयौ प्रक्रिया र परिवेशहरू जिम्मेवार छन् ? वा अन्य के कारणहरू हुन सक्छन् ? विवाह विच्छेदलाई मान्यता नदिने । हाम्रा संस्कारहरूमा सम्बन्ध विच्छेदका घटनाहरू समाजमा देखा पर्दा त्यसले समाजका विभिन्न पक्षहरूमा असर तथा प्रभाव अवश्य पारेको हुन्छ । परिणाम स्वरूप सिंगो सामाजिक संरचनामा नै परिवर्तन देखा पर्दछ । त्यसकारण सम्बन्ध विच्छेद सामान्य भइनसकेको हाम्रो जस्तो देशमा यस्ता घटनाहरू पटक-पटक भईरहदा स्वयं सम्बन्ध विच्छेदकर्ताहरु साथै उनीहरूको परिवार एवम् सन्तानमा के-कस्तो असर परिरहेको छ ? उनीहरूको जन जीवन कसरी अगाडी बढी रहेको छ ? इत्यादी सामाजिक समस्याहरू पहिल्याउनु पर्ने आवश्यकता महशुस गरी यस किसिमको अध्ययन गर्न थालिएको हो ।

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन सम्बन्ध विच्छेदका कारण र त्यसबाट पर्ने असर अहिलेको बढ्दो आधुनिकीकरण, पश्चिमीकरण तथा त्यसबाट प्रभावित बढ्दो मात्रामा देखिएको सम्बन्ध विचछेद र यसले पार्ने सामाजिक असर नै यस अध्ययनको मुख्य उद्देश्य राखिएको छ । समग्रमा यस विषय अध्ययनको मुख्य उद्देश्यहरू निम्न रहेका छन् :

क)	सम्बन्ध विच्छेदको वास्तविक स्थिति पहिचान गर्ने ।

ख)	सम्बन्ध विच्छेद निम्त्याउने मूल कारणहरूको खोजी गर्ने ।

ग)	सम्बन्ध विच्छेदले सामाजिक जीवनमा पार्ने असरहरूको खोजी गर्ने ।

## १.४ अध्ययनको महत्त्व

सम्बन्ध विच्छेदका विभिन्न कारणहरू आफै पूर्ण जिम्मेवार नभईकन एउटा कारणले अर्को र अर्को कारणले फेरी अर्को गर्दै पारिवारिक तहमा असहमति सृजना भई सम्बन्ध विच्छेद भएको पाईन्छ । यसले गर्दा विवाह संस्थामाथि नै अविश्वसनियता र शंका उत्पन्न हुन थालेको छ । धार्मिक पवित्रता र सुखी दाम्पत्य जीवन यापनको रूपमा सम्मानजनक जीवनयापन नहुँदा विवाहित जोडिमा मनोवैज्ञानीक विकृतिहरू देखिनु अवश्य पनि चिन्ताको विषय बन्दछ ।

सानै उमेरमा विवाह हुनु, दाइजो प्रचलन, बढ्दो शहरीकरण, पुँजीवादी पश्चिमी संस्कृतिले गर्दा व्यक्तिहरू आफ्ना परिवारजनबाट टाढारहनु पर्ने देखा सिकि आदि कारणहरू यस घटना प्रति कतिको जिम्मेवार छन् त ? यो पनि अध्ययनको महत्त्वपूर्ण पक्ष रहेको छ । यसका साथै निश्चित कानुनी प्रक्रियाका आधारमा सम्बन्ध विच्छेद गर्न पाउने कानुनी प्रावधानले पनि सम्बन्ध विच्छेदका घटनाहरू दिन-दिनै कसरी वृद्धि भई रहेका छन् भन्ने पक्ष पनि यस अध्ययन अनुसन्धानका लागि महत्त्वपूर्ण रहेको छ । यस्तो घटनाको प्रभाव क्षेत्र व्यक्ति, परिवार एंव समाज रहेको हुन्छ ।

प्रस्तुत विषय समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिले पनि कमै मात्रामा अध्ययन गरिएको हुँदा सम्बन्ध विच्छेद वृद्धि गर्ने के-कति कारणहरू छन् ? यसको प्रभाव वा असर समाज विकासमा के कति ? र के-कस्तो परेको छ ? र यस अध्ययन अनुसन्धान पश्चात् यस क्षेत्रमा गर्न सकिने सम्भावित सुधारको लागि केहि सल्लाह - सुझाव दिने विश्वासले नै यसको मूल महत्त्व प्रष्ट्याइएको छ । यसका साथै सानै रूपमा भए पनि विवाह विच्छेदको अध्ययनको महत्त्वमा पनि यसले प्रेरणादायक भुमिका खेल्ने छ भन्ने विश्वास राख्दछु ।

## १.५ शोधपत्रको संरचनात्मक रूपरेखा

यस शोधपत्रलाई आठ वटा परिच्छेदहरूमा विभाजन गरिएको छ । यसको पहिलो परिच्छेदमा अध्ययनको सामान्य परिचयलाई समेटिएको छ । यस अन्तर्गत शोत्रपत्रमा समेटिएका

समस्याहरू , अध्ययनको उद्देश्यहरू, अनुसन्धानको शोधपत्रको संरचनात्मक रूपरेखा सामेल गरिएको छ ।

यसै गरी परिच्छेद दुईमा सम्बन्ध विच्छेद सम्बन्धी सन्दर्भ साहित्यको अध्ययन र सैद्धान्तिक समिक्षा गरिएको छ ।

यसको तेस्रो परिच्छेदमा अनुसन्धान पद्धति तथा प्रक्रियाहरूलाई समेटिएको छ । यस भित्र अध्ययनको ढाँचा, अध्ययन क्षेत्र, अध्ययनको समग्रता तथा नमूनाको आकार लगायत तथ्याङ्कको स्रोत तथा तथ्याङ्क सङ्कलनका साधन र प्रक्रिया एवम् तथ्याङ्क विश्लेषण प्रक्रियालाई पनि समाविष्ट गरिएको छ ।

चौथो परिच्छेदमा विषयगत विवेचना गरिएको छ । यस क्रममा विवाह परिचय, विवाहको कार्य र महत्त्व, विवाहको प्रकार, विवाहसँग सम्बन्धित नियम तथा प्रचलनहरू साथै सम्बन्ध विच्छेदको परिचय र ऐतिहासिक पृष्ठभुमि, सम्बन्ध विच्छेदका प्रकारहरू र कानुनी रूपमा सम्बन्ध विच्छेद गर्न सक्ने अवस्थाहर एवम् प्रक्रियाहरूलाई विवेचना गरिएको छ ।

अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गर्ने जमर्को परिच्छेद पाँच देखि गरिएको छ । यस क्रममा अध्ययनको मुख्य सरोकारको विषय सम्बन्ध विच्छेदका मुख्य कारणहरूको विश्लेषणात्मक प्रस्तुतिलाई छैठौं परिच्छेदमा राखिएको छ र पारपाचुकेले पारेका मुख्य असरहरूको विश्लेषणात्मक प्रस्तुतिलाई सातौ परिच्छेदमा उल्लेख गरिएको छ ।

अनुसन्धानको सारांश, निष्कर्ष तथा सुझावहरूलाई आठौं तथा अन्तिम परिच्छेदमा राखिएको छ ।

# परिच्छेद-दुई

## २. सन्दर्भ साहित्यको अध्ययन तथा सैद्धान्तिक समीक्षा

### २.१ सन्दर्भ साहित्यको अध्ययन तथा स्रद्धान्तिक समीक्षा

सम्बन्ध विच्छेद दुई व्यक्ति बीच हुने घटना भए पनि यसको प्रभाव समाजमा प्रत्यक्ष रूपले पर्ने भएकोले यो नितान्त रूपमा सामाजिक अध्ययनको विषयवस्तु मानिन्छ । हरेक सामाजिक अध्ययनका विषयहरूमा बैज्ञानिक किसिमबाट खोज अनुसन्धान गर्दा त्यस पुर्वका अध्ययन अनुसन्धानमा समेटन नसकिएका पक्षहरूलाई विशेष महत्त्व दिदै नयाँ-नयाँ तथ्यहरू निकालिन्छ ।

नेपालमा सम्बन्ध विच्छेदको कानुनी प्रावधानको व्यवस्था वि.सं. २०२० सालको नयाँ मुलुकी ऐनले गरेपनि हालसम्म पनि यसलाई समाजाम हेयको दृष्टिकोणले हेर्ने गरिन्छ । यस्ता घटनाहरूलाई आफ्ना व्यक्तिगत र पारिवारिक रूपमै आँच आउने डरका कारण निजि मामिलाको रूपमा ढाकछोप गरिरहेका हुन्छन् । यस्ता प्रकृतिका घटनाका कारण र परिणामबारे सामाजिक अध्ययन गर्ने प्रचलन नभएका कारण सम्बन्ध विच्छेद र असरको बारेमा समाजशास्त्रीय अनुसन्धान कृतिको कमि देखिन्छ । विगत केही वर्ष यता भने सम्बन्ध विच्छेदका मृद्धाहरूको संख्या पनि अन्य मुद्दाहरूकै हाराहारीमा रहेको देखिन्छ ।

नेपाली सामाजिक जीवनका अनुसन्धान कृतिहरूमा विभिन्न जातजातिहरूका विवाह प्रक्रिया, सामाजिक सांस्कृतिक अवस्थाहरूको विवरणात्मक कृतिहरू त प्रशस्त मात्रामा पाइन्छन् तर विवाह पछि हुने सम्बन्ध विच्छेद र यसले समाजमा पारिरहेको प्रभावको बारेमा भने नेपाली समाजशास्त्रीहरू द्वारा ठोस रूपमा अध्ययन भएको पाईदैन । महिलाहरूमा बढ्दो चेतनाका कारण तथा पुरुष प्रधान समाजमा पुरुषको अधिपत्यका कारण दाम्पत्य सम्बन्ध सुमधुर हुन नसक्ने अवस्था आई परेमा सम्बन्ध विच्छेद हुने गरेका तथ्यहरू विभिन्न लेख एवं पत्रपत्रिकाहरूमा पाइन्छन् ।

हिन्दु धर्मशास्त्रमा स्त्री विनाको पुरुषलाई पूर्ण मानिएको छैन । स्मृतिले पनि पति+पत्नी+सन्तान = एक पुरुष वा व्यक्तित्व हो, त्यसैले पत्नीलाई विक्रि गरेपनि पति पत्निको सम्बन्ध टुटदैन भनेका छन् । त्यस्तै जो पति छ स्त्री पनि त्यहि हो । बेचेर वा त्याग गरेर पनि स्त्री र पतिको पूर्णत्वबाट मुक्त हुन सक्दैन । मृत्युपर्यान्त स्त्री पुरुष एकै सुत्रमा बाँधिएको हुन्छ । निजहरू कहिल्यै छुट्टिनु हुँदैन । (मनुस्यती, १९८६)

हाम्रो धर्मशास्त्रमा जुनकुलमा  स्त्रीलाई सम्मान हुन्छ  त्यही कुलमा देउता रमाउछन् यसको विपरित जुन कुलमा स्त्री अपहेलित हुन्छन् । यहाँ सबै कर्म निष्फल हुन्छन् । साथै जुन घरमा पति र पत्नी परस्पर एक अर्काको अनुगामी हुन्छन् त्यहाँ जीवनका प्रमुख सहायकहरू धर्म, अर्थ र काम तीनै कुरा एकचित हुन्छन् भनिएको छ । त्यसैले लोग्ने स्वास्नीको आजीवन पार्थक्य हुनु हुदैन भनी धर्मशास्त्रले लोग्ने स्वास्नीको सम्बन्ध विच्छेदको वयवस्था गरेको पाइदैन तर यदाकदा तल्ला जातिहरूमा भने उदाहरणको रूपमा प्रथा अनुसार सम्बन्ध विच्छेद हुने गरेको कुरा उल्लेख गरेको पाईन्छ । (नारायण प्रसाद लम्साल : २०४९) त्यसैगरी स्मृतिहरूले पनि खराब आचरण गर्ने पति विरुद्ध खराब कार्य गर्ने, पत्नी बाझी भए ९ वर्ष पर्खेर, छोरी मात्र जन्मे ११ वर्ष पर्खेर, यस्ता अवस्थामा पत्नी माथि सौता हाल्न वा सम्बन्ध विच्छेद गर्न सकिन्छ भनी मनुस्मृतिमा उल्लेख गरेको पाईन्छ ।

यसैगरी मदिरापान गर्ने, दिर्घ रोग लागेकी बाझी वा छोरी छोरी पाउने पतिको द्वेष गर्ने पत्नी माथि सौता हाल्नुपर्छ वा सम्बन्ध विच्छेद गर्न सकिन्छ ।

यसरी प्राचीन धर्मशास्त्रहरूमा सम्बन्ध विच्छेद सम्बन्धी विभिन्न लेख तथा कृतिहरूमा विभिन्न प्रावधानहरू रहेका भएपनि यि कृतिहरू कुनै अनुसन्धानमा आधारीत भने थिएनन् । साथै यी कृतिहरूले यस्ता समस्याहरूबाट पर्ने कुनै पनि असर वा प्रभाव माथि पनि ध्यान पुऱ्याएको देखिदैन ।

सम्बन्धविच्छेद सम्बन्धमा विपिन अधिकारीको (महिला तथा कानून २०५९) अन्तर्गत नेपालको तत्कालिन कानूनी व्यवस्था बारे अध्ययन गरिएको छ । बलराम आचार्यले (वि. सं. २०५२-२०५४) सम्ममा पोखरा उपमहानगरपालिकालाई क्षेत्र बनाई गरेको अध्ययनमा ८० वटा घटनाहरूका आधारमा सम्बन्ध विच्छेदका कारणहरू हेर्दा पारिवारिक समझदारीको अभाव तथा सामाजिक, आर्थिक र मनोवैज्ञानीक कारणहरूलाई प्रमुख रूपमा अगाडि सारेका छन् । उनको अध्ययनमा संयूक्त परिवार, मागी विवाह, कम उमेरमा गरेको विवाह, सरकारी जागीर भएको पुरुष र महिला तथा मध्यम वर्गको व्यक्तिहरूमा सम्बन्ध विच्छेदको दर बढि देखिएको पाईन्छ । (लेखक बलराम आर्चाय २०५६/०५/१५ नेपाल समाचारपत्र) उक्त शोधपत्रमा कुनै एउटा खास ठाउँको मात्र (पोखरा उपमहानगरपालिका) अध्ययन गरिएको छ र यसको सामान्यीकरण गरिएको देखिदैन । उनको यो शोधपत्रमा खास गरेर जनजाति जस्तै विदेशी लाहुरे गुरुङ्गहरूको अवस्थालाई बढी मात्रामा देखाउने प्रयास गरिएको छ । उक्त शोधले सम्पुर्ण जाति वा वर्गको वास्तविक सम्बन्ध विच्छेदलाई समेटन सकेको देखिदैन र आर्थिक कारणलाई बढि महत्त्व दिदै कृतिमा सम्बन्ध विच्छेदलाई समेटेको पाईन्छ ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तथा मानवशास्त्री डा.रामबहादुर क्षेत्रीका अनुसार "सम्बन्ध विच्छेदका धेरैजसो कारणहरू आजभोलि पैदा भएका होइनन् । हिजो पनि थिए । तर त्यति बेला महिलाहरू आर्थिक रूपले सक्षम नभएका र समाजले हेला गर्ने हुनाले जस्तो अवस्था पनि सहन वाध्य थिए । अहिले रहन सहन र जिविकोपार्जनका उपायहरूमा धेरै अन्तर आएको छ र उनीहरूको स्थिति तुलनात्मक रूपले दह्रो भएको छ । उनीहरू आफ्नो हित बुझ्न र त्यसबारे निर्णय लिन सक्षम हुदै गएका छन् । बढ्दो सम्बन्ध विच्छेदले त्यसतर्फ संकेत गर्दछ" । (हिमाल खबर पत्रिका 29May 2004)

नितु दुवै काठमाडौमा सम्बन्ध विच्छेदको दर वृद्धि शीर्षकमा लेख्दछिन् "काठमाडौमा सम्बन्ध विच्छेदका मुद्दाहरू बढ्दैछन् । धन्यवाद बढ्दै गरेको घरायसी हिसां र सामाजिक आर्थिक समस्याहरूलाई" । (Nepalnews.com, Neetu Dubey, Nov. 7, 2005)

त्रिभुवन विश्वविद्यालयका अर्का प्राध्यापक तथा मानवशास्त्री सुरेश ढकालले सम्बन्ध विच्छेद समाज परिवर्तनको शुचक हो भन्दछन् मान्छे स्वतन्त्र भएर हिड्न चाहन्छ । वैवाहिक जीवनमा त्यस्तो स्वतन्त्रता नमिलेपछि सम्बन्धविच्छेद गर्न तिर लाग्छ । सम्बन्ध विच्छेद सहि वा गलत छुट्याउन मिल्दैन । सम्बन्ध विच्छेद गर्नेहरू मागेर विवाह गर्ने भन्दा प्रेम विवाह गर्ने धेरै भए । प्रेमविवाह गर्दा उनीहरूले आफ्नो जीवनको निर्णय आफै गरेका हुन्छन् । प्रेम विवाह गर्ने जोडीलाई परिवारले दवाब दिन सक्दैन अनि सम्बन्ध विच्छेदको स्वतन्त्रता पनि दुई बीचमा नै सीमित हुन्छ । (कान्तिपुर दैनिक, पुष २०६६)

कञ्चनपुर जिल्ला अदालतका पूर्व न्यायधिश यज्ञप्रसाद वस्याल आफ्नो लेखमा भन्छन् । लोग्ने परदेश हुँदा स्वास्नीले सासुससुरा एवम् जायजेथा सम्हाली बुहार्तन गर्न नसकेको र यौनिकताले गर्दा आफ्नो सतित्त्व सम्हाल्न नसकी हाडनातामै वा परपुरुष सँगा बिग्रन पुगी सम्बन्ध विच्छेदको शरण लिन आउने प्रवृत्ति बढ्दै गएकोले यस्तो अवस्था सिर्जना गर्ने गराउनमा ती महिला मात्र दोषी हुन वा नागरीक समाजका सबै जिम्मेवार पक्ष तथा राज्य व्यवस्थाले पनि दोषमा भागीदार हुनुपर्ने हो ।

यि पूर्वावस्थाका कुरामा सबैले गम्भीर भएर सोच्नु पर्ने अवस्था छ । उनी अगाडि भन्छन् पाश्चात्य जीवन शैली अपनाएर भ्यालेन्टाइन डे मनाउने इन्टरनेटबाट सम्बन्ध बिच्छेद गर्ने , योन उत्तेजनाका सामग्री प्रयोग गर्ने, नारीलाई स्वादमा मात्र सिमित क्षणिक सन्तुष्टिमा रमाउने जस्ता हाम्रा संस्कृति प्रतिकुलका कार्यलाई त्याग गरी हाम्रो सामाजिक रीत र परम्परा, मूल्य र मान्यता

अनुकुलका आचरणहरू प्रत्येकले पालना गर्न गराउन सकेको खण्डमा सम्बन्ध विच्छेद गर्ने गराउनेको संख्यामा स्वत कमि आउनेछ । (पुर्णाङ्क २३, कानुन, २०५७)

कानूनका ज्ञाता युवराज संग्रौलाले सम्बन्ध विच्छेद पछि स्वास्नी मानिसको स्थिति भन्ने शीर्षकमा अगाडी लेख्छन् । 'लोग्ने स्वास्नी बीच निरन्तर वैमनश्यता, कटुता रहेमा घर व्यवहार चल्न गाऱ्हो पर्ने वास्तविकताले गर्दा लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने क्रियामा तिब्रता आएको देखिन्छ । लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भए पछि स्वास्नी मानिसको जीवन निर्वाहको प्रश्न ज्वलन्त रूपमा अगाडि आउँछ । आफ्नो सम्पत्ति र हातमा सीप नभएकी स्वास्नी मानिस आफैले जिविकोपार्जन गरेर जीवन निर्वाह गर्न हाम्रो सामाजिक परिवेशमा ज्यादै अप्ठ्यारो पर्दछ । हातमा शीप र आफ्नो सम्पत्ति नभएका महिलाहरू ग्रामिण क्षेत्रमा अधिक संख्यामा पाईन्छन् । त्यस्ती स्वास्नी मानिसको सम्बन्ध विच्छेद पछि नै जीवन निर्वाहको कुरा आइ हाल्ने स्पष्ट देखिन्छ । सम्बन्ध विच्छेद पछि स्वास्नी मानिस माईतितिर फर्केर हेर्न त सक्छे तर आफ्नो जीवन निर्वाहको दायित्व थुपार्न सक्तिन र सम्बन्ध विच्छेद पछि स्वास्नी मानिस जन्म घर र कर्मघर दुबै देखि टाढिन्छे । आफ्नो जिविकोपार्जन आफै गर्न नसक्ने अदाना आईमाईको लागि यो स्थिति निकै कष्टकर हुने निर्विवाद छ, साथै यस्तो अवस्थाले अनेक सामाजिक विकृति ल्याउन सक्छ । अतः सम्बन्ध विच्छेद भइसकेपछि स्वास्नी मानिसको जीवन निर्वाह एकदमै संवेदनशिल प्रश्न भएको छ । (Sangraula Yubaraj and Pathak Geeta, Gender and Law Nepalese Perspective, Pairabi Prakashan, 2002)

ल्याक (LACC) सँग आवद्ध एकजना अधिवक्ता वसन्ती श्रेष्ठको विचारमा सम्बन्ध विच्छेदको घटना बढ्नुको प्रमुख कारण घरेलु हिंसा हो । अधिकांश सम्बन्धविच्छेदका घटनाहरू प्रेम विवाहसँग सम्बन्धित हुन्छन् तर कहिलेकाँही विस वर्ष भन्दा बढी सुखद दाम्पत्य जीवन व्यतीत गरिसकेका व्यक्तिहरू पनि सम्बन्ध विच्छेदका लागि आउने गरेको पाईन्छ ।" उनी अगाडी भन्दछिन "सम्बन्ध विच्छेदका मुद्दा पुरुषको तुलनामा महिलाले बढी ल्याउने गरेका छन् । महिलाले सोझै अदालतमा जान पाउने तर पुरुषले स्थानीय निकाय मार्फत आउनु पर्ने भएकोले यसो भएको हो ।" (Nepal news. com Neetu Dubey Nov.07-2005)

समाजशास्त्री तथा अधिवक्ता चन्द्रकान्त ज्ञवाली भन्छन् "विवाहपुर्व श्रीमान श्रीमती जुन सामाजिक पृष्ठभुमिबाट आएका थिए भन्ने कुराले सम्बन्ध विच्छेदको मूल विषय प्रभावित हुने गर्दछ । उनीहरू कस्तो वातावरणमा हुर्के बढेका थिए भन्ने कुराले उनीहरूको मानसिकता निर्धारण गरको हुन्छ । दुई जनामा हुन सक्ने सोचाइको भिन्नताले सम्बन्धविच्छेद तर्फ उन्मुख गर्ने गरेको पाईन्छ ।" Nepal news. com Neetu Dubey Nov.07-2005)

यसै गरी हाल आएर २०२० सालको मुलुकी ऐन पछि सम्बन्ध विच्छेद सम्बन्धी विभिन्न कानुनी प्रावधानहरू निर्धारण भएका छन् । यसै क्रममा नेपालमा हुने गरेको सम्बन्ध विच्छेदका प्‌कारहरू जस्तै सांस्कृतिक अर्थ लगाएर, पोइल गएर, जारी तिरेर, भौतिक रूपमा पारपाचुके भएको घोषणा गरेर परम्परागत रूपमा सम्बन्ध विच्छेद हुने गर्दछ । तर वर्तमान परिवेशमा विभिन्न मान्यताका आधारमा मात्र सम्बन्ध विच्छेद गर्न सकिन्छ । (थपलिया, डा . शान्ता, १९९५)

यसरी सम्बन्ध विच्छेद विभिन्न कृतिहरूमा कानुनी प्रावधानहरूको त उल्लेख गरेको पाइन्छ तर वर्तमान गतिशिल समाजमा सम्बन्ध विच्छेदका घटनाहरू अत्यधिक मात्रामा बढिरहेका छन् । तर यसका कारणहरू के होलान ? यसबाट सिङ्गो समाजमा कस्तो असर परिरहेको छ , भन्ने कुरामा भने यी कृतिहरू मौन रहेका देखिन्छन् ।


नेपाली परम्परामा धर्मशास्त्रको प्रभावले गर्दा सम्बन्ध विच्छेदलाई स्विकारेको पाईदैन । ब्राम्हण, क्षेत्रीहरूमा सम्बन्ध विच्छेद हुदैनथ्यो । यिनीहरूमा धर्मशास्त्रको गहिरो प्रभाव परेको थियो तर आज भोलि ब्राम्हण क्षेत्रीहरूमा पनि सम्बन्ध विच्छेद गर्ने प्रक्रिया दिन प्रतिदिन बढ्दै गइरहेको देखिन्छ । यसै क्रममा रामचन्द्र बरालले २०५४ सालमा पोखरा उपमहानगरपालिकामा केन्द्रित रही ब्राहमण क्षेत्रीहरूमा बढ्दै गएको सम्बन्ध विच्छेदका कारण र प्रेम विवाह तथा मागी विवाह कुनमा दाम्पत्य विखण्डन बढी छ भन्ने विषयमा खोज गरेको पाईन्छ । यसरी ब्राम्हण क्षेत्रीमा मात्र केन्द्रित भई गरेको अध्ययनले सामुहिक रूपमा सम्बन्ध विच्छेदका घटनाहरू कुन रूपमा रहेका छन् ? यसका कारणहरू के-के हुन् ? कुन जात जातिमा सम्बन्ध विच्छेदको घटना बढी हुने गर्छ ? भन्ने जस्ता विषयमा निचोड दिन नसकेको देखिन्छ । सम्बन्ध विच्छेदका सन्दर्भमा अन्तराष्ट्रिय जगतमा हेर्ने हो भने जसरी सामाजिक व्यवस्थाको संरचना भिन्न भिन्न देश एवम् समाजमा फरक-फरक हुन्छ अनि त्यहाँका सामाजिक मूल्य मान्यता परम्परा, संस्कार फरक-फरक हुन्छन् त्यसरी नै विवाह एवम् सम्बन्ध विच्छेदको मान्यता, प्रक्रिया, धारणा र व्यवहार फरक - फरक  रहेको पाइन्छ । त्यसो हुँदा जुन कारणले अन्य देशमा सम्बन्ध विच्छेद भएको छ सोही कारण हाम्रो देश र समाजसँग मेल नखान सक्छ । त्यसकारण त्यसदेशका अध्यन अनुसन्धान एवम् निचोड पनि हाम्रो समाजको लागि उपयुक्त र प्रभावकारी नहुन सक्छन् ।

यस किसिमबाट विभिन्न अध्ययन, अनुसन्धान एवम् कृतिहरूको विभिन्न तरिकाबाट सम्बन्ध विच्छेदलाई केलाउने प्रयास त गरेका छन् तर सम्बन्ध विच्छेदका वास्तविक कारण र यसले समाजलाई पारेको असरका विषयमा गहन अध्ययन हुन र ठोस निष्कर्ष दिन सकिरहेको छैनन् । त्यसकारण तिनै कमिकमजोरीलाई सुधार गर्दै विभिन्न पत्र पत्रिकामा छापिएका लेख

शोधपत्र आदिलाई समिक्षा गर्दै र शोधकर्ता नै सम्बन्धित अध्ययन क्षेत्रमा स्वयं उपस्थित भई सम्बन्ध विच्छेदको अवस्था सृजना गर्ने वास्तविक कारणको खोजी एवम् यसको असरको प्रकृति र अवस्था पत्ता लगाउने उद्देश्यका साथ मैले मेरो शोधको विषय "सम्बन्ध विच्छेदका कारण र असर" शीर्षक छनौट गरेको हु ।

## २.२ अध्ययनको अवधारणागत ढाँचा

यस अध्ययनमा सम्बन्ध विच्छेदको लागि तत्कालिन घटना परिवेश, परिस्थिति सामाजिक तत्त्व एवम् अन्य कृतिहरको प्रभाव आदिले जन्माएका अवधारणाहरूले शोधपत्रलाई निश्चित दिशा प्रदान गर्नेछ भन्ने अभिप्रायले यस अध्ययनको अवधारण गत ढाँचालाई निम्न अनुसार तल प्रस्तुत गरिएको छ ।



# परिच्छेद - तीन

## ३. अध्ययनमा अपनाइएका अनुसन्धान पद्धति एवम् प्रक्रियाहरू

समाजशास्त्रीय अनुसन्धान नितान्त सामाजिक सम्बन्ध र मानविय व्यवहारको अध्ययन भएका कारण यसमा घट्ने घटनाहरूको अध्ययन र अनुसन्धान गर्दा विभिन्न विधि तथा प्रक्रियाहरू अपनाउनुपर्ने हुन्छ । घटनाको वास्तविक तथ्य पत्ता लगाउन, घटनाको कारण र त्यसबाट परेको असर पत्ता लगाई निष्कर्षमा पुग्न त्यस घटनासँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिको गराई र भोगाईका अनुभवहरूलाई अवलोकन गर्नुपर्ने हुन्छ । त्यसैले यि कुराहरूलाई आत्म साथ गर्दै शोधकर्ता स्वयंम सम्बन्धीत क्षेत्रमा गई आवश्यक तथ्य तथ्याङ्क एवम् सुचना सङ्कलन गरिएको छ । यस्तो शोधकार्यमा अवलम्बन गरिएका अनुसन्धान विधिहरूलाई निम्न रूपमा उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धान विधिलाई अपनाइएको छ । वर्णनात्मक ढाँचा अन्तर्गत सम्बन्धित क्षेत्रमा कार्यरत कानुन व्यवसायी तथा त्यस क्षेत्रमा काम गर्दै रहेका ग्रैह्र सरकारी संरथाका प्रतिनिधिहरूबाट आवश्यक जानकारी लिइएको छ भने अन्वेषणात्मक ढाँचा अन्तर्गत सम्बन्ध विच्छेदसँग सम्बन्धित व्यक्तिहरूसँग उनीहरूको सम्बन्ध विच्छेद हुनुका कारण तथा त्यसबाट उनीहरूको सामाजिक आर्थिक तथा अन्य पक्षमा पारेका प्रभावको बारेमा सूचनाहरु एकीकृत गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्रको औचित्य

सम्बन्ध विच्छेदलाई नस्विकार्ने संस्कार बसेको हाम्रो समाजमा यी सम्बन्ध विच्छेदका विभिन्न घटनाहरू आई पर्दा निकै उथल पुथल मच्चिन पुगेको देखिन्छ । यस्ता सम्बन्ध विच्छेदका घटनाहरू आज शहरी एवम् शिक्षित परिवेशमा मात्र सीमित नरही अशिक्षित एवं ग्रामीण क्षेत्रमा पनि दिनदिनै उत्तिकै मात्रामा बढ्दै गईरहेको देखिन्छ ।

देशको सुदुरपश्चिम क्षेत्रमा पर्ने कञ्चनपुर जिल्ला रैथाने थारु जाति एवम् विभिन्न जिल्लाबाट बसाई सरि आएका विभिन्न जात-जातिहरूको बसोबास भएको क्षेत्र हो । यस जिल्लाको थोरै भूभाग मात्र शहरी क्षेत्रको रूपमा रहेको छ भने धेरैजसो भू-भाग ग्रामिण क्षेत्रको रूपमा रहको छ । यस जिल्लामा पनि सम्बन्ध विच्छेदका घटनाहरू प्रशस्त मात्रामा हुने गरेका

छन् । यस क्षेत्रमा सम्बन्ध विच्छेद सम्बन्धी अध्ययन अनुसन्धान गर्ने कार्य त्यति नदेखिएको हुँदा र शोधकर्ता सोही जिल्लाको स्थानीय बासिन्दा भएकोले यस जिल्लाको सामाजिक पृष्ठभूमिमा सम्बन्ध विच्छेदका कारण र असरबारे शोध गर्न उचित ठानी कायरूप दिइएको छ ।

### ३.३ समग्रताको नमूना छनौट प्रक्रिया

अदालती अभिलेखका आधारमा कञ्चनपुर जिल्लामा दर्ता भएका (०६५/०६६) सम्बन्ध विच्छेदको मुद्दाहरूको केही नमूना छनौट गरी अध्ययन गरिएको छ । सम्बन्ध विच्छेदका कारण र असर बारेमा अध्ययन गर्दा सरोकारवाला पक्षहरूको मानसिक अनुभूति र अनुभवलाई प्रमुख महत्त्व दिदै तिनै घटनाहरूलाई नै नमुना भित्र समेटिएकोछ । सम्बन्धविच्छेदका १५ वटा घटनाका उद्देश्यमूलक नमूना लिई पूर्ण रूपमा नमूना सर्वेक्षण गरिएकोछ ।

### ३.४ तथ्याङ्कका प्रकार र स्रोतहरू

हरेक अनुसन्धानात्मक अध्ययनको लागि तथ्याङ्कको आवश्यकता पर्दछ । तसर्थ यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतहरूबाट तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएको छ । शुरुमा कञ्चनपुर जिल्ला अदालतको अभिलेखमा दर्ता भएका सम्बन्ध विच्छेदका मुद्दाहरू सम्बन्धी आंकडाहरु मुद्दाका पक्षहरुले गरेका कानुनी जिकिरहरु एवम् ती घटनासँग सम्बन्धित सन्दर्भ सामग्री र प्रकाशित तथा अप्रकाशित साहित्यहरूबाट द्धितीय स्रोतका सूचनाहरू सङ्कलन गरिएको छ भने प्राथमिक स्रोत अन्तर्गत अनुसन्धानकर्ता स्वयं सम्बन्धित क्षेत्रमा उपस्थित भई सम्बन्ध विच्छेदका सरोकारवाला पक्षहरूसँग नै अन्तरवार्ता, प्रश्नावली, अवलोकन छलफल गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलनका साधन र प्रक्रियाहरू

अध्ययन र अनुसन्धानको सिलसिलामा विभिन्न स्रोत मार्फत विभिन्न किसिमका समाज शास्त्रिय तथ्याङ्क सङ्कलनका साधन र प्रक्रियाहरू अपनाइएका छन् । जुन निम्न बमोजीम रहेका छन् ।

#### ३.५.१ अदालती अभिलेखहरू

यस अध्ययनमा कञ्चनपुर जिल्ला अदालतको अभिलेख श्रेष्ताबाट सम्बन्धविच्छेद सम्बन्धी अधिकारिक आँकडाहरू लिई तिनीहरूलाई सुचीत गर्दै अध्ययनका लागि नमूना छनौट गरिएको छ ।

### ३.५.२ अर्न्तवार्ता अनुसुची

सम्बन्धीत क्षेत्रको निर्धारित उत्तरदाताबाट उनीहरूको वैवाहिक जीवन र सम्बन्ध विच्छेदको बारेमा प्रर्याप्त विवरण सङ्कलन गर्न खुल्ला प्रकृतिको प्रश्नहरू मार्फत अर्न्तवार्ता लिई तथ्याङ्क सङ्कलन गरिएकोछ ।

### ३.५.३ प्रश्नावली विधि

सम्बन्धविच्छेद नितान्त नीजी जीवनका भोगाइ र अनुभवमा आधारित हुने हुनाले र गोप्यताका कुराहरू साथै यौन जीवनका बारेमा सम्बन्ध विच्छेदीत पुरुषहरूले व्यक्त गरेका यौन मामिलाका बिचलन सम्बन्धी तथ्यहरूको सत्यता जाँच गर्न महिला पारपाचुकीहरूसँग अर्न्तवार्ता गर्न गाह्रो हुने हुँदाँ प्रश्नावलीको प्रयोग गरिएको छ ।

### ३.५.४ अबलोकन विधि

सम्बन्ध विच्छेद गर्ने पक्षका पारिवारिक एवम् सामाजिक गतिविधिहरूलाई प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा अबलोकन गरेर पारपाचुकेको कारण र असर बारेमा उपलब्ध तथयहरूलाई प्रमाणित गर्न सहयोग पुऱ्याउने् तथ्याङ्कहरू सङ्कलन गरिएको छ । यस क्रममा सम्बन्ध विच्छेद गर्ने पक्षको जीवन शैली, कार्यक्षेत्रको कार्यशैली र उक्त घटना पछि पेशा एवम् कार्यक्षेत्रमा आएको फरकपना साथै घटना पुर्व र वर्तमान पारिवारिक वातावरण, आचरण, व्यवहारको बारेमा सत्य तथ्य कुरा पत्ता लगाउने प्रयास गरिएको छ । यस क्रममा समाजका अन्य व्यक्तिहरूले उनीहरू प्रति गर्ने व्यवहार, हेर्ने दृष्टिकोण पत्ता लगाउने उद्देश्यले सम्बद्ध स्थानमा असहभागी अवलोकन गरिएकोछ ।

### ३.५.६ वैयक्तिक अध्ययन

यस अध्ययनमा नमुना सर्वेक्षण विधिलाई नै प्रमुख विधिको रूपमा अवलम्बन गरिएकोले नमुनाको आकार भित्र प्रेको घटनाको व्यापक विश्लेषण गर्ने प्रयास गरिएको छ । यस पद्धतिमा खास गरेर गुणात्मक पक्षको तथ्यहरुको अध्ययन गरिन्छ । यस अन्तर्गत कुनै सामाजिक इकाइहरु जस्तो व्यक्ति, परिवार, समाज आदिको विस्तृत गहन र सुक्ष्म अध्ययन गरिएको छ ।

### ३.५.७ प्रमुख सुचक

यस अध्ययनमा सम्बन्धित उत्तरदाताको विवाहपूर्वको पारिवारिक एवम् नीजि अवस्था, जोडि चयनको प्रक्रिया, दाम्पत्य जीवनको व्यावहारिक अवस्था साथै सम्बन्ध विच्छेद हुने अवस्थाको सृजना तथा सम्बन्ध विच्छेद पछिको जीवनको अवस्था, क्रियाकलापका बारेमा सुक्षम र गहन अध्ययन गर्ने प्रयास गरिएको छ । उनीहरूको नीजि जीवन प्रतिको अनुभव र भोगाईका तथ्यहरूको आधारमा नै वैवाहिक सम्बन्धकोअध्ययन गरिएको छ । यी कुराहरूको वास्तविक तथ्य पत्ता लगाउन अनियोजित प्रश्नहरूको आधार लिइएको छ ।

### ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

विभिन्न स्रोतहरूबाट संकलित तथ्याङ्कहरूलाई जातीगत, उमेरगत, जोडी चयनका प्रक्रिया, विवाहका प्रकार आदि अवस्था मिलाई सम्बन्धविच्छेदको अवस्थालाई विभिन्न तालिकामा तालिकीकरण गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई सम्भव भए सम्म वर्णनात्मक रूपरेखा अनुसार विश्लेषण गर्ने प्रयास गरिएको छ । यसका साथै तथ्याङ्कलाई प्रतिशत र संख्यात्मक रूपमा पनि राखिएको छ ।

# परिच्छेद - चार

## ४. विवाह वरदान कि अभिशाप

### ४.१ विषयगत विवेचना

विवाहका बारेमा संसारमा दुई किसिमका धारणाहरू देखिन्छन् । विवाहलाई पुर्वीय आर्य साहित्यले "संस्कारमुलक अनुष्ठान" मान्दै आएको छ भने पाश्चात्य साहित्यले "करार पुर्ण सम्झौता" मानि आएको छ । पूर्वीय साहित्य अनुसार विवाह पारिवारिक सम्बन्ध विस्तार गर्नु भन्दा पनि व्यक्तिगत सम्बन्ध विस्तार गर्ने सम्झौता मानि व्यक्तिगत सम्बन्धलाई बढी महत्त्व दिएको देखिन्छ ।

विभिन्न संस्कार अनुसार समाजमा प्रचलित सबै किसिमका विवाहलाई सर्वस्विकार्य हुने गरी विवाहलाई परिभाषित गर्न त्यति सजिलो छैन । तैपनि सामान्यतया अर्थ लगाउँदा विपरीत लिङ्गी व्यक्तिहरूलाई यौन सम्पर्क गर्न र सन्तान उत्पादनका लागि सामाजिक रूपमा दिइएको सहमति विवाह हो ।

विवाह एउटा सुव्यवस्थित संस्था हो । यसले पुरुष र स्त्रीलाई पारिवारीक गठ बन्धनमाप्रवेश गराउँछ । यो संस्था सामाजिक मूल्य मान्यतामा अडिएको हुन्छ, त्यसकारण अनियन्त्रीत रूपमा हुने यौन सम्बन्ध माथि रोक लगाउँदै यौन चाहना र आवश्यकतालाई व्यवस्थित एवम् नियमीत ढंगबाट पूरा गर्न मानव जातिले अवलम्बन गरेको वैधानिक प्रचलन नै विवाह हो । Bogardus "विवाह स्त्री र पुरुषले पारिवारिक जीवनमा प्रवेश गर्ने संस्था हो ।" भन्दछन् । त्यसैगरी Hoebel भन्दछन् "विवाह सामाजिक मान्यता तथा माप दण्डको त्यो जटिलता हो जसले विवाहित व्यक्तिहरूको आपसी सम्बन्ध तिनीहरूको रक्त सम्बन्धी नाता, सन्तान तथा समाजको सम्बन्धलाई परिभाषित र नियन्त्रित गर्दछ ।" (Man in the primitive world" Page - 105) । त्यसै गरी Malinowski भन्दछन् 'सन्तान उत्पादन र संरक्षण गर्नका निम्ति गरिने करार नै विवाह हो' ।

### ४.२ विवाहको कार्य र महत्त्व

मानव समाजमा विवाहको महत्त्वपूर्ण स्थान रहि आएको छ । विवाह विना सभ्य समाज निर्माण एवम् वंश कायम राख्न गाह्रो पर्दछ । विवाहको प्रमुख कार्य भनेको स्वतन्त्र र अव्यवस्थित यौन सम्बन्धलाई नियन्त्रण गर्दै, स्त्री र पुरुषविच हुने यौन क्रियाकलापलाई वैधानिक रूप दिनु

हो । विवाहले मानव जीवनको प्रारम्भिक आधार सृजना गर्दछ । विवाहले परिवारलाई एउटा स्थायी स्वरूप प्रदान गर्नुका साथै मानव समाजको व्यवस्थित गठनको प्रमुख आधारको भूमिका निर्वाह गर्दछ । विवाहले परिवार परिवार बीचको नाता सम्बन्धलाई मजवुत बनाउँदछ । नियमित र नियन्त्रीत जीवन प्रणालीको आधारशिला नै विवाह हो, जसले पारिवारिक जीवनलाई सुदृढ र सुव्यवस्थित बनाउँछ । सन्तानोत्पतिलाई वैधता प्रदान गनुका साथै समाज निरन्तरतामा प्रमुख भूमिका राख्दछ ।

## ४.३ विवाहको प्रकार

हाम्रो समाजमा विभिन्न संस्कार र परम्परा अनुसार विभिन्न किसिमका विवाह हुने गरेका भएपनि सामान्यतया समाज प्रचलनमा रहेका विवाहलाई दुई किसिमका विभाजन गर्न सकिन्छ ।

४.३.१ एक विवाह

४.३.२ बहुविवाह

## ४.३.१ एक विवाह

एक विवाह भन्नाले एउटा स्त्रीको एउटा पुरुषसँग वा एक पुरुषको एउटा स्त्रीसँग गरिने विवाह हो । यस्तो विवाहमा एउटा स्त्रीको एउटा पुरुष वा एउटा पुरुषको एउटी स्त्री मात्र रहन्छन् । यहि विवाहलाई नै आजको युगमा सर्वाधिक प्रचलनमा रहेको र सर्वोकृष्ट विवाह मानिन्छ । यस्तो एकल विवाह प्राचिन कालमा पनि प्रचलनमा रहेको पाईन्छ । बहुविवाहले पारिवारिक झमेला, तनाव सृजना गर्ने हुनाले एकल विवाहलाई विवाह मध्ये कै उत्कृष्ट रूप मानिन्छ Westermark ले यो विवाहलाई विवाहको प्रारम्भिक तथा आदि रूप मानेका छन् । त्यसैगरी malinowski ले पनि एकल विवाहलाई विवाहको सच्चा तथा उत्कृष्ट रूप मान्दछन् । हाम्रो देशको कानुनले पनि बहुविवाह माथि प्रतिबन्ध लगाउँदै एकल विवाहको व्यवस्था गरेको छ । बहुविवाह गर्नका लागि कानुनद्वारा नै विभिन्न सीमाङ्कन गरिएको छ वा बहुविवाहका लागि विभिन्न आधारहरू कानुनी रूपमै सृजना गरिएको छ, जसभन्दा बाहिर गएर बहुविवाह गर्न पाईदैन ।

पारिवारिक कलह, द्वन्दको अन्त्य र सभ्य एवम् शान्त परिवारको निर्माणका लागि नै एकल विवाह प्रचलन ल्याइएको हुनुपर्छ । यस्तो एकल विवाह संसारका धेरै जसो राष्ट्रका कानुनले व्यवस्थित गरेको पाईन्छ ।

### ४.३.२ बहुविवाह

सामान्यतया बहुविवाह भन्नाले एकल विवाहभन्दा बाहेकको विवाह हो अर्थात एक पुरुषले एक भन्दा बढी महिलासँग र एक महिलाले एक भन्दा बढी पुरुषसँग गर्ने विवाहलाई बहुविवाह भनिन्छ । एकाधिक पूरुष वा स्त्री विवाह बन्धनमा बाधिन्छन् भने यस्तो विवाहलाई बहुविवाह भनिन्छ ।

बहुविवाहलाई सामान्यतया तीन भागमा बाड्न सकिन्छ ।

क) बहुपति विवाह

ख) बहुपत्नि विवाह

ग) समूह विवाह

### क) बहुपति विवाह

बुहुपति विवाह बहुविवाहको एउटा रूप हो । यस विवाह अन्तर्गत एउटी महिलाको दुई वा दुई भन्दा बढी श्रीमानहरू हुने गर्दछन् । अथवा एउटा महिलाले एक भन्दा बढी पुरुषसँग विवाह गर्ने प्रथालाई बहुपति विवाह भनिन्छ । यस्तो किसिमको विवाहको प्रचलन नेपालको हिमाली भेगका शेर्पा जाति, तिब्बतीयन समुदाय, अफ्रिकाको बाहाम क्षेत्र, त्यसैगरी भारतको केरला राज्यका नायरहरू कोटा डोटा आदि आदिवासिहरूमा पाईन्छ । पाँच पाण्डवको द्रोपतीसँगको विवाहलाई पनि बहुपति विवाह मानिन्छ ।

### ख) बहुपत्नि विवाह

बहुपत्नि विवाह बहुविवाहको अर्को स्वरूप हो । एक पुरुषले एक भन्दा बढि स्त्रीसँग विवाह गर्दछ भने यस्तो विवाहलाई बहुविवाह भनिन्छ । यस्तो किसिमको विवाह विभिन्न कारणले गर्दा हुने गर्दछ । सानै उमेरमा विवाह भएको छ भनेपछि अर्को विवाह हुने सम्भावना बढि हुन्छ । धर्म र संस्कृतिको कारण पनि बहुविवाह हुने गर्दछ । जस्तो हिन्दु धर्म संस्कृति अनुसार धार्मिक काजक्रियाको लागि छोरा हुनु जरुरी हुन्छ । त्यसकारण पहिलो श्रीमती बाट छोरा जन्मिएन भने दोस्रो विवाह गर्ने गर्दछन् । कानुनले बहुविवाहलाई प्रतिबन्ध लगाएको भए पनि समाजमा प्रचलनमा रहेको पाईन्छ । कठिन आर्थिक सङ्कटमा आर्थिक आवश्यकता पूरा गर्न पनि बहुविवाह गर्ने चलन छ । गरिवी वा अभावबाट पार पाउन धेरै श्रीमती विवाह गरेर धेरै श्रमिकहरू जम्मा गर्दै जीवनयापन गर्ने गर्दछन् ।

### ग) समूह विवाह

समूह विवाह भन्नाले पुरुषह्वरुको एउटा समूहले स्त्रीहरूको एउटा समूहसँग गर्ने विवाह हो । यस्तो विवाह विपरित लिङ्गीहरूको समूह समूह बिचमा हुने गर्दछ । एउटा समूहका हरेक पुरुष अर्को समूहको हरेक स्त्रीहरूको श्रीमान मानिन्छन् । अर्थात यस्तो विवाहमा साझा श्रीमान वा साझा श्रीमतीको अवधारणा रहन्छ । यस्तो चलन आज भोली पनि भारत, श्रीलंका तथा अष्ट्रेलियाका आदिवासिहरूमा पाईन्छ (कमलराज शर्मा, २०५०)

## ४.४ विवाहसँग सम्बन्धित नियम र प्रचलनहरू

विभिन्न समाजमा विवाहसँग सम्बन्धित थुप्रै नियम तथा प्रचलनहरू रहेका हुन्छन् । यस्ता नियमहरूले विवाहलाई मर्यादित बनाउन विवाह गर्दा केहि कुराहरू निषेधित पनि गरेको हुन्छ वा समाजमा विवाह गर्दा विवाहका सिमाहरू निर्धारण गरिएका हुन्छन् जसलाई मिचेर विवाह गर्न गराउन हुँदैन । यि कुराहरूले के देखाउँछ भने व्यक्तिलाई आफ्नो जीवनसाथी चयन गर्ने काममा समाजले पूर्ण रूपमा छुट दिएको हुदैन । विवाहका लागि निर्धारण गरेका सीमाहरू मूख्यतया दुई किसिमका हुन्छन् ।

४.४.१ अन्तरविवाह (Exdogamy)

४.४.२ बर्हिविवाह (Exogamy)

### ४.४.१ अन्तरविवाह

अन्तरविवाहको नियम भनेको जीवनसाथीको चयन आफ्नै जाति, समूह, धर्म मिल्ने समुदायबाट गर्नु पर्दछ । अर्थात श्रीमान श्रीमती बन्नको लागि आफ्नै जात जाति वा समूह भित्रबाटै गर्नु पर्ने हुन्छ । हिन्दु धर्मशास्त्र अनुसार आफ्नो जीवनसाथि रोज्दा आफ्नै जात भित्र गर्नु पर्ने हुन्छ । जस्तो ब्राम्हणले सोही ब्राम्हण जात बाटै विवाह गर्नुपर्ने हुन्छ । नत्र आफ्नो कुल वंश कमजोर हुने विश्वास गरिन्छ । यद्यपी अन्तरजातिय विवाहको कारणले गर्दा यो कमजोर हुँदै गईरहेको देखिन्छ । यस्तो किसिमको विवाहको प्रचलन परिवार वा समाजमा सांस्कृतिक शुद्धता कायम राख्नको लागि ल्याइएको मान्न सकिन्छ । आधुनिक युगमा पनि हाम्रो जस्तो समाजमा अन्तर विवाह अत्यन्त प्रचलनमा रहेको छ । यसको कारण भनेको प्रचलित धर्म, संस्कृति एवम् परम्परा नै मूख्य हुन ।

### ४.४.२ बर्हिविवाह (Exogamy)

बर्हिविवाहको नियममा आफ्नो समूह वा गोल भित्र विवाह गर्न पाईदैन । भनाईको अर्थ कसैले विवाह गर्दा आफ्नो समूह भन्दा वाहिरका मानिससँग नै विवाह गर्नुपर्छ । एउटै समूह भित्र विवाह गर्न बर्हिविवाहको नियमले प्रतिवन्ध लगाएको छ । हिन्दु सामाजिक मान्यता अनुसार यस किसिमको विवाह गर्दा आफ्नो नजिकको सात पुस्ता, एउटै गोल भन्दा बाहिर गएर गर्नुपर्दछ । यस विवाहका पनि विभिन्न स्वरूप रहेका छन् । जस्तोः गोत्र बर्हिविवाह, गाउँ वर्हिविवाह, टोटेम वर्हिविवाह

यसदेखि बाहेक पनि समाजमा थुप्रै किसिमका विवाह प्रचलनमा रहेका पाइन्छन् । जस्तो cross courin marriage अन्तर्गत दाजु बहिनी एवम् दिदि भाईको छोराछोरी बिचमा हुने विवाहलाई मान्न सकिन्छ । त्यसगरी गुरुङ्ग समूदायमा मामा चेला फुपु चेली तथा फुपु चेला मामा चेली बीच विवाह गरिनु पर्ने संस्कार छ । कुनै समुदायमा श्रीमतिको मृत्यु पश्चात श्रीमतीको बहिनी विवाह गर्ने प्रचलन रहिआएको पनि पाइन्छ । मुसलमान समुदायमा एउटै आमाको दुध चुसेको सन्तान बाहेक एउटै बाबुको छोराछोरी बीचमा पनि विवाह हुने प्रचलन रहिआएको छ । त्यसैगरी  थारु जातिमा दाज्युको मृत्यु पश्चात भाउज्युलाई विवाह गर्ने प्रचलन पनि रहेको पाईन्छ । (कमलराज शर्मा : २०५०) यसरी विवाह सन्दर्भमा संसारमा तथा हाम्रै समाजमा पनि समुदाय पिच्छे फरक-फरक प्रचलन रहिआएको पाईन्छ । यस्ता परम्परागत प्रचलनहरूमा चेतनाको कारण तथा देखासिकीले गर्दा आज भोली कमि आउँदै गएको देखिन्छ ।

## ४.५ सम्बन्धविच्छेद

### ४.५.१ परिचय एवम् ऐतिहासिक पृष्ठभूमि

अंग्रेजीको Divorce लेटिन भाषाको Divordium बाट लिइएको हो । यसको Dis को अर्थ Apart र Vordium को अर्थ To turn भन्ने हुन्छ । यसको अर्थविवाह द्वारा कायम गरिएको सम्बन्धको समाप्ति नै सम्बन्धविच्छेद हो । सम्बन्ध विच्छेद भन्नाले विवाहका पक्षहरु मध्ये कुनै एक पक्षबाट विभिन्न कारणले विवाहको मूल्य, मान्यता र प्रचलित विवाह सम्झौताको उल्लङ्घन भएमा न्यायलयद्वारा गरिने विवाह बन्धनको समाप्ती नै सम्बन्ध विच्छेद हो । (Hindu Marriage Act 1955)

सम्बन्धविच्छेद भन्नाले अदालतको फैसलाद्वारा लोग्ने स्वास्नी बीचको वैवाहिक सम्बन्धको पुर्ण रूपमा अन्त्य हो । अतः सामाजिक र कानुनी रूपमा लोग्ने स्वास्नी बीचको सम्बन्धको अन्त्य नै सम्बन्ध विच्छेद हो (टोप बहादुर सिंह २०३८, को कानुनी शब्दकोष)

सम्बन्ध विच्छेदलाई सानो वाक्यमा परिभाषित गर्नुपर्दा लोग्ने स्वास्नी बीचको दाम्पत्य जीवनको स्थायी समाप्ती हो । लोग्ने स्वास्नी बचिको असमझदारी, मनोमालिन्यले गर्दा सँगै मिलेर बस्न नसक्ने अवस्थामा पुगे पछि सम्बन्ध विच्छेदको अवस्था सृजना हुन्छ । सम्बन्धविच्छेद सधै नराम्रो पक्ष हो भनी मान्न सकिदैन । किनकी अत्यन्त तनावपुर्ण वातावरणमा सँगै बसिराख्नु भन्दा अलग-अलग बस्नु नै लोग्ने, स्वास्नी र छोराछोरीको हितकर हुन्छ ।

धर्मशास्त्रहरूले सम्बन्ध विच्छेदलाई कहिल्यै पनि अनुमति दिएको पाइदैन । शास्त्रीय मान्यता अनुसार सम्बन्ध विच्छेद नराम्रो कुरा मानिन्छ । हिन्दु समाजमा समाज विकासक्रमको लगभग दुई हजार वर्षसम्म पनि सम्बन्ध विच्छेदको अवधारणा आएको पाईदैन । जस्तै यज्ञवलक्य आफ्नो स्मृतिमा उल्लेख गर्छन- पति जति सुकै नीच भएपनि पत्नीले विवाह विच्छेद गर्न नपाइने, उसको प्रायश्चित सम्म प्रतिक्षा गरिरहनु पर्ने हुन्छ र प्रायश्चित पश्चात पुन सम्बन्ध कायम हुन्छ । त्यसैगरी कौटिल्यको विचारमा भोगको इच्छा नगर्ने पतिलाई नसहने पत्नी वा भोगको इच्छा नगर्ने पत्नीलाई नसहने पति दुवैले छोड्न नपाइने तर परस्पर नसहने भए दुवैले छाड्न हुन्छ ।

सम्बन्ध विचछेदको उत्पत्तिको सन्दर्भमा स्पष्ट समय किटान गर्न नसकिए पनि समाजमा विवाहको अवधारणा आए सँगै सम्बन्धविच्छेद पनि देखा पऱ्यो । विवाहलाई पवित्र एव. आत्मिय गठबन्धन ठानेर मानिसहरूले वैवाहिक जीवनको शुरुवात गर्न थाले । यसरी जीवन विताउने क्रममा परिवारमा एक-आपसको झैं झगडा, मनमुटावले तनावको स्थिति सृजना हुन पुग्यो र लोग्ने स्वास्नी अलग-अलग बस्नुपर्ने अवस्था आइपऱ्यो अनि त्यसैबेला देखि समाजमा सम्बन्धविच्छेदको अवधारणा देखापऱ्यो । कानुनको निर्माण भईनसकेको हुँदा त्यसबेलाको सम्बन्ध विच्छेद आपसी समझदारी एवम् व्यवहारीक रूपमा मात्र सीमित थियो । कानुन निर्माण भइसकेपछि मात्र उनीहरू कानुनी रूपमा अलग भएर बस्न थाले । सम्बन्ध विच्छेद सम्बन्धी कानुनको शुरुवात सर्वप्रथम सन् १८५७ मा बेलायतबाट भएको मानिन्छ । सम्बन्ध विच्छेद सम्बन्धी मुद्दाहरू पनि सबै भन्दा पहिले बेलायतके अदालतबाट हेर्ने शुरुवात भयो ।

### ४.५.२ सम्बन्धविच्छेदका प्रकारहरू

#### क) सामाजिक रूपमा गरिने सम्बन्ध विच्छेद

समाजका भद्र भलादमी तथा सामाजिक कार्यकर्ताहरू द्वारा दुवै पक्षहरूलाई राखेर उनीह्वरुको सहमतिमा गराइने सम्बन्ध विच्छेद नै सामाजिक सम्बन्ध विच्छेद हो यस्तो सम्बन्धविच्छेदमा दुवै पक्षले आफुहरू बीच विवाह भएको कुराको प्रमाण समाज समक्ष राख्दछन् र त्यस्तो विवाह बिखण्डन पनि समाजका तिनै भद्र भलादमी बाट अनुमति लिन्छन् । त्यसपछि उनीहरू अलग भएर बस्छन् । त्यसैबेला देखि उनीहरू बिच कायम रहेको पारिवारिक गठबन्धन टुट्दछ । जस्तै : तामाङ्ग जातिमा समुदायको अगुवाको अगुवाईमा दाम्पत्य जीवनको धागो चुडाल्ने वा सिन्को भाच्ने "सिन्को पांग्रो" प्रक्रियाबाट सम्बन्ध विच्छेदको घोषणा गर्ने प्रचलन थियो । स्त्री पुरुष दुवै जनाको इच्छा पत्र गराई साटासाट गर्ने चलन रहि आएको थियो । (थपलिया, १९९५:पृ १९-६८)

#### ख) परम्परागत सम्बन्धविच्छेद

परम्परागत देखि चलिआएका सामाजिक सांस्कृतिक मूल्य मान्यता संस्कारहरूमा रहेको सम्बन्ध विच्छेदको प्रावधान अनुसार गरिने पारपाचुके नै यस अन्तर्गत पर्दछ । सामाजिक संस्कार एवम् धार्मिक मान्यताका नियम अनुसार गरिने सम्बन्ध विच्छेद यस भित्रपर्दछ । जस्तै मुसलमान समुदायमा पुरुषले तीन पटकसम्म तलाक तलाक तलाक भनेपछि सम्बन्ध विच्छेद भएको मानिन्थ्यो । जुन प्रचलन अझै पनि ति समुदायका कुनै ठाउँमा चलन चल्तीमा रहेको पाईन्छ ।

#### ग) न्यायलय मार्फतको सम्बन्ध विच्छेद

देशमा रहेको कानुनी व्यवस्था अनुरूप अदालतमा गई गरिने समबन्ध विच्छेद यस अन्तर्गत पर्दछ । मुलुकी ऐन २०२० आएपछि सोहि ऐनमा गरिएको कानुनी व्यवस्था अनुरूप सबै जात जाति एवम् समुदायका मानिसहरूले कानुनी रूपमा सम्बन्ध विच्छेद गर्न पाउने भयो । यस ऐन आउनु भन्दा अगाडी विभिन्न जात जातिहरूले आ-आफ्नै सामाजिक मान्यता र संस्कार अनुसार सम्बन्ध विच्छेद गर्ने गर्दथे । मध्ययुगीन हिन्दु समाजमा सम्बन्धविच्छेद निषेध गरिएको थियो ।  तर हिन्दु शास्त्रले जनै लगाउने जातमा मात्रै सम्बन्ध विच्छेद विषेध गरेको थियो भने अन्य जातमा आफ्नो रीती परम्परा अनुरूप सम्बन्ध विच्छेद गर्न भने निषेध गरिएको थिएन । ( नेपालको पारिवारिक कानुन, शान्ता थपलिया, पृ.६२) । यसरी २०२० सालमा बनेको मुलुकी ऐन

पश्चात अदालती प्रक्रियाबाट सम्बन्ध विच्छेद हुन थाल्यो । सम्बन्ध विच्छेदका घटनाहरूमा पनि वृद्धि हुँदै गए ।

नयाँ मुलुकी ऐन २०२० लागु हुनु भन्दा पहिले हाम्रो समाजमा विभिन्न किसिमका परम्परागत नियमहरू चलन चल्तीमा थिए । १९१० सालमा श्री ५ सुरेन्द्रको पालामा बनेको मूलूकी ऐनले सम्बन्ध विच्छेद गर्नका लागि सिन्को काटि छुट्टिनु भन्ने प्रक्रियाबाट लोग्ने आफ्नो स्वास्नीसँग छुट्टिनको लागि अनुमति प्राप्त गर्थ्यो । यसमा सानो बाँसको लट्ठी श्रीमान्ले भाच्थ्यो ( सुरेन्द्रको पालाको मुलुकी १९१०) भारतमा सन् १९५५ मा हिन्दु विवाह ऐन आएपछि सम्बन्ध विच्छेद एवम् विवाह सम्बन्धी क्रियाकलाप व्यवस्थित भएपछि त्यसको प्रभाव हाम्रो देशमा पनि पर्न थाल्यो । नेपालका ग्रामीण क्षेत्रका भद्र भलादमीहरूले बाम्हण क्षेत्री जातिहरूमा पनि न्यायिक विच्छेदको चलन चलाउन थाले । लोग्ने बाट छुट्टिएर बसेकी स्वास्नीलाई लोग्नेले आफ्नो क्षमता अनुसारको खाने लाउने सुविधा दिनु पर्ने तर यौन सम्पर्कको अवसर दिन नहुने र लोग्नेले अर्को विवाह गर्न सक्ने प्रचलन थियो। समयको भेलसँगै नेपालमा २००७ सालमा राणा शासनको अन्त सँगै प्रजातान्त्रिक व्यवस्थाको उदय हुन पुग्यो । त्यसपछि नेपालले पनि आफुलाई विश्वको बदलिदो परिवेशसँग समायोजन गर्न उदार एवम् नयाँ खाले निति अनुशरण गर्न थाल्यो । सोही अनुरूप २०२० सालमा नयाँ मूलुकी ऐन जारी गर्‍यो । यस मुलुकी ऐनको लोग्ने स्वास्नी र विहावारीको महल अन्तर्गत सम्बन्ध विच्छेद सम्बन्धी कानुनी आधारको व्यवस्था गरिएको छ ।

### ४.५.३ कानुनी आधारमा गरिने सम्बन्ध विच्छेद

#### क) अन्तर्राष्ट्रिय स्तरमा गरिने सम्बन्ध विच्छेद

अन्तराष्ट्रिय स्तरमा हेर्दा सम्बन्धविच्छेदलाई विभिन्न देशहरूले आ-आफ्नो किसिमले कानुनमा व्यवस्था गरेको पाईन्छ । भनाईको अर्थ एउटा देशले गरेको सम्बन्ध विच्छेद सम्बन्धी कानुनी व्यवस्था अर्को देशको कानुनी प्रावधानसँग नमिल्न सक्छ । अझै पनि विश्वका कतिपय देशहरूमा सम्बन्ध विच्छेद माथि प्रतिबन्ध लगाइएको छ । यसरी सम्बन्ध विच्छेद गर्न नपाइने देशहरूमा चिली, ब्राजिल, एनडोर, कोलम्बिया, पाराग्वे, फिलिपिन्स, स्पेन आदि पर्दछन् । मुसलमान समुदायमा तलाकको माध्यमबाट सम्बन्ध विच्छेद गर्ने प्रचलन रहिआएको पाईन्छ । जहिले सुकै लोग्नेले स्वास्नीलाई तीन पटक सम्म तलाक तलाक तलाक भने पछि लोग्ने र स्वास्नी बीचको वैवाहिक सम्बन्धको अन्त्य हुन पुग्छ । यसरी इस्लाम धर्ममा सम्बन्ध विच्छेदको सर्वाधिकार पुरुषमा सीमित गरेको पाईन्छ । (Yubaraj S. & Geeta P., Gender and Law Nepalese Perspective, 2002)

### (ख) सम्बन्ध विच्छेद सम्बन्धी नेपाली कानूनी व्यवस्था

नेपालको सन्दर्भमा सम्बन्ध विच्छेद सम्बन्धी कानुनी व्यवस्था सर्वप्रथम वि.सं. १९१० मा बनेको मुलुकी ऐनले मात्र गऱ्यो । यस ऐनले सम्बन्ध विच्छेद गर्नाको लागि निश्चित समय सिमा 'पारपाचुके गर्न्या' भन्ने महलमा तोकेको थियो । जसमा नेवार जातिको लागि सम्बन्ध विच्छेद सम्बन्धी स्पष्ट व्यवस्था गरेको थियो । ऐनमा उल्लेख भए अनुसार लोग्ने विरामी परेको अवस्थामा र स्वास्नीलाई ग्रह दशाले च्यापेको अवस्थामा एवम् दुवैको मञ्जुरी नभएको अवस्थामा भने सम्बन्ध विच्छेद गर्न नसकिने व्यवस्था थियो । पछि आएर २०२० सालमा बनेको नयाँ मुलुकी ऐनले सबै जात जाति तथा धार्मिक समुदायहरूका लागि समान आधारमा सम्बन्धविच्छेद हुने वा गर्न पाइने कानुनको व्यवस्था गऱ्यो । मुलुकी ऐन २०२० को बाह्रौ संशोधन सम्म आईपुग्दा यसमा थुप्रै परिवर्तन भई हाल सम्बन्ध विच्छेदको स्पष्ट आधारहरू, त्यसले परिवार एवम् समाजमा पारेको असर तथा बालबालिकाको स्थिति बारेमा स्पष्ट रूपमा कानुनमा व्यवस्था गरेको छ ( महिला अधिकार, कार्यविधि दिग्दर्शन, लैङ्गिक समता मुल प्रवाहिकरण कार्यक्रम,सन् २००४)

यस ऐनको लोग्ने स्वास्नीको महल र विहावारीको महलमा सम्बन्ध विच्छेद सम्बन्धी प्रावधानको व्यवस्था गरिएको छ । मुलुकी ऐन लोग्ने स्वास्नीको महलको १ नं. देहाय (१), (२), (३) एवं २ नं. बमोजिम र विहावारीको महलको २ (९) नं एवं ४, ५, ७, र ८ न. को अवस्थामा विवाह वदर हुने र वदर गर्न सकिने अवस्था उल्लेख गरिएको छ । यसरी विवाह बदर भएमा लोगने स्वास्नी बीचको सम्बन्ध विच्छेद भएको मानिने स्पष्ट व्यवस्था देहाय बमोजीम गरेको पाईन्छ ।

**मूलुकी ऐन लोग्नेस्वास्नीको महलको १ नं. बमोजिमः**

१. लोग्ने मानिसले सम्बन्ध विच्छेद गर्न पाउने अवस्था : १ (१) न. अनुसार

- क) स्वास्नीले लोग्नेलाई निजको मञ्जुरी वेगर लगातार तीन वर्ष वा सो भन्दा बढी समय देखि छोडी अलग बस्ने गरेमा वा
- ख) लोग्नेको ज्यान जाने, अंग भंग हुने वा अरू कुनै ठुलो शारिरीक कष्ट हुने कुनै किसिमको काम वा जाल प्रपञ्च गरेमा वा
- ग) स्वास्नीलाई निको नहुने यौन सम्बन्धी कुनै रोग लागेमा वा
- घ) स्वास्नीले परपुरुषसँग करणी गराएको ठहरेमा ।

२.	स्वास्नी मानिसले सम्बन्ध विच्छेद गर्न पाउने अवस्थाः १ (२) नं अनुसार

क)	लोग्नेले अरू स्वास्नी ल्याएमा वा राखेमा वा

ख)	स्वास्नीलाई घरबाट निकालेमा वा

ग)	स्वास्नीलाई खान, लगाउन नदिएमा वा

घ)	स्वास्नीको खोज खबर नगरी हेरविचार नराखी लगातार तीन वर्ष वा सो भन्दा बढी समय देखि स्वास्नीलाई छोडी अलग बस्ने गरेमा वा

ङ)	स्वास्नीको ज्यान जाने, अंग भंग हुने वा अरूको कुनै ठुलो शारिरीक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा वा

च)	लोग्ने नपुंसक हुन गएमा वा

छ)	लोग्नेले परस्त्रीसँग करणी गरेको ठहरेमा

ज)	जबर्जस्ती करणीको महलको ३ नम्बरको दफा ६ बमोजिम लोग्नेले स्वास्नीलाई जबर्जस्ती करणी गरेको ठहरेमा ।

३.	लोग्ने स्वास्नीको महलको १ (३) न. अनुसार लोग्ने स्वास्नी दुवैको मञ्जुरी भएमा लौग्ने स्वास्नीको सम्बन्ध विच्छेद गर्न हुन्छ ।

४.	लोग्ने स्वास्नीको महलको २ न. अनुसार स्वास्नीले अर्कोसँग विवाह गरेमा त्यस्तो लोग्ने स्वास्नीको सम्बन्ध स्वतः विच्छेद हुन्छ ।

मुलुकी ऐन विहावारीको महलको २(९) न. अनुसार लोग्ने मानिस वा स्वास्नी मानिस मध्ये कसैको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेको रहेनछन् भने अठार वर्ष उमेर नपुगी विवाह भएकोले अठार वर्ष पुगेपछि मञ्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ ।

यसै गरी ४ न.. अनुसार बक्क लाटो, महारोगी, लुलो, कुजो, दुवै आँखाको अन्धो, लिङ्ग नभएको, नपुंसक, हात गोडा भाची बेकम्मा भएको, बौलाहा वा छारे रोग भएको लोग्ने

मानिसलाई सद्धे छ भनी ढांटी विवाह भएकोमा स्वास्नी मानिसले मञ्जुर नगरे सो विवाह बदर हुन्छ ।

यसै गरी ५ नं. अनुसार बक्क लाटी, महारोगी, लुली, कुजी, दुवै आँखाकी अन्धी, योनीहीन भएकी, हात गोडा भाँची बेकम्मा भएकी, बौलाएकी वा छारे रोग भएकी स्वास्नी मानिसलाई सेद्धेछ भनी ढाटी विवाह भएकोमा लोग्ने मानिसले मञ्जुर नगरे बदर हुन्छ ।

यसैगरी ७ न. अनुसार लोग्ने मानिस र स्वास्नी मानिस दुवैको मञ्जुरी विना विवाह गर्न, गरी दिन हुदैन । विना मञ्जुरी जबर्जस्ती विवाह गरे गरिदिए बदर हुन्छ ।

यसैगरी ८ न. अनुसार सधवा, विधवा वा सम्बन्ध विच्छेद भईसकेकी स्वास्नीमानिसलाई कन्या हो भनी वा विवाहित, विदुर वा सम्बन्ध विच्छेद भईसकेको लोग्ने मानिसलाई विवाह भएको थिएन भनी ढाटी विवाह भएकोमा त्यसरी भुक्यानमा परि विवाह गर्नेले मन्जुर नगरे विवाह बदर हुन्छ ।

**ग) सम्बन्ध विच्छेदको कानुनी प्रक्रिया**

सम्बन्ध विच्छेदका लागि चालिने प्रक्रियामा हाम्रो प्रचलति कानुनमा असमानता पाईन्छ । जसमा लैङ्गिक कारणले प्रभाव पारेको देखिन्छ । यसरी सम्बन्ध विच्छेद गर्न चाहने लोग्ने वा दुवै पक्षको मञ्जुरीले सम्बन्ध विच्छेद गर्न चाहेमा लोग्ने स्वास्नी दुवैले सम्बन्धीत गाउँ विकास समिति वा नगरपालिकामा निवेदन गर्नु पर्छ र गाउँ विकास समिति वा नगरपालिकाले पनि दुवैथरीलाई भरसक सम्झाई बुझाई मेलमिलाप गराई दिनु पर्छ । त्यसरी सम्झाउँदा बुझाउँदा पनि मेलमिलाप हुन नसकेमा विवाह कायम राख्नु भन्दा विच्छेद गराउनु श्रेय भएमा निवेदन परेको एक वर्ष भित्र आफ्नो राय समेत संलग्न गरी प्राप्त निवेदन सम्बन्ध विच्छेद गर्न अधिकार भएको सम्बन्धीत जिल्ला अदालतमा पठाउनु पर्छ । (मुलुकी ऐन लोग्ने स्वास्नीको महल १ (१) (क) न.)

यसरी स्वास्नी मानिसले सम्बन्ध विच्छेद चाहेमा सोझै अदालतमा जान सक्ने अवस्था छ भने लोग्ने मानिसले भने सोझै अदालतमा नगई स्थानीय निकाय मार्फत लामो प्रक्रियामा जानु पर्ने कानुनी वाध्यता छ । यसरी लोग्ने र स्वास्नी बीच सम्बन्ध विच्छेद हुने भएमा अदालतले निजहरू बीच अंशवण्डा गर्न लगाएर  मात्र सम्बन्ध विच्छेद हुने निर्णय गर्नुपर्छ । यसको अर्थ सम्बन्ध विच्छेद गर्नमा स्वास्नी मान्छेको सम्पतिलाई बढि महत्त्व दिएको पाईन्छ ।

यो शोधपत्र तयार गर्ने क्रममा सम्बन्ध विच्छेदको असमान कानुन बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा दायर भएको रिट निवेदन माथि अदालतले महिला र पुरुष दुवैमा विवाह र पारपाचुके गर्ने समान अधिकार भएकाले सम्बन्ध विच्छेदको फरक व्यवस्था हटाउन व्यवस्थापिका संसद र सरकारलाई निर्देशनात्मक आदेश दिएको छ । (नागरिक दैनिक, चैत्र २०,२०६६)

बन्दै गरेको देवानी संहिताको मस्यौदामा महिला र पुरुष दुवैले सोझै अदालत जान पाउने उल्लेख गरिएको छ । सम्बन्ध विच्छेदको असमान कानुन महिलाको पक्षमा विशेष व्यवस्थाको आधारमा प्रक्रियागत त्रुटि भएकाले समान बनाउनु पर्ने तर्क वकिलहरूले गर्दै आएका छन् । अधिवक्ता चन्द्कान्त ज्ञवाली नागरीक दैनिकसँगको कुराकानीमा भन्छन् पुरुषले समयमा पारपाचुके गर्न नपाउँदा वेवाहिक बलत्कार बढाएको छ । (नागरिक दैनिक चैत्र २०,२०६६)

यो मुद्दामा वहस गर्ने एक मात्र महिला अधिवक्ता सुष्मा वाष्कोटा बराललले भनिन कानुनी व्यवस्था समान भए सामाजिक संरचनाको हिसाबले सम्बन्ध विच्छेदको समान अधिकार महिलाकै हितमा हुन्छ । यस्तो असमान कानुनले महिला पनि पिडित थिए ।

**घ) सम्बन्ध विच्छेद पश्चात नाबालक सम्बन्धी कानुनी व्यवस्था**

लोग्ने स्वास्नी बीच सम्बन्ध विच्छेद भई सकेपछि सोह्र वर्ष नपुगेका नावालक आमाले आफैले पाल्न चाहेमा निजले र आमाले पाल्न नचाहेमा बाबुले पाल्नु पर्छ वा त्यो नभईकन दुवैको मञ्जुरी बमोजिम आमा वा बाबु जसले पनि पाल्न सक्छन् । आमा वा बाबु जसले पाले पनि नपाल्ने आमा वा बाबुले सामान्यतया बच्चा भेटघाट गर्न पनि पाउँछन् । बच्चा आमावा बाबु जसले पाले पनि आयस्ता, आम्दानी जसको राम्रो छ उसैले आफ्नो इज्जत आमोद अनुसार नावालकलाई खान, लगाउन, शिक्षा र औषधि उपचार समेतको मनासिव खर्च दिनुपर्छ भन्ने व्यवस्था लोग्ने स्वास्नीको महलको ३ न. मा गरिएको छ । यसै गरी सोही न. मा भनिएको छ ऐन बमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भएको मितिले दुई सय बहत्तर दिन भित्र जन्मेको सन्तान अन्यथा प्रमाणित नभएमा सो सम्बन्ध विच्छेद भएको लोग्ने कै सन्तान ठहर्छ ।

**ङ) सम्बन्ध विच्छेद गरिएकी महिलाको भरणपोषण सम्बन्धी कानुनी व्यवस्था**

सम्बन्धविच्छेद गरिएकी महिलाको भरण पोषण सम्बन्धी व्यवस्था लोग्ने स्वास्नीको महलको ४ न. मा गरिएको छ । जस अनुसार लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा

अदालतले निजहरू विच अशंवण्डा गर्न लगाएर मात्र सम्बन्ध विच्छेदको निर्णय गर्नुपर्दछ । सम्बन्धविच्छेद हुने लोग्ने मानिसले नै अंश लिई नसकेको अवस्थामा अदालतले तायदाती माग गरी सम्बन्ध विच्छेद गर्ने स्वास्नी मानिसले पाउने सम्मको अन्जाम गरि अंशवण्डा नभए सम्मको लागि व्यस्ति स्वास्नी मानिसको जिविकाको निमिति मासिक रूपले खर्च भराई दिनु पर्छ । अंशवण्डा भईसकेपछि सम्बन्ध विच्छेद भएकी स्वास्नी मानिसको अंशमा परेको सम्पतिमा निजको हक हुनेछ । त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पति अघिल्लो लोग्नेले पाउनेछ यसैगरी ४ (ख) अनुसार सम्बन्ध विच्छेद हुने स्वास्नी मानिसले अंश नलिई सो वापत लोग्नेसँग वार्षिक वा मासिक खर्च भराईलिन चाहेमा अदालतले त्यस्ती स्वास्नी मानिसलाई लोग्नेको सम्पति र आयस्ताको आधारमा वार्षिक वा मासिक खर्च भराई दिनुपर्छ । लोग्नेले त्यस्तो खर्च त्यस्तो स्वास्नी मानिसले अर्को विवाह नगरेसम्म मात्र भर्नुपर्छ ।

# परिच्छेद - पाँच

## ५. सम्बन्ध विच्छेदको स्थिति

### ५.१ परिचय

सम्बन्ध विच्छेद लोग्नेस्वास्नी बीचको निजि विषय वस्तु भए पनि यसको असर उनीहरूको सन्तान, परिवार एवम् समाजमा प्रत्यक्ष रूपमा परिरहेको हुन्छ । यसै विषयसँग सम्बन्धित अध्ययनका क्रममा स्कलित तथ्य तथ्याङ्कहरूबाट प्राप्त सुचनाहरू र वैयक्तिक अध्ययनबाट प्राप्त सुचनाहरूलाई विश्लेषण गरिएको छ । सम्बन्ध विच्छेदलाई प्रत्यक्ष प्रभाव पार्ने विवाहको प्रकार, जोडी छनोटको प्रक्रिया आदि विभिन्न पक्षहरूमा शीर्षक उप-शिर्षकहरू मार्फत प्रष्ट्याउने प्रयास गरिएको छ ।

### ५.२ जातिय आधारमा सम्बन्ध विच्छेदको स्थिति

हाम्रो देश एक बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक मुलुक हो । वि.स.. २०५८ को जनगणनाको प्रतिवेदनमा नेपालमा १०३ जात जाति/ आदिवासी रहेको तथ्य खुलेको छ । तलको आकडाँ र विश्लेषण अध्ययन क्षेत्र कञ्चनपुर जिल्ला अदालतमा दर्ता भएका मुद्दाहरूलाई आधार मानि गरिएको छ ।

**तालिका नं. १: कञ्चनपुर जिल्ला अदालतमा आथिृक वर्ष २०६५/०६६ दर्ता भएका सम्बन्ध विच्छेद सम्बन्धी मुद्दाहरूको जातिगत विवरण**

| क.सं. | जाति | दर्ता मुद्दा संख्या र प्रतिशत | | श्रीमान्द्वारा दायर गरीएका | | श्रीमतीद्वारा दायर गरिएका | | फैसला भइसकेका मुद्दाहरु | | उद्देश्यमुलक नमूना भिन्न परेका मुद्दाहरु | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | ब्राहमण | ६ | १५.३८% | १ | २.५६% | ५ | १२.८२% | ५ | १२.८२% | ३ | ७.६९% |
| २. | क्षेत्री | १७ | ४३.५९% | २ | ५.१३% | १५ | ३८.४६% | ९ | २३.०८% | ६ | १५.३८% |
| ३. | दलित | ७ | १७.९५% | - | - | ७ | १७.९५% | ३ | ७.६९% | २ | ५.१३% |
| ४. | जनजाति | ९ | २३.०८% | २ | ५.१३% | ७ | १७.९५% | ८ | २०.५१% | ४ | १०.२६% |
| | जम्मा | ३९ | १००% | ५ | १२.८२% | ३४ | ८७.१८% | २५ | ६४.१०% | १५ | ३८.४६% |

स्रोतः कञ्चनपुर जिल्ला अदालत अभिलेख आ.व. २०६५/०६६

माथि उल्लेखित तथ्याङ्क कञ्चनपुर जिल्ला अदालतमा आर्थिक वर्ष २०६५/०६६ मा दर्ता भएका मुद्दाहरू मा आधारित छ । आ.वर्ष २०६५/०६६ मा सम्बन्ध विच्छेदका कुल ३९ मुद्दा दर्ता भएकोमा जम्मा २५ मुद्दा फैसला भई सकेको देखिन्छ । यो तथ्याङ्क अनुसार सम्बन्धविच्छेदको मुद्दा दर्ता गराउनेमा जातिय आधारमा क्षेत्री सबै भन्दा (४३.५९%) अगाडि देखिन्छन् भने ब्राहमण जाति सबै भन्दा (१५.३८%) पछाडि परेको देखिन्छन् यसैगरी दोस्रो स्थानमा रहेका जनजातिबाट ९ वटा अर्थात् २३.०८ प्रतिशत मुद्दा दर्ता गराइएको छ । तथ्याङ्क अनुसार ७ मुद्दा (१७.९५%) दलित जातिबाट दर्ता भएको देखिन्छ । प्राप्त तथ्याङ्क अनुसार मुद्धा दर्ताको संख्यालाई हेर्दा अधिकांश मुद्दाहरू (८७.१८%) स्वास्नीहरुबाट नै दर्ता गराईएको पाईन्छ । जस्बाट महिलाहरूले परिवार र समाजमा भोगिरहेका शारिरीक मानसिक यातना र पिडाको अनुमान लगाउन सकिन्छ । यिनै कारणहरूले गर्दा उनीहरूलाई सम्बन्ध विच्छेद गर्न बाध्य तुल्याएको पाईन्छ ।

उद्देश्यमूलक नमूनाभित्र परेका कूल १५ वटा अर्थात् ३८.४६ प्रतिशत मुद्दाहरुमध्ये बाह्मणबाट ३ वटा क्षेत्रीबाट ७ वटा, दलितबाट २ वटा र जनजातिबाट ४ वटा मुद्दाहर दर्ता गराइएका छन् ।

## ५.३ जोडी छनौटको प्रक्रिया

**तालिका नं. २ः जोडी छनोटको प्रक्रिया**

| क्र.सं. | जोडी छनौटका प्रक्रिया | प्रभावित जोडी | प्रतिशत |
|---|---|---|---|
| १. | अभिभावकको सक्रियतामा | ११ | ७३.३३% |
| २. | आफ्नै सक्रियतामा | ४ | २६.६७% |
| ३. | अरू कसैको सक्रियतामा | - | - |
| | जम्मा | १५ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

कञ्चनपुर जिल्ला अदालतमा दर्ता भएका सम्बन्ध विच्छेदका घटनाहरूमध्येमा अभिभावकको सक्रियतामा भएका विवाहको सम्बन्ध विच्छेद सबैभन्दा धेरै (७३.३३%) देखिन्छ । यो बाट प्रभावित जोडी भन्छन् अभिभावक द्वारा धार्मिक परम्पराअनुसार विवाह गरिदिएको भएपनि आफ्ना अभिभावकहरू पनि नातेदार चिनजानका मानिसहरूको विश्वासमा परि विवाह अगाडि वास्तविक कुरो बुझ्न सकेनन् । भने कसैले स्वयं अभिभावकले सम्पुर्ण कुरा बुझी जानी विवाह गरिदिएको भएपनि पछिबाट प्रतिवादीको व्यवहारमा परिवर्तन आई परिवार भित्र असमभदारी बढ्न

गई सम्बन्ध विच्छेद हुन पुगेको विचार व्यक्त गर्छन । त्यसैगरी माथिको तालिका अनुसार निजी सक्रियतामा २६.६७% विवाह भएको देखिन्छ ।

यसरी दुवै किसिमबाट भएको विवाहमा सम्बन्ध विच्छेदको घटना विद्यमान रहेका पाईन्छ । हरेक किसिमका विवाहमा गुण र दोष दुवै रहेका हुन्छन् ।

## ५.४ सम्बन्धविच्छेदको जातिगत वैवाहिक स्थिति

यहाँ जातिगत वैवाहिक स्थिति भन्नाले आफ्नो जात, धार्मिक मान्यता भित्र गरिएको विवाह र त्यो भन्दा वाहिर गएर गरिएको विवाहको स्थिति देखाउन खोजिएको हो ।

**तालिका नं. ३ : सम्बन्ध विच्छेदकहरूको जातिगत वैवाहिक स्थिति**

| क्र.स. | सम्बन्ध विच्छेदको जातिगत स्थिति | प्रभावित जोडि संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सजातिय विवाह | १२ | ८०% |
| २. | अन्तर जातिय विवाह | ३ | २०% |
| ३. | जम्मा | १५ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

उक्त तालिका अनुसार सजातिय विवाह गर्ने ८०% जोडीको सम्बन्ध विच्छेद भएको देखिन्छ । यसो हुनुमा विवाह पूर्वको सहि जानकारी पाउन नसकिएको साथै विवाह पश्चात आन्तरिक विभिन्न कारणहरू रहेको कुरा प्रभावित जोडी बताउँछन् । त्यसैगरी अन्तर जातमा हुने विवाहमा भने धार्मिक संस्कार रिति रिवाज नमिल्ने जसले गर्दा घर व्यवहार चल्न गाह्रो हुने भएकाले सम्बन्ध विच्छेदको घटना आइपर्ने कुरा बताउँछन् । यस तालिका अनुसार अन्तर जात भित्र गरिएको विवाहमा ३ जोडी अर्थात २०% विवाह विच्छेद भएको देखाइएको छ । यसरी अन्तरजातिय विवाहमा भन्दा सजातिय विवाहमा सम्बन्ध विच्छेदको दर तिब्र रहेको कुरा प्राप्त तथ्याङ्कबाट पुष्टि हुन्छ ।

## ५.५ सम्बन्ध विच्छेदकर्ताहरूको पेशागत स्थिति

समाज भित्र जीविकोपार्जनका लागि विभिन्न पेशा अवलम्बन गर्ने मानिस रहन्छन् । उनीहरूले गर्ने गरेको पेशाको कारणले आफ्नो परिवारको विभिन्न पक्षमा प्रभाव पारेको हुन्छ ।

त्यसकारण यस शोधपत्रको नमुना छनौट भित्र परेको जाडिहरूको पेशागत विवरणलाई यहाँ तालिका नं. ४ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४: सम्बन्धविच्छेदकर्ताहरूको पेशागत स्थिति**

| क.सं. | विवरण | जोडी संख्या |
|---|---|---|
| १. | निजमती सेवामा | २ |
| २. | शिक्षण पेशामा | ३ |
| ३. | व्यापार व्यवसायमा | ४ |
| ४. | प्राइभेट क्षेत्र तर्फ | ४ |
| ५. | बाबुआमाको आश्रयमा | २ |
| | जम्मा | १५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

प्रस्तुत तालिका अनुसार सम्बन्ध विच्छेदकहरू मध्ये शिक्षण पेशामा ३ जना निजामति सेवा तर्फ २ जना, त्यसैगरी व्यापार व्यवसाय तिर ४ जना, प्राइभेट क्षेत्रका विभिन्न निकायका कामतिर ४ र कुनै पनि पेशा वा काम नपाई वा नगरी बाबुआमाको आश्रयमा बसिरहेका २ जना छन् । यस तथ्याङ्क अनुसार सम्बन्ध विच्छेद भएका जोडी मध्ये सबै भन्दा धेरै जोडिको संलग्नता प्राइभेट क्षेत्र र व्यापारमा समान देखियो ।

## ५.६ सम्बन्ध विच्छेदकर्ताहरूको शैक्षिक स्थिति

शिक्षाले मानव जीवनका हरेक पक्षमा प्रभाव पार्ने कुरामा दुई मत नहोला । शिक्षित व्यक्ति र अशिक्षित व्यक्तिको काम व्यवहार गर्ने शैली पद्धती मा नै भिन्नता पाईन्छ । शिक्षा जस्तो गहन विषयले सम्बन्धविच्छेदमा कतिको प्रभाव पारेको छ । भन्ने कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५: सम्बन्धविच्छेदकहरूको शैक्षिक स्थिति वा विवरण**

| क.स. | विवरण | जम्मासंख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | निरक्षर | ६ | २ | ४ | २०% |
| २ | दश कक्षा सम्म | १५ | ७ | ८ | ५०% |
| ३ | स्नातक सम्म | ७ | ४ | ३ | २३.३३% |
| ४ | स्नातक भन्दा माथि | २ | २ | - | ६.६७% |
| | जम्मा | ३० | १५ | १५ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिकामा देखाइए अनुसार पुरुषको तुलनामा महिला निरक्षर संख्या धेरै रहेको छ । पुरुष निरक्षर संख्या जम्मा २ छन् भने महिला निरक्षर संख्या ४ रहेको छ । दश कक्षा

सम्मको शिक्षा प्राप्त गर्नेमा महिला र पुरुष संख्या क्रमश : ८ र ७ रहेको छ । जुन अन्य तहको तुलनामा सबै भन्दा बढि ५०% रहेको छ । अधुरो ज्ञान खतरा हुन्छ भन्ने भनाई यस तहमा चरितार्थ भएको देखिन्छ । कक्षा दश सम्मको शिक्षालाई अधुरो शिक्षा वा ज्ञान मान्न सकिन्छ । त्यसैगरी स्नातक तह सम्मको ज्ञान हासिल गर्ने ४ जना पुरुष र ३ जना महिलाको वैवाहिक सम्बन्ध पनि टुटेको देखिन्छ । यसैगरी स्नातक तह भन्दा माथिल्लो तहको शिक्षा प्राप्त गर्ने २ पुरुष छन भने महिला कति पनि छैनन । यो तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने जति माथिल्लो स्तरको शिक्षा हासिल हुन्छ  त्यही अनुपातमा सम्बन्ध विच्छेदका घटना पनि घट्दै जान्छन् । यसरी सम्बन्ध विच्छेदका सन्दर्भमा पनि शिक्षाले महत्त्वपुर्ण भुमिका खेलेको देखिन्छ ।

## ५.७ सन्तानको आधारमा सम्बन्ध विच्छेदकर्ताहरूको विवरण

हाम्रो समाजमा दाम्पत्य जीवनलाई सुखमय बनाउन सन्तानको चाहना गरिन्छ । धार्मिक मान्यता अनुसार स्वर्गको बाटो खुल्ला गर्नको लागि सन्तानको आवश्यकता पर्दछ । यस्तो दाम्पत्य जीवनमा आउने उतार चढाव वा विचलनले पनि उक्त  परिवारको सन्तानमा प्रत्यक्ष प्रभाव पर्दछ ।

**तालिका नं. ६: सन्तानको आधारमा सम्बन्धविच्छेदकर्ताहरूको विवरण**

| क्र.स. | प्रभावित जोडी | सन्तानको विवरण | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | छोरा | छोरी | छोरी | - |
| १ | २ | - | - | - | १३.३३% |
| २ | १ | - | ३ | ३ | ६.६७% |
| ३ | ३ | - | २ | ६ | २०% |
| ४ | ३ | १ | १ | ६ | २०% |
| ५ | २ | १ | २ | ६ | १३.३३% |
| ६ | ३ | १ | ३ | १२ | २०% |
| ७ | १ | १ | ४ | ५ | ६.६७% |
| जम्मा | १५ | ९ | २९ | ३८ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तथ्याङ्क अनुसार १३.३३% सम्बन्ध विच्छेदका घटनाहरूमा कुनै पनि सन्तान छैनन । ३ छोरी हुने १ जोडी तथा १ छोरा र ४ छोरी हुने १ जोडीमा सम्बन्ध विच्छेदको घटना अन्यको तुलनामा सबैभन्दा कम घटेको तथ्यले देखाएको छ । त्यसै गरी २ छोरीमात्र हुने २०% १

छोरा र १ छोरी हुने २०%, २ छोरी र १ छोरा हुने १३.३३% र ३ छोरी १ छोरा हुने २०% जोडीहरूमा सम्बन्ध विच्छेदको घटना घटेको कुरा तथ्याङ्कले देखाएको छ । छोरी मात्र हुँदा छोरा पाउने आशामा दोस्रो विवाह भएपछि घरमा तनाव झै झगडा भई सम्बन्ध विच्छेदको अवस्था सृजना हुन पुगेको कुरा अध्ययनको क्रममा देखिन्छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने छोरा नभए स्वर्गको बाटो बन्द हुन्छ भन्ने धार्मिक अन्धविश्वास पनि सम्बन्ध विच्छेदको एउटा प्रमुख कारण देखिन्छ ।

### ५.८ सम्बन्ध विच्छेदकर्ताहरुको विवाह हुँदाको उमेर

विवाहित जोडीहरूको विवाह हुँदाको उमेरले पनि सम्बन्ध विच्छेदलाई प्रत्यक्ष प्रभाव पारि राखेको हुन्छ । वैवाहिक जीवनलाई सफल एवम् सुखमय पार्न विवाह गर्दाको उमेरमा पनि परिपक्कता आउनु जरुरी छ । सम्बन्ध विच्छेदकर्ताहरूको विवाह गर्दाको उमेर देहाय बमोजिम रहेको छ ।

**तालिका नं. ७: सम्बन्ध विच्छेदकर्ताहरूको विवाह गर्दाको उमेर**

| क.सं. | उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ० - १५ वर्ष | १ | ६.६७% | २ | १३.३३% |
| २ | १६ - २० वर्ष | ६ | ४०% | ७ | ४६.६७% |
| ३ | २१ - २५ वर्ष | ४ | २६.६६% | ५ | ३३.३३% |
| ४ | २६ - ३० वर्ष | ३ | २०% | १ | ६.६७% |
| ५ | ३१ भन्दा माथि | १ | ६.६६% | - | - |
| ६. | जम्मा | १५ | १००% | १५ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०६६

यस तालिका अनुसार उमेर अनुसारको विवरण हेर्दा ० वर्ष देखि १५ वर्ष सम्मको ६.६७% पुरुष र १३.३३% महिलाले विवाह गरेको देखिन्छ । महिला भित्र सबै भन्दा वढी (४६.६७%) १६-२० वर्ष उमेर भित्र विवाह गरेको देखिन्छ भने पुरुष तर्फ पनि सोहि उमेर समुहमा सबै भन्दा बढी विवाह भएको देखिन्छ ।

त्यसैगरी २६ - ३० वर्ष भित्र विवाह हुने महिला जम्मा ६.६७% मात्र छन् भने पुरुष २०% रहेको छ । वर्ष भित्र विवाह गर्ने महिला, पुरुष क्रमश : ३३.३३% र २६.६६% रहेको छ । अन्तमा ३१ वर्ष भन्दा माथि उमेरमा विवाह गर्ने महिला कोहि पनि छैनन भने पुरुष ६.६७% मात्र छ । यस

अध्ययनबाट प्राप्त तथ्याङ्क अनुसार १६ - २० वर्ष उमेरमा विवाह भएका जोडीहरूको सम्बन्ध विच्छेद सबै भन्दा बढी भएको देखियो । उमेरको परिपक्वता भन्दा पहिलै नै विवाह गर्नाले सम्बन्ध विच्छेदको सम्भावना बढी रहने कुरा यस अध्ययन बाट प्रष्ट हुन्छ ।

## ५.९ सम्बन्ध विच्छेदकर्ताको सम्बन्ध विच्छेद गर्दाको उमेर

सम्बन्ध विच्छेद हुनमा उमेरले कस्तो प्रभाव पार्‍यो वा कुन उमेर समुहका मानिसहरू विच सम्बन्ध विच्छेदको दर बढी हुँदो रहेछ भन्ने कुरा तलको तथ्याङ्कले देखाएको छ ।

**तालिका नं. ८: सम्बन्ध विच्छेद हुँदाको उमेर**

| क.सं. | उमेर समूह | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २५ वर्ष भन्दा कम उमेरमा | ४ | २६.६७% | २ | १३.३३% |
| २ | २६ - ३० उमेरमा | ९ | ६०% | ८ | ५३.३३% |
| ३ | ३१ भन्दा माथि | २ | १३.३३% | ५ | ३३.३४% |
| | जम्मा | १५ | १००% | १५ | १००% |

स्रोत स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिकामा २५ वर्ष मुनिका महिलाहरूको सम्बन्ध विच्छेद २६.६७% भएको देखिन्छ भने पुरुषहरूको १३.३३% भएको छ । यसैगरी २६-३० उमेरका महिलाहरूमा ६०% र सोही समूहका पुरुषहरूमा ५३.३३% सम्बन्ध विच्छेदको घटना भएको देखिन्छ । जुन सबै भन्दा बढी सम्बन्ध विच्छेद हुने गरेको समूह हो । यसैगरी ३१ वर्ष माथिको उमेर समूहको सम्बन्धविच्छेद दर पुरुषमा बढी (३३.३४%) र महिलामा कम (१३.३३%) रहेको देखिएको छ । यस किसिमबाट सानै उमेर वा विवाहको लागि उमेर नपुग्दै विवाह गर्नाले वयस्क अवस्थामा नै आएर सम्बन्धविच्छेद गर्ने दर तिब्र रहेको कुरा माथिको तथ्याङ्कले देखाएको छ ।

## ५.१० जीवन साथी छनौट गर्ने क्रममा स्वस्थ पहिचानको अवस्था

विवाह जस्तो अत्यन्त महत्त्वपूर्ण संस्थालाई दिगो रूपमा टिकाई राख्नको लागि वा त्यसलाई जीवन्तता दिनको लागि वैवाहिक जीवनमा प्रवेश गर्नुपुर्व एक आपसमा स्वस्थ पहिचान हुनु जरुरी हुन्छ । अस्वस्थ र छल कपट पूर्ण निर्णयको वास्तविकता विवाह पछि खुल्न गई एक आपसमा अविश्वास र शंकाको स्थिति सृजना हुन जान्छ । त्यसकारण विवाह गर्नुपुर्व एकले अर्कालाई प्रशस्त जान्ने बुझ्ने अवसर दिनुका साथै खुलस्त रूपमा छलफल कुराकानीको लागि

वातावरण तयार गरी केटा र केटी दुवैको पुर्ण मञ्जुरी भएपछि मात्र विवाह गर्नु गराउनु पर्छ । संकलित नमूनाको स्वस्थ पहिचानको तथ्याङ्क निम्न अनुसार छ ।

**तालिका नं. ९: सम्बन्ध विच्छेदकर्ताको बीच स्वस्थ पहिचानको अवस्था**

| क.सं. | विवाहको किसिम | स्वस्थ पहिचान भएका | | स्वास्थ पहिचान नभएका | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | प्रेम विवाह | २ | (१३.३३%) | ३ | (२०%) |
| २ | मागी विवाह | ४ | (२६.६७%) | ६ | (४०%) |
| | जम्मा | ६ | (४०.००%) | ९ | (६०%) |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिका अनुसार स्वास्थ पहिचान भएका जोडिहरूमा ४०%, स्वस्थ पहिचान नभएका जोडीहरूमा ६०% सम्बन्ध विच्छेद भएको देखियो । यसरी हेर्दा स्वस्थ पहिचान नहुँदा सम्बन्धविच्छेदको दरमा पनि वृद्धि हुने कुरा तथ्य बाट स्पष्ट भयो । यसै गरी प्रेम विवाहमा पनि स्वस्थ पहिचान भएका १३.३३% जोडीमा सम्बन्ध विच्छेदको अवस्था आयो भने स्वास्थ्य पहिचान नहुँदा प्रेम विवाहमै पनि सम्बन्ध विच्छेदको स्थिति २०% रहेको पाईयो । साथै मागी विवाहमा पनि स्वस्थ पहिचान भएकोमा २६.६७% र स्वस्थ पहिचान नभएको जोडीहरूमा ४०% सम्बन्धविच्छेदको स्थिति प्राप्त तथ्य बाट खुल्न आयो । मागी विवाहमा स्वस्थ पहिचान नहुनुमा हाम्रा परम्परावादि सोच, चिन्तन, संस्कार मुख्य दोषि रहेका छन् । जसले गर्दा खुलेर कुरा गर्ने बुझ्ने वातावरण तयार हुन सक्दैन ।

### ५.११ विवाहको लागि मञ्जुरीको अवस्था

कतिपय विवाहहरू केटा केटीको सहमति विना नै जर्वजस्ती गाराइन्छ । त्यस्तो दवावपूर्ण विवाह कहिलेकाही विवाहित जोडीको लागि घातक हुने गर्दछ । विवाह हुनु पुर्वको सहमति वा असहमतिले सम्बन्ध विच्छेदलाई प्रत्यक्ष प्रभाव पार्दछ । वैवाहिक सहमति असहमतिको तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका १०: विवाहको लागि सहमति भए नभएको विवरण**

| क.सं. | विवाहको किसिम | सहमति भएको | प्रतिशत | सहमति नभएको | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रेम विवाह | ५ | ३३.३३% | - | - |
| २ | मागी विवाह | ३ | २०% | ७ | ४६.६७% |
| | जम्मा | ८ | ५३.३% | ७ | ४६.६७% |

स्रोतः- स्थलगत सर्वेक्षण, २०६६ ।

माथिको तालिका अनुसार सम्बन्ध विच्छेद भएका केल ८ जोडी अर्थात ५३.३३% को विवाहको लागि सहमति भएको पाइयो भने कुल ७ जोडी अर्थात ४६.६७% ले विवाहका लागि सहमति नदिएको पाइयो वा करकापमा विवाह भएको पाइयो ।

यसै गरी प्रेम विवाह गर्ने सबै जोडिहरूमा विवाहका लागि सहमति भएको पाइयो भने मागि विवाह गर्ने कुल १० जोडी मध्ये ३ जोडी अर्थात २०% ले मात्र विवाहका लागि पुर्ण सहमति जनाएको देखियो र ७ जोडि अर्थात ४६.६७% को विवाह भने करकापमा भएको तथ्यले देखायो ।

यसरी मागी विवाहमा असहमति हुँदा हुँदै पनि विवाह गरिदिनाले परिवारमा तनाबको अवस्था आई विवाह टुट्ने अवस्था पुगेको देखिन्छ । प्रेम विवाहमा पनि परिवार भित्रकै केहि आन्तरिक कारणले गर्दा विवाह विच्छेदको अवस्था नआएको भने होइन तर मागी विवाहमा भन्दा निकै कम भेटिन्छ ।

## ५.१२ सम्बन्ध विच्छेदकर्ताहरू बीच भएको झगडाको विषयको स्थिति

वैवाहिक जीवनमा विखण्डन आउनुका पछाडि विभिन्न घरायसी वा वाह्य विषयहरू रहेका हुन्छन् । जुन विषय घटना पिच्छे फरक-फरक हुन सक्छन् । यसरी पारिवारीक विखण्डनमा हुने झगडाको विषयहरूलाई तल तालिका बद्ध गरिएको छ ।

**तालिका नं. ११: सम्बन्धविच्छेदकर्ताहरू बीच हुने विवादको विषय**

| क्र.सं. | विषय | प्रभावित संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दाइजोको कारण | ४ | २६.६७% |
| २ | यौन असन्तुष्टिको कारण | २ | १३.३३% |
| ३ | जाँड रक्सीको कारण | ३ | २०% |
| ४ | विवाह हुन अघि वास्तविकता लुकाएको | २ | १३.३३% |
| ५ | छोराछोरीको चाहना | २ | १३.३३% |
| ६. | छोराको चाहना | २ | १३.३३% |

स्रोतः स्थलगत सर्वेक्षण, २०६६ ।

प्रस्तुत विवरण अनुसार सम्बन्ध विच्छेद हुनका लागि विवाद सृजना गर्ने विभिन्न विषय मध्ये दाइजो प्रमुख विषय बनेको पाइयो । दाइजोका कारण कुल ४ जोडी अर्थात २६.६७% जोडीमा विवाद सृजना भएको पाइयो भने यौन असन्तुष्टि र विवाह हुनुपुर्व ढाटी छली विवरण दिएको कारणमा समान अर्थात १३.३३% जिम्मेवार देखियो । त्यस्तै जाँड रक्सीको कारण ३ जोडी अर्थात २०% मा विवाद सृजना भई सम्बन्ध विच्छेद हुन पुग्यो । त्यसैगरी २ जोडी अर्थात १३.३३% को सम्बन्ध विच्छेद छोराछोरीको चाहनाले गर्दा भएको देखियो । र विवाद निम्त्याउने अर्को विषय

छोराप्रतिको चाहनामा २ जोडी अर्थात १३.३३% रहेको तथ्य अध्ययनको क्रममा स्थलगत सर्वेक्षणमा फेला पर्‍यो ।

यस प्रकार उपरोक्त तथ्याङ्कले के देखाउछ भने विवाहित जोडी बीच विवाह भन्दा अगाडि एक आपसमा सहि पहिचान हुन नपाएका कारण परिवारमा विवादको स्थिति सृजना हुन गई अन्ततः त्यसले सम्बन्ध विच्छेद निम्त्याउँदछ ।

## ५.१३ सम्बन्ध विच्छेदकर्ताहरको वैयक्ति अध्ययन

**वैयक्तिक अध्ययन - १**

**रतन बहादुर सिंह**

मेरो घर कञ्चनपुर जिल्लाको शंकरपुर गा.वि.स. वडा नं. ३ मा पर्छ । मेरो पहिलो विवाह २०४८ सालमा घरसरबाटै मागी विवाह भएको हो । हामी श्रीमान् र श्रीमतीको बिचमा सम्बन्ध सुमधुर एवं प्रगाढ हुँदै आएको थियो । हाम्रो विवाह भएको ११ वर्ष पुग्दा समेत हामीहरु निसन्तान रह्यौं । विभिन्न ठाउँमा गई औषधी उपचार गर्दा समेत मेरी श्रीमतीको अब गर्भ नरहने देखियो । अब आएर हामी श्रीमान् श्रीमती बिच सन्ताको बारेमा व्यापक छलफल भए पश्चात् सन्तान प्राप्तिको लागि मेरो दोस्रो विवाह मेरी श्रीमतीकै सक्रियता गर्ने मौखिक सल्लाह भयो । सोही अनुरुप उनकै सक्रियता केटी खोजी मेरो दोस्रो विवाह भयो । दोस्रो विवाह भएको एक वर्षपछि कान्छी श्रीमतीबाट एउटा छोरीको जायजन्म भयो । यो अवस्थासम्म आइपुव्दा मेरो दुइवटी श्रीमती र मेरो बिचको पारिवारिक सम्बन्ध राम्रै थियो । तर मेरो कान्छी श्रीमतीबाट बच्चा भएको डेढ वर्ष पश्चात् जेठी श्रीमतीबाट पनि एउटी छोरीको जायजन्म भयो । अब मेरा दुइवटै श्रीमतीबाट एक-एक छोरी जन्मिए पश्चात् घर परिवारमा द्वन्द्व शुरु हुन थाल्यो । विवाह भएको एघार वर्षसम्म पनि बच्चा नहुँदा कानूनी रुपबाट पनि म दोस्रो विवाह गर्न स्वतन्त्र थिएँ । त्यसमा पनि श्रीमतीको सहमति र सक्रियतामा विवाह भएपछि म झन खुसी र उत्साहित थिए । त्यो खुसीको समय धेरै लामो रहन सकने । उक्त पारिवारिक विवादलाई मैले सुल्झाउने हरसम्भव प्रयत्न गरे तर सम्भव भएन र विवाद झन गहिरिँदै गयो ।

मेरो जेठी श्रीमतीले म विरुद्ध विभिन्न किसिमका लाञ्छना लगाउँदै जिल्ला अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दायर गरिन् । मैले पनि लाञ्छना नस्वीकारे पनि सम्बन्ध विच्छेदको लागि स्विकृति दिए । अदालतको फैसला अनुसार उनलाई अंश पनि उपलब्ध भयो । हाल आएर मेरी कान्छी श्रीमतीसँगको पारिवारिक गठबन्धन राम्रै चलेको छ । यसरी परिवारमा सधैं तनावपूर्ण

वातावरणमा वस्नुभन्दा सम्बन्ध विच्छेद गरी आ-आफ्नो पेशा गर्दै स्वतन्त्र जीवन बिताउन मेरो विचारमा राम्रो होला जस्तो लाग्यो ।

**वैयक्तिक अध्ययन - २**

मेरो घर कञ्चनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ५ हो । मेरो नाम घनश्याम पाण्डे हो । म एउटा ग्रामीण क्षेत्रमा जन्मे हुर्केको मध्यम परिवारको सन्तान हुँ । मैले दशकक्षा सम्मको अध्ययन त्यहाँको श्री महाकाली उच्च मा.वि. बाट पूरा गरी उच्च शिक्षाको लागि सदरमुकाम महेन्द्रनगरमा गएँ । सिद्धनाथ बहुमुखी क्याम्पस, महेन्द्रनगरमा स्नातक पढ्न् सिलसिलामा मेरी श्रीमतीसँग विवाहपूर्व नै प्रेम बस्न गयो । उनले पनि मलाई जीवन साथीको रुपमा रोजिन् र हामीबीचको प्रेमसम्बन्ध दुई वर्षमा निकै गहिराईमा पुगेपछि हामीले घरको सहमति नलिइकन आफ्नै खुसीले त्यहीको स्थानीय मन्दिरमा गई २०५८ सालमा विवाह बन्धनमा बाँधियौं । अब मेरो पढाइ पनि सकिएको र घरको सहमति विना विवाह गरेको हुँदा मलाई घरबाट प्राप्त भइरहेको खाद्यान्न र खर्चले निरन्तरता पाउन सकेन । घरबाट खर्च नदिएपछि हामीलाई शहरमा जीवन धान्न गाह्रो हुँदै गयो ।

त्यसबेला महेन्द्रनगरको गंगोत्री होटलमा मेरी श्रीमतीलाई लेखापालको रुपमा काम मिल्यो । त्यसको ६ महिनापछि मैले पनि एउटा स्कुलमा शिक्षकको जागिर पाए । ६ महिनासम्म यसरी नै दिन बित्दै गए । उनी बिहान आठ बजे काममा जाने र बेलुका नौ बजे फर्कने गर्दथिन् । घरमा बिहान बेलुका खाना बनाउने र अन्य काममा समेत असजिलो हुन थाल्यो भने अर्कोतिर आईमाई मान्छे बेलुकी अवेर फर्कनु पर्दा उनलाई समेत असजिलो भइरहेको मैले महशुस गरे । मेरो जागीरले दुई जनालाई जेनतेन खानबस्न पुग्ने अवस्था थियो । त्यसकारण मैले मेरी श्रीमतीलाई उक्त होलटको जागीर छोड्ने र अत्यत्र अलि सजिलो जागीर पाइएमा गरौंली भन्ने सल्लाह दिए । मैले पटक-पटक उक्त जागिर छोड्न सल्लाह दिँदा उनले मेरो सल्लाह मान्न अस्विकार गरिन् । उल्टै मलाई तिम्रो जागीरले त सामान्य घर परिवार पनि चल्दैन । मेरो राम्रो कमाई छ किन छोड्ने, म छोडदिन । राति आएर के भयो ? म माथि किन शंका गर्ने भनेर विभिनन बहानामा म बाट टाढिने शुर कसिन । उनको घर फर्किने समय नौ बाट बढेर दश अनि एघार हुन थाल्यो । एक रात उनी घरमा आइनन् र मलाई फोन गरेर भनिन म आज घर आउँदिन साथीको छु तिमी राम्रोसँग सुत । उनलाई चिन्ने मेरा साथीभाइहरुले पनि उनको बारेमा नराम्रा कुराहरु सुनाउन थाले ।

यसै क्रममा एकदिन मैले मेरी श्रीमतीलाई त्यसै विषयमा धेरै सम्झाए अनि केही हप्काए पनि । उनी ती नराम्रा कुराहरुको बारेमा प्रतिकार गर्दै मसँग अत्यन्त रिसाइन । त्यसको चार दिनपछि उनले मसँग भनिन् । हामी यसरी सँगै बस्न सक्दैनौ त्यसकारण हामीले सम्बन्ध विच्छेद गरेर अलग-अलग बस्नमा नै हामी दुवैको भलाई हुन्छ । यसै बिचमा उनले सोही गंगोली होटलमा प्रशासनमा काम गर्ने नरेश भन्ने केटासँग गोप्य रुपमा विवाह गरिसकेकी रहिछन् । उक्त कुरा सम्बन्ध विच्छेद हुनुभन्दा अगाडिसम्म मलाई थाहा थिएन । उनको उक्त योजना मुताविक कञ्चनपुर जिल्ला अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दर्ता गराइन । उक्त मुद्दामा खान लाउन नदिएको, श्रीमतीप्रति अनावश्यक शंका गरेको, रक्सी खाई गालि गलौज गर्ने गरेको भन्ने आरोप लगाइएको थियो ।

त्यस्तो पारिवारिक गठबन्धनलाई निरन्तरता दिनुभन्दा तोडदिनु नै उचित सम्झी सम्बन्ध विच्छेद गर्नमा मेरो पनि सहमती भयो । सम्बन्ध विच्छेद पछिका हालका दिनहरमा केही असजिलो भए पनि मानसिक तनावबाट भने मुक्ति मिलेको छ । अबका दिनहरु एक्लै बिताउने मनस्थिति बनाएको छु ।

**वैयक्तिक अध्ययन - ३**

मेरो घर कञ्चनपुर जिल्लाको शंकरपुर गा.वि.स. वडा नं. ३ मा पर्छ । मेरो नाम पनवेदवी डगौरा हो । हाम्रो मागी विवाह भएको थियो । उक्त विवाहमा मेरो मञ्जूरी थिएन । तैपनि विवाह भइसकेपछि त्यसलाई सुमधुर बनाउने प्रयत्न गरी आएको थिएँ । विवाह पश्चात्का ६/७ वर्ष जति राम्रैसँग बिते । यसैबीच हामीहरुका दुई सन्तान पनि जन्मिए । ती सन्तानलाई लालन पालन गर्ने दायित्व पनि थपियो ।

यसै बीच परिवारमा आर्थिक समस्या बढ्दै गयो । त्यस समस्याले दुवै जनालाई निन्चित बनाउँदै गयो । मेरा श्रीमान्को कहिलेकाहीा को रक्सी खाने बानीले सधैं जसो निरन्तरता पाउन थाल्यो । पछिल्ला दिनहरुमा अत्यधिक रक्सी सेवन गरेर आउने अनि साना तिना कुरामा पनि झगडा गर्न थाले । मेरा माइतीले दाइजो दिएनन् भनेर मलाई गालीगलौज गर्ने अनि कुटपिट गर्न थाले । मैले तीन वर्ष जति त पिडा कष्ट लाञ्छनालाई सहेर बसे । बाहिर ज्यालादारी गर्न गयो भने झुटा लाञ्छना लगाएर साँझ कुटपिट गर्थे भने आफूले कुनै कमाई गर्दैनथे । बालबच्चा पाल्न धेरै गाह्रो भइसकेको थियो । मेरो श्रीमान्को क्रियाकलापले मलाई गाउँमा मुख देखाएर हिँड्न मन पनि लाग्दैनथ्यो । मेरो यसतो दयनीय अवस्था देखेपछि गाउँका दुई/तीन जना महिलाहरको सहयोगमा म महेन्द्रनगरमा रहेको ल्याक (कानूनी सहयोग र परामर्श केन्द्र) नामक संस्थाको

सहयोगमा सम्बन्ध विच्छेद गर्ने निर्णयमा पुगे । सोही अनुरुप अदालतबाट हाम्रो सम्बन्ध विच्छेद पनि भयो ।

सम्बन्ध विच्छेदपछिका हालका दिनहरुमा दुःख र परिश्रम गर्नुपरे पनि मानसिक तनाव भने छैन । तनावपूर्ण त्यस्तो जिन्दगी जिउनु भन्दा त स्वतन्त्र जिवन जिउनु नै राम्रो हुँदा रहेछ भन्ने मलाई अनुभव भएको छ ।

# परिच्छेद - ६

## ६. सम्बन्ध विच्छेदका मूख्य कारणहरूको विश्लेषण

हाम्रो समाजमा सम्बन्ध विच्छेदका घटनाहरूमा दिन दिनै वृद्धि हुदै गइरहेको कुरा विभिन्न सञ्चारका माध्यमहरूबाट सुन्न र देख्न सकिन्छ । सम्बन्ध विच्छेद अत्यन्त दुखद एवम् दुर्भाग्यपूर्ण घटना हो जसले समाजमा रहेको विवाह संस्था माथि नै प्रश्न चिन्ह उठाउन थालेको देखिन्छ । समाजमा बढ्दै गइरहेको सम्बन्ध विच्छेदको घटनाले समाजशास्त्रीहरूलाई पनि झकझक्याउन थालेको छ वा उनीहरूको ध्यान पनि यस तर्फ आकृष्ट भएको देखिन्छ । उनीहरूलाई यस विषयमा चिन्तन मनन गर्न बाध्य तुल्याएको देखिन्छ । हाम्रो समाजमा स्थापित भईसकेको विवाह जस्तो संस्थाको अन्त हुन थालेको हो र ? वा विवाह जस्तो पवित्र एवम् सामाजिक संस्था माथि नै विखण्डन आउन थालेको हो र ? अर्थात उक्त संस्थालाई जीवन्तता दिनसक्ने दाम्पत्य जोडीहरूको चयन लगायत अन्य कतिपय प्रक्रिया र परिवेशहरू नै जिम्मेवार छन् ? वा अरू के कारण हुन सक्छन् ? इत्यादि चासोका विषयवस्तुहरूलाई यस परिच्छेदमा समेटन खोजिएको छ ।

यस शोधपत्र तयार गर्दा नमूना छनौट लगाएत अन्य कैयौ सीमितता भएको र सीमित तथ्याङ्कमा आधारित शोधपत्र हुनुका साथै सीमित भौगोलिक क्षेत्रलाई बुदागत गर्न केहि हदसम्म गाह्रो भए पनि अनुसन्धानका विविध विधि र प्रक्रियाहरूबाट प्राप्त विभिन्न आँकडा र तथ्याङ्कहरूलाई विभिन्न परिक्षणका ढाँचामा राखेर केलाउँदा बढी प्रभावकारी र समस्याका मूख्य कारणहरूलाई प्रष्ट पार्न सकिएलाकि भन्ने अभिप्रायले प्राप्त तथ्याङ्कहरूलाई मूलभुत रूपमा विश्लेषण गर्दा हरेक नमुना एक अर्कोमा भित्र देखिएता पनि ती सबै घटनाहरूको सृजनाको प्रकृति र चरित्रहरूमा केही समानता भएको पाईन्छ । त्यसकारण सम्बन्ध विच्छेदका कारणहरूलाई देहाय बमोजिमका चार भागमा विभाजन गर्दै विश्लेषण गर्ने प्रयास गरीएको छ ।

१. सम्बन्ध विच्छेद गर्ने जोडीहरूको निजी कारण
२. शारीरिक वा मानसिक यातनापूर्ण व्यवहार
३. यौनिक असन्तुलन
४. सामाजिक सांस्कृतिक भिन्नता एवम् वर्गीय असमानता

## ६.१ सम्बन्ध विच्छेद गर्ने जोडीहरूको निजिकरण

विवाहित जोडिहरू बीचको दाम्पत्य जीवन टुट्नुका विभिन्न कारणहरू मध्ये उनीहरूको निजी वा आन्तरिक कारण पनि एक हो । यस भित्रका कारक तत्त्वहरूमा देहाय बमोजिम रहेका छन् ।

१.१ शिक्षा

१.२ पेशा

१.३ विवाह गर्दाको उमेर

१.४ स्वस्थ पहिचानको कमि

१.५ करकापको विवाह

१.६ एक अर्का बीचमा रहेको समझदारीपनको अभाव एवम् बानी व्यहोरा आदि विभिन्न कारणहरूलाई यहाँ विश्लेषण गरिएको छ ।

विवाह गर्दाको वखतको अपरिपक्कता वा अल्लारे अवस्थामानै विवाह गरिनु, एक आपसको व्यक्तिगत चिनजान नहुनु साथै दुई पक्ष विचको समझदारीको अभाव आदि प्रमुख कारकतत्त्वको रूपमा रहेको हुँदा सोही कुरालाई परिच्छेद पाँचको तालिका नं. ५ मा विश्लेषण गरिएको छ ।

उक्त तालिकाको विवरण अनुसार सबै भन्दा बढी अर्थात कुल ५०% सम्बन्धविच्छेदका घटनाहरू साधारण लेखपढ गरेका जोडीहरूको माझ पाइएको छ । यसमा पनि पुरुषमा ७ र महिलामा ८ संख्या रहेको तथ्यले देखाएको छ । यसो हुनुमा सानै उमेरमा विवाह भई पारिवारीक झमेलामा परिसकेपछि बीचमा पढाई छोडी ज्ञान अधुरै रहन गयो । यसको कारण विवाहित जोडीमा सानो तिनो कुरामा पनि झै - झगडा मनमुटाव हुन पुगी असमझदारी बढ्न गयो । जसले अन्ततः सम्बन्ध विच्छेदको स्थिति सृजना गर्‍यो । केटा केटीहरूको अपरिपक्कता तथा सामाजिक रुढीवादी मान्यता जस्ता कारणहरूले गर्दा विवाहित जोडी बीच असमझदारीको खाडल गहिरिदै गयो । त्यसैगरी सम्बन्ध विच्छेदकहरूको विवाह गर्दाको उमेरको विवरण तालिका नं. ७ मा विश्लेषण गरिसकिएको छ ।

उक्त तालिका अनुसार सम्बन्ध विच्छेदक (पारपाचुकी) हरूको १६-२० वर्षको उमेरमा सबैभन्दा बढी संख्यामा विवाह भएको देखियो । जसअनुसार पुरुषमा ४०% वा ६ जना र महिलामा ४६.६७% वा ७ जना पाइयो । जुन उमेर समुह केटा केटी विवाह गर्नको लागी परिपक्कता आइनसकेको वा अल्लारे उमेरका मानिन्छन् । यस्ता मानिसले हरेक निर्णय सोच विचार नगरिकनै

गर्दछन् जसले गर्दा भविष्यमा पछुताउनु पर्दछ । पुरुषका लागि २५ वर्ष पारि र महिलाका लागि २० वर्ष पारिको उमेरमा गरिने विवाह उमेरका हिसावले उचित मानिन्छ । उक्त उमेरका केटा-केटीमा परिपक्वता एवम् सक्षमता आइसकेको मानिन्छ । त्यो उमेर समूहकाले गर्ने निर्णय सामान्यतया सहि हुन्छ भन्ने मान्यता राखिन्छ । त्यसकारण कलिलै उमेर वा अपरिपक्क उमेरमा गरिएको विवाहले हरेक क्षेत्रमा असपलता हात लाग्न गई वैवाहिक जीवन धरासायी भई अन्तत सम्बन्ध विच्छेदके स्थिति आइपर्छ । तसर्थ कम उमेरको विवाहलाई पनि सम्बन्ध विच्छेदको प्रमुख कारक तत्त्व मध्ये एक मानिन्छ ।

यसैगरी सम्बन्ध विच्छेदकर्ताहरूको पेशागत स्थितिलाई तालिका नं. ४ मा प्रष्ट पारिएको छ ।

उपरोक्त तथ्याङ्क अनुसार सम्बन्ध विच्छेद गर्ने जोडीहरू धेरै जसो व्यापार व्यवसायमा २६.६७% र प्राइभेट क्षेत्र तर्फमा २६.६७% संलग्न रहको देखिन्छ । लोग्ने स्वास्नी दुवै जना व्यापार एवम् प्राइभेट क्षेत्रमा काम गर्दा आइपर्ने कामको तनाव एवम् कार्य व्यस्तताले गर्दा छोराछारीप्रतिको रेखदेखको कमि जस्ता कारणले एक अर्कालाई दोष थुपार्ने प्रवृतिले गर्दा पारिपारीक असमदारी बढ्न जान्छ । यसरी पेशाका कारण पनि वैवाहिक सम्बन्ध विच्छेद हुन पुगेको कुरा तथ्याङ्कबाट प्रष्ट हुन्छ । फरक-फरक पेशा अंगाल्ने मानिसको मानसिक विकास पनि फरक-फरक ढंगले हुन्छ । सोहि अनुरूपको व्यवहार उनीहरूले परिवारमा देखाउँछन् ।

यसैगरी जोडीहरूको बीचमा स्वस्थ पहिचान नहुँदा पनि सम्बन्ध विच्छेदको घटना घट्छ भन्ने कुरा तालिका नं. ९ को तथ्याङ्गले प्रष्ट पारेको छ ।

उक्त तथ्याङ्क अनुसार स्वस्थ पहिचानको अभाव हुँदा वा केटा केटीले एक आपसलाई राम्ररी बुझ्न कुराकानी गर्न नपाइकनै भएको विवाह मध्ये ६०% विवाह टुट्न गएको पाइयो । श्रीमानको बानी व्यहोराको बारेमा विवाह पुर्व राम्ररी नबुझ्दा विवाह पश्चात श्रीमानको खराब बानी व्यहोराका कारण उ सँधै जसो जाँड रक्सीको नसामा घर आई श्रीमतीलाई अनावश्यक आरोप लगाई गालि गलौज, कुटपिट गर्ने गरेको जसले गर्दा श्रीमतिले त्यस्तो कुटपिट र यातना सहन नसकि बाध्य भएर सम्बन्ध विच्छेदको शरण लिन पुगेको कुरालाई पनि स्वास्थ पहिचानको अभावको रूपमा मान्न सकिन्छ ।

यसको साथै विवाहका लागि दुवै पक्षको पूर्ण मञ्जुरी नभईकनै करकापमा विवाह गर्दा सम्बन्ध विच्छेदको घटना घट्न सक्ने तथ्यलाई तालिका नं. १० को तथ्याङ्कले प्रष्ट पारेको छ ।

उक्त तथ्याङ्क अनुसार मागी विवाहमा मंजुरी नलिई करकापमा पारी विवाह गरिदिनाले ४६.६७% सम्बन्धविच्छेद भएको तथ्याङ्कले देखायो सम्पुर्ण प्रेम विवाहमा मंजुरी हुँदा पनि उमेरको अपरिपक्कता एवम् लहैलहै र देखासिकीमा लागि विवाह गर्नाले सम्बन्ध विच्छेदको घटना आइपरेको तथ्य अनुसन्धान बाट तथ्याङ्कले देखाएको छ ।

यसप्रकार अध्ययनको क्रममा उत्तरदाताहरूबाट प्राप्त विवरणको आधारमा विवाहित लोग्ने स्वास्नीको बानी व्यवहार, दुई बीचको समझदारी र सोहार्दताको कमि एवम् चारित्रिक अवगुणहरू आदिलाई सम्बन्ध विच्छेदका लागि मुख्य कारणहरू मान्न सकिन्छ । लोग्ने स्वास्नी दुवै एक अर्काबाट लुकीछीपि बाहिरियाहरूसँग मोजमस्ती एवम् यौन आनन्दमा लाग्ने प्रवितिले गर्दा पनि सम्बन्ध विच्छेद हुन पुगेको रहस्य विभिन्न तथ्यहरूमा पाइएका छन् ।

## ६.२ शारीरिक तथा मानसिक यातनापूर्ण व्यवहार

यस अन्तर्गत श्रीमानले जाँड रक्सीको मातले उन्मत भई वा नशालु पदार्थ नखाइकन पनि आफ्नो श्रीमतीलाई कुटपट गर्ने, तुक्ष्छ व्यवहार गर्ने, मानसिक यातना दिने जस्ता कारणहरूले गर्दा वैवाहिक सम्बन्ध टुट्न पुगेको कुरा उल्लेख गरिएको छ । उक्त तथ्याङ्क तालिका नं. ११ मा राखिएको छ । यस कारणले प्रमाणित जोडी २०% रहेका छन् । मानिसहरूमा जतिसुकै चेतना आउँदै गरेको भएपनि यो अत्यधिक मादक पदार्थ सेवन गर्न र अनावश्यक विवाद गर्ने कुरामा भने कुनै सुधार भएको देखिदैन ।

## ६.३ यौनिक असन्तुलन

सम्बन्ध विच्छेदको अर्को महत्त्वपूर्ण कारणमा यौनिक असन्तुलन वा यौन जीवनमा विचलनको अवस्थालाई लिइएको छ । यस भित्र शारिरीक यौन सम्पर्कमा विश्वास नभएको जोडीको बीच सन्तुलित किसिमको यौन सम्पर्क हुन नपाएको, सन्तान नजन्मिएको श्रीमानको बाहिरीया केटी र श्रीमतीको पनि बाहिरिया केटाहरू सँगको मोजमस्ती र यौन लिप्तताले गर्दा दुवै पक्षलाई शारिरीक र मानसिक रूपमै आघात पुग्ने गरी गरिएका क्रियाकलापहरू पर्दछन् । अध्ययन गर्ने क्रममा प्राप्त तथ्याङ्कलाई हेर्दा तालिका नं. ६ अनुसार १३.३३% सन्तान नभएको कारणले २६.६७% छोरा नभएको कारणले वैवाहिक सम्बन्ध टुट्न गएको देखिन्छ । त्यसैगरी तालिका नं. ११ अनुसार सन्तुलित र विश्वासिलो यौन सहवासको अभावमा १३.३३% विवाहित जोडीहरूले वैवाहिक जीवनको अन्त्य गर्न पुगेको कुरा तथ्याङ्कबाट देखिएकोले यौन जीवनमा आउने विचलन वा असन्तुलन पनि सम्बन्धविच्छेदको प्रमुख कारण मान्न सकिन्छ ।

अध्ययनको क्रममा एउटा अलि भिन्न प्रकृतिको घटना देखियो उक्त घटनामा विवाह भएको १३ वर्षसम्म पनि सन्तान नभएपछि लोग्ने र स्वास्नीको मौखिक सहमतिमा र पहिलो स्वास्नीको सक्रियतामा लोग्नेको दोस्रो विवाह भयो । कान्छी स्वास्नीबाट सन्तान जन्मिदा सम्म दुवै स्वास्नीहरू मिलेर बसेका देखियो । तर जब जेठी स्वास्नीबाट पनि एउटा छोरीको जायजन्म भयो अनि त्यो परिवारमा घटपटको शूरुवात भई विभिन्न बहानामा दुईवटा स्वास्नी बीच ठूलो वैमनश्यताको स्थिति आयो र कान्छी स्वास्नीले वाध्य भएर सम्बन्ध विच्छेदको सहारा लिनुपऱ्यो ।

## ६.४ सामाजिक सांस्कृतिक भिन्नता एवम् बर्गिय असमानता

सम्बन्ध विच्छेदको अर्को प्रमुख कारणको रूपमा हाम्रो सामाजिक सांस्कृतिक विविधता र वर्गिय असमानता पनि रहेको छ । परापुर्वकालदेखि समाजमा प्रचलनमा रहेको वर्गिय असमानता, धनि र गरीब बिचको सामाजिक असामजस्यता, जातिय विभेद एवम् सोहि अनुरूपका प्रथा, परम्पराले निम्त्याएका कुरितिहरू र समाजमा स्थापित रीतिरिवाज, चालचलन र संस्कतिमा भएका भिन्नता जस्ता तत्त्वहरू पनि सम्बन्ध विच्छेदका लागि अत्यन्त सहयोगी मानिन्छन् ।

परापुर्वककाल देखि स्थापित गरिएको जातजाति प्रथा, चालचलन र रीतिरिवाजहरूमा समयको विकासक्रमसँगै केहि परिवर्तन देखिन थाल्यो । यसैगर्रा विज्ञान र प्रविधिको विकास एवम् पश्चिमी संस्कृतिको देखासिकी वा प्रभावले रुढिवादी प्रचलन र मान्यतामा क्रमिक सुधार ल्याउने क्रममा अन्तरजातीय विवाहहरू हुन थाले । परम्परागत मान्यता र संस्कारका पक्षधरहरू र आधुनिक धारणा राख्नेका बीच संघर्ष बढ्दै जानथाल्यो । यसै प्रंसग मा अन्तरजातीय विवाह गर्दा परिवार र समाजलाई त्यस्ता कार्य तत्कालका लागि स्वीकार्य भएन । विवाहित जोडीहरूबिच पूर्ण मञ्जुरी भएतापनि परिवार र समाजबाट पूर्ण स्वीकृति नपाउँदा त्यस्ता थुप्रै जोडीहरू नराम्ररी प्रभावकारी हुन पुगेको कुरा प्राप्त तथ्याङ्कले देखाएको छ ।

अन्तरजातीय कारण धर्म, संस्कृति, रीतिरिवाज, संस्कार र चालनचलनमा देखिएका फरकपनाको कारण त्यस्ता विवाह गर्ने २०% जोडीहरू प्‌भावित भै सम्बन्ध विच्छेदको स्थितिमा पुगेको कुरा तालिका नं. ३ को तथ्याङ्कको विवरणले देखाएको छ ।

त्यसैगरी सजातीय विवाहमा पनि ८०% जोडीहरू धनी गरीब जस्तो वर्गिय विभेद र फरक एवम् परम्परावादि संकिर्ण चालचलन र संस्कारका कारण एउटा पवित्र बन्धन टुट्न गएको तथ्याङ्कले देखाएको छ ।

यसका साथै तालिका नं. १ को तथ्याङ्क हेर्दा सम्बन्ध विच्छेदको घटना सबभन्दा बढी क्षेत्री जातिमा र दलितमा कम देखिएबाट क्षेत्रीहरूमा धार्मिक संस्कार र कुरीतिले जरो गाडेर बसिरहेको तथ्य पुष्टि हुन्छ भने अर्को पाटोबाट हेर्दा चेतना एवम् जागरुकताले गर्दा मानसिक तथा शारिरीक यातना बेइज्जती, पिडा सहेर सँगै वस्नु भन्दा अलग भएर बस्नु नै उचित ठानी सम्बन्ध विच्छेद गर्न वाध्य भएका पनि अध्ययनको क्रममा उनीहरूसँगको प्रत्यक्ष कुराकानीबाट पत्ता लागेको पाइयो ।

सम्बन्ध विच्छेदको कारणहरका सम्बन्धमा विभिन्न विद्धानहरूले आ-आफ्ना धारणा प्रस्तुत गरेका छन् । "The proximate reason for the direct rate is the prevalence of extravagant expectation in marriage but ultimate explanation is to be fund in the social forces which undermined traditional family's struture." (Green,1964).

सम्बन्ध विच्छेदको सबेभन्दा प्रमुख कारण विवाहबाट अनावश्यक तथा फजुल अपेक्षा गर्नु हो । यद्यपि अन्तमा यो पाइयो कि सामाजिक शत्तिहरू पनि कारण हुन, जसले परम्परागत पारिवारिक संरचनाहरूलाई कमजोर बनाउँदछन् ।

यसैगरी अर्का विद्धान भन्छन् - "Mariage dissolution and divorce are not caused by a single factor, divorce may be explained in terms of several factors such as social biological, psychological and ecoomic" (Chaudhary 1988) अर्थात विवाहको विघटन वा सम्बन्ध विच्छेदको कारणमा एउटै कारकतत्त्व छैन । यसमा धेरै कारकतत्त्वहरू हुन्छन् । जस्तो सामाजिक, शारीरिक मनोवैज्ञानिक र आर्थिक इत्यादी ।

"Instability not support authority, complex, drinking, home life values illicit, relations and desert as the chief causes of divorces." (Goods 1956) अर्थात सम्बन्धविच्छेदको मुल कारणहरू अस्थिरता, असहयोग, जटिलता, अधिकार, मदिरा सेवन, फुर्सदिलो पारिवारिक जीवन मुल्य मान्यता, अनचित सम्बन्धहरू र त्याग्नु हुन ।

# परिच्छेद - सात

## ७. सम्बन्ध विच्छेदबाट परेको असरहरूको विश्लेषण

सम्बन्ध विच्छेदलाई हाम्रो जस्तो परम्परावादी सोच बोकेको समाजमा निकै महत्त्वको साथ हेरिन्छ । वा यसलाई निकै चर्चा परिचर्चाको विषय बनाईन्छ । जे - जसरी सम्बन्ध विच्छेद भएको भएपनि उक्त सम्बन्ध विच्छेदकर्ता माथि उनीहरूका सन्तानहरू माथि त्यसैगरी परिवार, समाज र राष्ट्र माथि नै पार्न सक्ने असर र प्रभावका बारेमा यस परिच्छेदमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

विवाहित दम्पतिहरूले आफ्नो दाम्पत्य जीवनलाई सफल र सुखमय बनाउन सर सल्लाह गर्दै योजना निर्माण गर्ने गर्दछन् । यसै क्रममा आफ्नो परिवार र समाजलाई एउटा निश्चित दिशातर्फ निर्देशित गरिरहेका हुन्छन् । उत्साह र सक्रियताका साथ सामाजिक र पारिवारिक जीवनका विभिन्न क्रियाकलापलाई सन्तुलित ढंगबाट नियमित र व्यवस्थीत बनाई सिंगो समाज र राष्ट्रलाई हाक्न सक्ने खालको सामर्थ्यको विकास गरिरहेका हुन्छन् । तर जब समाजका त्यस्ता जोडीहरूको वैवाहिक जीवनमा तनाव र विचलनको परिस्थिति आईपर्छ त्यसवेला उक्त दम्पतिहरूको सम्पूर्ण क्रियाकलापहरूमा अस्थिरता रोकावट सृजना हुन्छ । जसले गर्दा पारिवारीक र साामजिक संरचनामा ठुलो हलचल र अस्थिरता आउँदछ भने अर्कोतर्फ बर्षौ देखिको दाम्पत्य जोडीहरूमा रहेको अस्वस्थ पारिवारिक वातावरण उनीहरू बीचमा भएका गरिएका ज्यादति एवम् तनावपूर्ण व्यवहार अनि एक अर्कालाई माफी दिन नसक्ने प्रवृतिका सामाजिक स्रांस्कृतिक, आर्थिक आदि लाञ्छना वा आरोपहरूँग लड्दै, भिड्दै, सहँदै यही पारिवारिक जीवनलाई निरन्तरता दिनु भन्दा त यो पारिवारिक गठबन्धनलाई विघटन गरी त्यसबाट मुक्त भई स्वतन्त्र र सुरक्षित जीवन बाँच्न चाहना राख्नेहरूका लागि सम्बन्ध विच्छेदले नयाँ जिन्दगीको ढोका खोलिदिन सक्छ । त्यसैगरी समाजले उनीहरूप्रति गरिने व्यवहार र हेर्ने दृष्टिकोणले पनि उनीहरूको जीवनलाई निर्देशित गर्न सक्छ । सम्बन्धविच्छेदले राम्रो वा नराम्रो जस्तो परिणाम ल्याए पनि यो निश्चय पनि एउटा दुर्भाग्यपूर्ण घटना हो । यस्ता घटनाहरूले सम्बन्धविच्छेदकर्ता जोडीलाई मात्र नभएर उनीहरूको सन्तान, परिवार र सम्पूर्ण समाजलाई असर पारिराखेको हुन्छ ।

यस अध्ययनका क्रममा देखिएका सम्बन्ध विच्छेदले पारेको असरहरूलाई समग्रमा निम्न बुदाहरूमा राखी तिनलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

क) सम्बन्धविच्छेदले स्वयंम जोडीहरूमाथि पारेको असर

ख)	सम्बन्धविच्छेदले सन्तानहरू र परिवार माथि पारेको असर

ग)	सम्बन्धविच्छेदले समाज माथि पारेका असर

### ७.१ सम्बन्धविच्छेदले स्वंयम जोडीहरूमाथि पारेको असर

वैवाहिक जीवनको पिडाबाट मुक्ति र राहत पाउने आशा गरेका जेडिहरूमाथि सम्बन्ध विच्छेदले कस्तो किसिमको प्रभाव वा असर पारको छ ? के उनीहरूले पिडाबाट मुत्तिपाई सुखमय जीवन विताई रहेका छन् ? वा मानसिक रूपमा तनाव भइरहेको ठान्दछन् । भन्ने जस्ता कुराहरूलाई तलको तालिकाले देखाएको छ ।

**तालिका नं. १२ : सम्बन्ध विच्छेदपछि उनीहरूको अनुभव**

| क्र.सं. | असर | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मानसिक तनाव भएको | ५ | ३३.३३% | ११ | ७३.३३% | १६ | ५३.३३% |
| २. | स्वतन्त्र भएको | १० | ६६.६७% | ४ | २६.६७% | १४ | ४६.६७% |
| | जम्मा | १५ | | १५ | | ३० | १००.०% |

माथिको तालिका अनुसार मानसिक तनाव भएको कुरा व्यक्त गर्ने कुल ५३.३३% रहे भने स्वतन्त्र भएको अनुभव गर्ने ४६.६७% रहे । त्यसमध्ये ३३.३३% पुरुष र ७३.३३% महिलाले सम्बन्ध विच्छेद पछि मानसिक तनाव भएको कुरा व्यक्त गरे भने ६६.६७% पुरुषले र २६.६७% महिलाले चाहि आफु उक्त पिडापुर्ण वैवाहिक जीवनबाट स्वतन्त्र भएको अनुभव गरेको पाइयो । प्राप्त तथ्याङ्कले पुरुष भन्दा बढी महिलाहरू सम्बन्ध विच्छेदपछि मानसिक रूपले पिडा वा तनावमा जिन्दगी बाँचिरहेका छन् भन्ने देखाएको छ । हाम्रो जस्तो पितृसतात्मक समाजमा पुरुषले गरेका ठुलै गल्तीलाई पनि ढाक छोप गरिन्छ भन्ने महिलालाई हेप्ने प्रवृत्ति र अनावश्यक आरोप लगाउने हाम्रो मानसिकताले सम्बन्ध विच्छेद पछि महिलाको अस्थित्व के हुने, कहाँ बस्ने, दैनिक गुजारा कसरी चलाउने जस्ता समस्या र सामाजिक सुरक्षा जस्ता तनावबाट सधैं पीडित देखिन्छन् । सम्बन्ध बिच्छेद पश्चात् महिलाहरुलाई न त सरकारबाट उचित संरक्षण दिइएको पाइन्छ न त समाजले नै सहज किसिमको वातावरण मिलाइ दिएको पाइन्छ । हाम्रा कू-संस्कार, हाम्रो मानसिकताले गर्दा सम्बन्ध विच्छेद गरेका महिलाले समाजमा ठाडो शिर गरेर हिंड्न सकिराखेका छैनन् ।

यसरी पुरुषको तुलनामा मानसिक तनाबमा बाच्ने महिलाको संख्या अत्यधिक रहेको कुरा तथ्याङ्कले देखाएको छ । ति सम्बन्ध विच्छेद भएका महिला पुरुषहरू मध्ये केहीले पुनः विवाह गर्ने सोच राखेका केहिले पुनः विवाह गरिसकेका र केहीले एक्लो जीवन स्वतन्त्रतापुर्वक विताउने सोच राखेको तथ्य अध्ययनको क्रममा पाइयो । यस किसिमबाट सम्बन्ध विच्छेद पश्चातको जिन्दगी पनि महिलाहरू र पुरुषहरू दुवैको लागि बढी नै कठिन परिस्थितिबाट अघि बढि रहेको कुरा अध्ययनबाट देखिएको छ ।

यसैगरी पूरुषहरू ६६.६७% र महिलाहरू २६.६७% ले सम्बन्ध विच्छेद पश्चात आफुहरू स्वतन्त्र भएको ठान्दछन् । यसरी सम्बन्ध विच्छेद पश्चात महिलाहरूलाई भन्दा पुरुषहरूलाई सामाजिक सुरक्षा बढी भएको हुनुपर्छ । समाजले सम्बन्ध विच्छेद पश्चात ति महिला र पुरुषलाई हेर्ने दृष्टिकोण मा पनि विभेद देखिन्छ । पुरुषको तुलनााम सम्बन्ध विच्छेद पश्चात महिलाहरूले समाजमा अरू बढी चुनौती र कठिनाईहरूको सामना गर्नुपर्ने कुरा प्राप्त तथ्याङ्कबाट देखिन्छ ।

यसैगरी सम्बन्ध विच्छेदका कारणबाट ति जोडीहरूमा परेको प्रभावहरूको विश्लेषण गर्ने क्रममा प्राप्त तथ्याङ्कले देखाएको कुराहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३: प्रभावित जोडीहरूको हालको अवस्था**

| क्र.सं. | स्थिति | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पहिले भन्दा अहिले ठिक छ | ८ | ५३.३३% | ६ | ४०% |
| २ | जीवन जीउन गाह्रो भयो | ७ | ४६.६७% | ९ | ६०% |
| | जम्मा | १५ | १००% | १५ | १००% |

कुल १५ जोडी सम्बन्ध विच्छेदकर्ता मध्ये १५ पुरुषहरूमा ८ जना अर्थात ५३.३३% ले सम्बन्ध विच्छेद पछि हाल जीवन सजिलो वा राम्रो भएको धारणा राख्छन् भने ७ जना अर्थात ४६.६७% ले चाहि सम्बन्ध विच्छेद गरेपछि त झन जीवन सञ्चालन गर्न साह्रै गाह्रो पऱ्यो भन्छन् । यसैगरी १५ महिलाहरू मध्य ६ जना अर्थात ४०% ले सम्बन्ध विच्छेद पश्चात अहिले जीवन संचालन गर्न सजिलो र राम्रो भएको भन्छन् भने ९ जना अर्थात ६०% ले चाहि सम्बन्ध विच्छेद पछि त एक्लो जीवन जिउन झन् गाह्रो भएको कुरा व्यक्त गर्छन ।

अध्ययनका क्रममा सम्बन्ध विच्छेदकर्ताहरूले व्यक्त गरेका पुनः विवाह सम्बन्धी धारणा निम्न तालिका मार्फत प्रष्ट्याउने प्रयास गरिएको छ ।

**तालिका नं. १४: सम्बन्ध विच्छेद पश्चात उनीहरूको विवाह सम्बन्धी विवरण**

| क्र.सं. | स्थिति | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पुनः विवाह गरि सकेका | ३ | २०% | १ | ६.६७% |
| २ | पूनः विवाह गर्ने इच्छा भएका | ७ | ४६.६७% | ३ | २०% |
| ३ | पूनः विवाह गर्ने इच्छा नभएका | ३ | २०% | ८ | ५३.३३% |
| ४ | पूनः विवाह बारे केही नसोचेका | २ | १३.३३% | ३ | २०% |
| | जम्मा | १५ | १००% | १५ | १००% |

माथिको तथ्याङ्क अनुसार १५ जना पुरुष मध्ये ३ जनाले पुनः विवाह गरिसकेका, ७ जनाले पुन : विवाह गर्ने इच्छा भने राखेका तर गरिनसकेका ३ जनाले पुनः विवाह गर्ने इच्छा वा मनसाय समेत नगरेका र २ जनाले चाहि पुन्क विवाह गर्ने कि नगर्ने भन्ने बारेमा हाल केहि पनि नसोचेको कुरा देखियो ।

प्राप्त तथ्याङ्कहरूको निष्कर्षमा भन्दा सम्बन्ध विच्छेद पछि विच्छेदकर्ताहरू पूर्ण रूपमा सन्तुष्ट भएर बाँच्न सकिराखेका छैनन्। उनीहरूको मान सम्मानमा आँच पुगेको, सामाजिक प्रतिष्ठाको विषय, बालबच्चा हुर्काउने साथै उनीहरूको शिक्षा दिक्षाको अभाव जस्ता समस्या देखा परेका छन् । सम्बन्ध विच्छेदबाट पुरुषहरू भन्दा महिलाहरू नै बढी समस्यामा परेका छन् । धेरैजसो महिलाहरू सम्बन्धविच्छेद पश्चात माइतीको शरणमा पुगेका देखिन्छन् । सामाजिक प्रतिष्ठाको अभावमा उनीहरू सुरक्षित भेटिएका पाइदैनन् । उनीहरूलाई कतिपय समुदायमा हेयको दृष्टिकोणले हेर्ने गरेका छन् । अधिकाशं जोडीहरूको सानै उमेरमा विवाह भई छिट्टै नै सम्बन्ध विच्छेद भईसकेकोले तिनीहरू मध्ये कतिपयले बाँकी जीवन एक्लै विताउन कठिन भएको, सामाजिक असुरक्षा र यौनिक विकृतिबाट बच्नको लागि पनि पुनः विवाह गर्नुपर्ने आवश्यकता महसुस गरेको देखिन्छ । विवाह गरि सन्तान नभएकाहरूलाई पुन : विवाह सजिलो थियो भने सन्तान हुनेहरूलाई अप्ठ्यारो भएको, सौतेनी छोराछोरी प्रतिको व्यवहार शुरुमा सुमधुर भएपनि पछि पछि गएर त्यसमा असहजमा आउने कुरामा शंका देखिन्छ । पुन : विवाह गर्न ईच्छा नराख्नेहरुमा पुरुष भन्दा महिलको संख्या नै बढी रहेको छ । उनीहरूमा पुन : विवाह गर्दा फेरी पनि पहिले कै जस्तो समस्या आइपर्छ कि भन्ने डर र शंका रहिरहेको पाईन्छ । दुवै पक्षको समजदारीमा भएको विवाहमा पनि सम्बन्ध विच्छेद गर्नु पर्‍यो भने फेरी विवाह गर्दा पनि सोही अवस्था आउन सक्ने डर रहेको अभिव्यक्ति दुवैले दिने गर्छन र उनीहरू एक अर्काप्रति र समाज एवम् सामाजिक संस्कार प्रति पनि रुष्ट र आक्रोशित भएका पाईन्छ ।

## ७.२ सम्बन्ध विच्छेदले परिवार र सन्तानहरू माथि पारेको असर

परिवारमा सौहार्द्रपूर्ण सहमति नहुँदा, एक अर्काप्रतिको लान्छना आरोप तथा अन्य विभिन्न कारणहरूले सम्बन्ध विच्छेदको अवस्था आइपर्दा पति पत्नी बीच सधैजसो झगडा र तनाव भइराख्ने र त्यस्तो क्रियाकलापले उक्त परिवारका बालबालिका, युवा र वृद्धवृद्धाहरुमा मनोवैज्ञानिक असर तथा तिनीहरूके सामाजिक क्रियाकलापमा समेत नराम्रो असर पुऱ्याइरहेके देखिन्छ । वृद्धवृद्धाहरू आफ्नो जीवनको उत्तरार्द्धतिर आइपुग्दा सन्तानको अस्थिर र तनावग्रस्त दिनचर्या देखेर निकै खिन्न र चिन्ताग्रस्त देखिन्छन् । युवाहरू आफ्नो सामाजिक सम्मान र प्रतिष्ठामा आँच आएकाले स्वच्छन्द र उल्लासमय जिन्दगीबाट बञ्चित हुनुका साथै उनीहरूका हरेक क्रियाकलापमा सुस्तता आई आफ्नो उन्नती र प्रगति गर्नबाट वञ्चित रहेका देखिन्छन् जसले गर्दा उनीहरू विसंगती तर्फ पुग्न वाध्य देखिन्छन् । निर्दोष बालबालिकाहरूले आफ्ना आमा बाबुको न्यानो माया र उचित संरक्षण पाइरहेका छैनन् । सौहार्दपुर्ण वातावरणको अभाव झेलीरहेका सन्तानहरू गैह्रजिम्मेवारी पूर्ण अभिभावक प्रति धिकार्दछन् । यिनै कारणहरूले उनीहरूको जीवनमा विचलन ल्याइदिएको पाइन्छ । जसको असरले उनीहरूको समग्र जीवनमा विषाक्त वातावरण ल्याइदिएको छ ।

यस अध्ययनमा समेटिएका कुल १५ जोडीहरूको सन्तानहरूको अवस्था तालिका नं. ६ मा देखाइएको छ । जसअनुसार सन्तान विहिन २ जोडी छन् भने एक मात्र सन्तान हुने जोडी छैनन्। त्यसैगरी सबैभन्दा धेरै सन्तान हुने १ जोडी रहेको तथ्याङ्कले प्रष्ट पार्दछ । ति १५ जोडीहरूको कुल सन्तान संख्या ३८ रहेको छ । जसमा छोरा ९ र छोरी २९ छन् । ति सन्तानहरूको संरक्षक निम्न बमाजिम छन् ।

**तालिका नं. १५: जोडीहरूको सन्ताहरूको अवस्था**

| क्र.सं. | संरक्षक | सन्तान संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आमा | १५ | ३९.४७% |
| २. | बाबु | ८ | २१.०५% |
| ३. | मावली | ११ | २८.९५% |
| ४. | अन्य (अनाथाआश्रम आदी) | ४ | १०.५२% |
| | जम्मा | ३८ | १००% |

उक्त तथ्याङ्क अनुसार १५ वटा बच्चाहरू आमाको संरक्षणमा रहेका छन् भने ११ वटा बच्चाहरू मावलीको आश्रयमाजीवन जिउन वाध्य छन् । त्यसैगरी ८ वटा बच्चाहरू बुबाको संरक्षणमा र ४ वटा बच्चाहरू बालबालिका संरक्षण केन्द्र छिमेकी तथा आफन्तहरूको संरक्षणमा रहेको कुरा प्राप्त तथ्याङ्कले देखाउँछ ।

सम्बन्ध विच्छेदकर्ताहरूका बाल बच्चा आम मानिसका बालबच्चाहरू भन्दा अलि बढी अटेरी र एकोहोरो भएको पाइयो । जुन आमाबाबुको उचित माया र संरक्षणको अभाव उनीहरूमा मनोवैज्ञानिक रूपमा परेको देखिन्छ । सम्बन्ध विच्छेदकर्ताहरूको सन्तानहरूले देखाएको हाउ भाउ, प्रतिक्रिया अनुसार सन्तानहरू जो आमाको संरक्षणाम राखिएका छन्, तिनीहरू अरूहरूको संरक्षणमा रहेको भन्दा अलि बढी प्रसन्न र चञ्चल स्वभावका देखिन्छन् भने बाबुको संरक्षणमा रहेका सन्तानहरू बढी भावुक उदास र एकलकाटे स्वभावका देखिन्छन् । बाबुले जतिसुकै माया दिने गरे पनि सन्तानको उचित स्याहार संभारमा कमि देखिन्छ । आमाको काखमा हुर्केका सन्तानलाई जति मनोबैज्ञानिक उर्जा र आत्मियता प्राप्त हुन्छ त्यति उर्जा र आत्मीयता अन्य व्यक्तिले जति प्रयास गरेपनि दिन सक्दैन भन्ने तथ्य पनि उनीहरूको व्यवहार र क्रियाकलापको अध्ययनमा पुष्टि भएको पाईन्छ । उमेर बढ्दै गएका धेरै जसो सन्तानहरू भन्छन सानो उमेर खेल्दा खेल्दै वित्यो अब भने भविष्यमा के हुने हो भन्ने चिन्ता लाग्छ । समाज, इष्टमित्र र साथीभाईहरू मध्ये धेरै जसोले सहानुभति र सहयोग गरिराखेका छन् तर कोही कोहीले समाजमा होच्याएर बोल्ने, अलि तुच्छ व्यवहार गर्ने गर्दा अलि खुलेर हिडडुल गर्न र आफ्नो काम धन्दा गर्न पनि गाह्रो महसुस भइराखेको छ । जसले गर्दा यो समाज छोडेर नयाँ ठाउँमा बस्न पाए यस बारेमा थाहा पाउने कोहि हुन्थेनन् अनि कसले होच्याउनेथ्यो र यस किसिमबाट सम्बन्ध विच्छेदको असर आफ्ना सन्ततिमा प्रत्यक्ष रूपमा पर्ने गरेको देखिन्छ । उनीहरूको स्वतन्त्रता पुर्वक बाँच्न र हिडडुल गर्न पाउने हकमा समेत बाधा व्यवधान सृजना भएको देखिन्छ ।

### ७.३ सम्बन्ध विच्छेदले समाज माथि पारेको असर

सम्बन्ध विच्छेदको घटना अलि असामान्य प्रकृतिको घटना मानिन्छ । यस्तो घटनाको प्रभाव वा असर हरेक क्षेत्रमा परेको हुन्छ । त्यसले व्यक्ति, परिवार, समाज र सिङ्गो राष्ट्रलाई नै प्रभावित गर्दछ । त्यसकारण पनि सम्बन्ध विच्छेद व्यक्तिगत र पारिवारीक समस्या मात्र नभएर यो एउटा सामाजिक समस्याको रूपमा देखापरिसकेको छ । यसको लागि हाम्रो समाज, सामाजिक व्यवस्था र यसको संरचनागत तत्त्वहरू पनि उत्तीकै जिम्मेवार हुन्छन्। समाजमा घटने हरेक घटना वा क्रियाकलापले समाजलाई ढिलो चाँडो अनि कम बढी प्रभाव पारेकै हुन्छ । एउटा परिवारमा कायम भइरहेको वैवाहिक सम्बन्ध तोडिनूले प्रत्यक्ष रुपमा सामाजिक विघटनसँग सम्बन्ध राख्दछ । पारिवारिक सम्बन्ध टुट्नु भनेको सामाजिक संगठनमा कमी आउनू हो । समाज कमजोर हुनु हो । साथै यसले समाजमा विसृङ्खलता पनि निम्त्याउँछ जसले समाजका हरेक अङ्गहरु कुनै न कुनै रुपमा प्रभावित भइरहेका हुन्छन् । यस किसिमको सामाजिक अस्थिरताले सिङ्गो राष्ट्रलाई नै पद्धिल्तिर धकेलिरहेको हुन्छ । त्यस्तो परिवार र समाज बिचको सम्बन्धमा चिसोपन आउँदछ ।

त्यसकारण सम्बन्ध विच्छेद एउटा पारिवारिक दुर्घटना हुँदाहुँदै पनि यो सामाजिक दुर्घटना पनि हो । यस्तो दुर्घटना आइपर्नुमा समाज पनि जिम्मेवार रहन्छ । यस बारेमा अघिल्ला परिच्छेदहरूमा पनि थुप्रै चर्चा र विश्लेषण भइसकेका छन् । अध्ययनको क्रममा प्राप्त सामाजिक प्रभावलाई यहाँ संक्षेपमा उल्लेख गरिएको छ ।

**नकारात्मक प्रभावहरु :**

१. लोग्ने स्वास्नी बीच अविश्वास, शंका उपशंका र अन्तर द्वन्द्वका सम्भावनाहरू बढ्न गई मेलमिलाप, समझदारी, समर्पण र श्रद्धाको अभावमा सामाजिक शिथिलता र अस्थिरता उत्पन्न हुन सक्छ ।

२. बहुविवाह गर्ने परिपाटि बढ्न थालेको पाईन्छ ।

३. सम्बन्ध विच्छेदकर्ताहरूको सन्तानहरू टुहुरा सरह हुन गई तिनीहरूको भविष्य अन्यौलपूर्ण भएको देखिन्छ ।

४. सम्बन्ध विच्छेदकर्ताहरूको सन्तानहरुको शिक्षा दिक्षा, स्वस्थ उपचार, विवाह आदिमा कठिनाई उत्पन्न हुन पुगेको छ ।

५. देखासिकीले गर्दा नयाँ पुस्ताहरूमा सम्बन्ध विच्छेद गर्ने प्रवृत्ति बढ्न थालेको छन् ।

६. परिवारमा पुन : विवाह गर्दा झन थप समस्या पैदा भई विग्रहको स्थिति आउन थालेको छ ।

७. समग्रमा सम्बन्धविच्छेदले गर्दा समाजमा अर्को एउटा भार थुपारिन पुगेको देखिन्छ ।

यि विभिन्न असरका कारण समाजको शुचारु सञ्चालनमा कठिनाई उत्पन्न हुने गरेको पाईन्छ ।

**सकरात्मक प्रभावहरु**

१. स्वास्नी भएकै कारण श्रीमान् तथा परिवारबाट आइपर्ने अनावश्यक किसिमको दवाव पिडा सहेर पनि बस्नुपर्छ भन्ने हाम्रो धार्मिक र पूरातनवादि सोचमा परिवर्तन ल्याउने काम सम्बन्ध बिच्छेदले गरेको पाइन्छ ।

२. अबका दिनहरुमा श्रीमान्/श्रीमतीको हक अधिकार बराबर हुन्छन् र कसैले कसैको अनावश्यक नियन्त्रण र बन्धनमा बसिराख्नु पर्दैन भन्ने किसिमको चेतनाको विकास भएको पाइन्छ ।

३. श्रीमान् र श्रीमती एक रथका दुई पाँग्राा हुन् भन्ने उक्तिको ज्ञान सम्बन्ध विच्छेदबाट प्राप्त गर्न सकिन्छ ।

४. व्यक्तिगत स्वतन्त्रताको अनुभूति तनावपूर्ण वैवाहिक जीवन भन्दा सम्बन्ध विच्छेदबाट प्राप्त गर्न सकिन्छ ।

# परिच्छेद - आठ

## ८. सारांश, निष्कर्ष र सुझावहरू

### ८.१ सारांश

मानव सभ्यता  र संस्कृतिको विकास क्रमको साथ साथै आज मानव समाज पनि झन झन जटिल बन्दै गइरहेको छ । यसैगरी समयको परिवर्तनको साथ साथै मानिसहरूको कार्य क्षमता, शैली र भूमिकामा पनि परिवर्तन आउँदै गएको छ । सामजिक जीवनको अस्तित्त्वको लागि विकसित गरिएका विभिन्न सामाजिक संस्थाहरू मध्ये विवाह पनि एक हो । मानव सभ्यता र संस्कृतिको विकासको साथसाथै यस विवाह संस्थाको अस्तित्त्व र भुमिकामा पनि आज धेरै नै परिवर्तनहरू देखा परेका छन् ।

सामाजिक संगठनहरूको विस्तार र परिवर्तन तथा राज्य व्यवस्थाको निति कानुन अनुसारका ढाँचाहरूमा विवाह सम्बन्ध पनि रूपान्तरित हुन थाल्यो । धार्मिक संस्कार र अनुष्ठानमा बाँधिएको विवाह सम्बन्ध राज्य व्यवस्थाले पनि कानुनी रूपमा विवाहलाई सम्बन्धविच्छेद हुन सक्ने सम्बन्धको रूपमा व्यवस्था गरेबाट परिवार भित्रका विवाह विच्छेद र विखण्डनका घटनाहरू समाजमा प्रष्ट रूपमा देखिन थाले । समाजका धार्मिक कट्टरता, संस्कारिक मान्यताहरु र सामाजिक संरचनाहरू केहि मात्रामा खुकुलो हुदै आउन थाले । हिजो अस्तित्त्वविहिन अवस्थामा रहेका महिलाहरू आज आफ्नो हक अधिकारको लागि लड्दैछन् । युगौ देखिको पुरुषको बाहुल्यता रहेको समाजमा महिला अधिकार समानताको नाराहरू एक्कासि देखापर्दा प्रचलित सामाजिक व्यवस्था र मूल्य मान्यतामा उथलपुथल मच्चिन थाल्यो । परापूर्वकाल देखि चल्दै आएको विवाह संस्कार मूल्य, मान्यता रभावना विपरित हक अधिकारको नाममा लोग्ने र स्वास्नी बीच असमझदारी, मनोमालिन्य र द्वन्द्वको अवस्था सृजना हुन गई अन्ततः सामाजिक संरचनाका निरन्तरतामा अवरोधका संकेतहरू देखिन थाले । यस्ता बाधा व्यवधानलाई राज्य व्यवस्थाले निस्तेज पार्ने विभिन्न प्रयासहरू गरेता पनि यस्ता खालका घटनाहरू समाजमा बढ्दै जानुले विवाह संस्थाको अस्तित्त्वमाथि प्रश्न उठ्नु स्वभाविक नै थियो ।

यस शोधपत्रमा सम्बन्ध विच्छेदसँग सम्बन्धित कुराहरुलाई निष्कर्षमा निम्नबमोजिम उल्लेख गरिएको छ ।

यस शोधपत्रमा सम्बन्ध विच्छेदको वास्तविक स्थिति पहिचान गर्ने, सम्बन्ध विच्छेद निम्त्याउने मूल कारणहरुको खोजि गर्ने र सम्बन्ध विच्छेदले सामाजिक जिवनमा पार्ने असरहरुको

खोजी गर्ने उद्देश्यहरु राखिएको थियो । त्यसैगरी यस शोधपत्रको समस्याभित्र के विवाह जस्तो संस्थामा विखण्डन आउन लागेको हो । त्यसका लागि कस्ता-कस्ता पक्षहरु जिम्मेवा छन् ? जस्ता प्रश्नहरु समस्याको रुपमा देखिएका छन् । यस शोधपत्रको अध्ययन अनुसन्धानमा अन्वेषणात्मक र वर्णनात्मक पद्धति अपनाइएको छ भने प्राथमिक र द्वितीय श्रोतहरुबाट तथ्याङ्क एवं सूचनाहरु संकलन गर्ने प्रयास गरिएको छ ।

विवाह वरदान कि अभिशाप भन्ने शिर्षकमा विवाहको परिभाषा प्रकार एवं कार्यहरुको समिक्षा गरिएको छ । यस भागमा सम्बन्ध विच्छेदको प्रकार र त्यस सम्बन्धी नेपाली कानूनी व्यवस्था र प्रक्रियाको बारेमा विवेचना गरिएको छ । प्राप्त तथ्याङ्कहरुलाई जातिगत, पेशागत, उमेर, शिक्षा आदि विभिन्न आधारमा तालिकिकरण गरिएको छ । सम्बन्ध विच्छेदको मुख्य कारणहरुमा सम्बन्ध विच्छेदकर्ताको निजीकरण, शारीरिक वा मानसिक यातना पूर्ण व्यवहार, यौनिक असन्तुलन, सामाजिक-सांस्कृति भिन्नता एवं वर्गीय असमानता जस्ता कुराहरु अध्यनको क्रममा पाइएको छ । यसैगरी सम्बन्धविच्छेदले तीन क्षेत्र खासगरी स्वयं जोडिहरुमाथि, सन्तानहरु तथा परिवारमाथि र समाजमाथि असर गरेको कुरा अनुसन्धानको क्रममा देखियो ।

यस शोधपत्र अध्ययनको क्रममा त्यस्ता धेरै कारणहरू रहेका देखिन्छन जसले विवाहलाई विखण्डनको अवस्थामा धकेलिदिएको छ । खास गरेर सम्बन्ध विच्छेदसँग सम्बन्धित कारणहरूलाई दुई भागमा विभाजन गरिएको छ ।

क) विवाह अगाडिको अवस्था

ख) विवाह पछिको अवस्था

## क) विवाह अगाडिको अवस्था

विवाह अगाडिको अवस्था भन्नाले जोडी छनौट प्रक्रियामा अवलम्बन गरिएका विभिन्न प्रक्रियाहरू जस्तै स्वस्थ पहिचान, परिपक्कता, हार्दिक सहमती जस्ता विषहरूलाई विवाह पुर्व निकै महत्त्व दिई आत्मसाथ गर्न नसक्दा विवाह टुट्न सक्ने तथ्य अनुसन्धानबाट प्राप्त तथ्याङ्कबाट पृष्टि भएको छ ।

अध्ययनको क्रममा नमूना छनौटमा परेका कुल १५ जोडी सम्बन्ध विच्छेदकर्ताहरू मध्ये १६ जना अर्थात ५३.३३% महिला तथा पुरुषको कलिलै उमेरमा विवाह भएको थियो । यसरी कलिलै वा सानै (सामान्यतया २० वर्ष भन्दा कम उमेर) उमेरमा विवाह गर्दा पारीवारीक जीवनलाई सुचारूपूर्वक अगाडि बढाउनमा जोडीहरूको विचमा परिपक्कताको विकास भई सकेको

नहुँदा उनीहरू असक्षम नै देखिन्छन् । जसले गर्दा विखण्डनको स्थिति देखा पर्न गएको पाईन्छ । अपरिपक्क उमेरमा विवाह गर्दा शैक्षिक क्षेत्रमा पनि त्यतिकै नकारात्मक प्रभाव परेको देखिन्छ ।

त्यसैगरी स्वस्थ्य पहिचान हुन नसक्नु पनि सम्बन्ध विच्देदको प्रमुख कारक तत्त्वमध्ये एक हुने कुरा अनुसन्धानको क्रममा पाइएको छ । दैनिक रूपमा हुने क्रियाकलालाई सुचारु र सन्तुलित बनाई राख्नको लागि एक अर्काको सहयोग त्यतिकै आवश्यक छ । त्यसको लागि विवाह हुनुभन्दा अगाडि नै एक अर्का प्रति राम्रोसँग जानकारी हुनु आवश्यक हुन्छ । आफ्नो व्यक्तिगत वा मनोगत, शारीरिक, सामाजिक कुराहरूलाई राम्रोसँग चिनाउनु र अर्को पक्षको यि कुराहरूको बारेमा राम्रोसँग चिन्नु जान्नु आवश्यक हुन्छ । यिनै कुरा वा विषयहरूको पहिचान नभएर गरेको विवाह अपूर्ण र कमजोर बन्न जान्छ । यस अध्ययनको क्रममा स्वस्थ पहिचान नभएरै भएका विवाह ६०% छन् । जसले गर्दा उनीहरु बीचमा मनोमालिन्य हुन गई अन्तर द्वन्द्व बढ्न गई मनोबैज्ञानिक वा मानसिक पिडा बोकिरहेको भनाई उत्तरदाताको थियो ।

अपरिपक्व उमेरमामा नै एक आपसमा खुल्ला अन्तरक्रिया र स्वस्थ पहिचानको अभावमा विवाह गर्नेहरूको संख्या पनि धेरै नै देखिन्छ । कतिपय घटनाहरू एक अर्का प्रतिको मंजुरी विना नै पारिवारिक दवावमा विवाह बन्धनमा बाधिन पुगेका छन भने कतिपय जोडिहरूको पारिवारीक सहमति विना विवाह भएको कुरा अध्ययनको क्रममा पाइएको छ । नमूनाको लागि छनौट गरिएका १५ जोडी मध्ये ७ जोडी अर्थात ४६.६७% को विना सहमति विवाह भएको देखिएको छ । विना सहमति गरिएका विवाह भित्र मागी विवाह गरेका जोडीहरू परेका छन् । यस्तो विवाहमा अन्तरद्वन्द्व, तनाव र बेमेल सृजना भई विवाह विच्छेदको स्थितिमा पुगेका छन् । यस किसिमले हार्दिक सहमति पश्चात निर्मित दाम्पत्य जीवन छ भने अवश्य पनि पारिवारिक गठबन्धन सुमधुर र सन्तुलित हुनेछ । पुर्ण मंजुरी वा सहमति विनाको दाम्पत्य जीवन अपाङ्ग र अधूरो रहन्छ । एक आपसको मर्यादा एवम् समझदारी विनाको दाम्पत्य जीवनमा सधैं विखण्डनको खतरा रहिरहन्छ । जहिले पनि परिवार खण्डित अवस्थामा पुग्न सक्छ ।

**ख) विवाह पश्चातको स्थिति**

सम्बन्ध विच्छेद हुने दोस्रो कारक तत्त्वको रूपमा विवाह पश्चातको स्थितिलाई मानिएको छ । समान पृष्ठ भूमि भएका र पारिवारीक मंजुरीमा विवाह भएको भएतापनि सामाजिक संस्कार, चालचलन, रितिरिवाज, धार्मिक मूल्य मान्यता आदि कुराहरूमा कहि न कहि मनभेद र फरक दृष्टिकोण देखा पर्न थाल्दछ । एकपछि अर्को गर्दै विभिन्न क्रियाकलापहरूमा मतभेद र टकराव

बढ्दै जान थालेपछि विवाह अगाडिको स्थितिमा भए गरेका सामान्य कमजोरी वा त्रुटिहरू पनि हाल द्वन्द्व र मनोमालिन्यको विषयको रूपमा देखा परेका छन् ।

वैवाहिक सम्बन्धलाई अद्योगतिमा लैजाने वा यसको प्रगतिको बाधक तत्त्वको रूपमा परिवारका सदस्यहरू बीचको आपसि सम्बन्ध, पारिवारीक मनोवृत्ति, सामाजिक बर्गीय दृष्टिकोण रहेका छन् । बुहारीलाई घरमा छोरीसरहको व्यवहार नगरिनु, बुहारीलाई 'कमैया' सरहको व्यवहार गरिनु तथा भिन्न पारिवारीक पृष्ठभुमिबाट आएका बुहारीहरू प्रति परिवारका सदस्यहरूको फरक-फरक व्यवहार र दृष्टिकोण राखिनु जस्ता कुराहरूले वैवाहिक गठबन्धनलाई कमजोर तुल्याउँछ । कम दाइजो ल्याउने बुहारीलाई हेप्ने वा हेला गर्ने प्रवित्ति देखिएको छ । यस अध्ययनमा पनि ४ जोडी अर्थात २६.६७% जोडीहरू दाइजोका कारण सम्बन्ध विच्छेद गर्न पुगेका छन् ।

यसैगरी विवाह पश्चातको स्थितिमा यौनिक असन्तुलनलाई पनि लिइएको छ । हाम्रो समाजमा रुढिवादी मान्यता अन्धविश्वासले जरो गाडेर बसेको छ । सन्तानको आशामा वा छोरी-छोरी मात्र भए छोराको आशामा सौता ल्याइएका घटनाहरू पनि अध्ययनको क्रममा देखिएका छन् जसबाट पूर्व पत्नि प्रति गरिएको अपमानजनक व्यवहार र सोहि अनुरूपको क्रियाकलापले पूर्व पत्निमा मनोवैज्ञानिक असर पर्न गई दाम्पत्य जीवन असन्तुलित बन्न पुगेको देखिन्छ । अध्ययनमा लिइएका नमुनाहरू मध्ये २ जोडी अर्थात १३.३३% मा यौन असन्तुष्टिका कारण सम्बन्ध विच्छेद भएको छ । लोग्नेको जाँड रक्सी खाने बानी, परस्त्रीसँगको अनैतिक सम्बन्ध र अवैध यौन क्रियाकलापमा संलग्न हुने लोग्ने/स्वास्नीको चरित्रहिन व्यवहार आदिका कारण परिवारमा झगडाको बीउ रोपिन गई वैवाहिक जीवन खलबलिन पुगेको देखिन्छ । जाडरक्सीको कारण ३ जोडी अर्थात २०% विवाह बन्धनको समाप्ती भएको तय अनुसन्धानको क्रममा पत्ता लागेको छ ।

हाम्रो समाजमा छोरा र छोरी प्रति सानै उमेरदेखि घर, परिवारमा भेद भावपूर्ण व्यवहार गर्ने गलत संस्कार र मान्यता प्रचलनमा छ । पुरुष भएर महिलाको नियन्त्रणमा रहनु हुँदैन, घरमा आईमाई भाले हुनु भनेको पोथी बास्नु हो आदि जस्ता कुराहरूको गलत संस्कार बसिसकेको छ । त्यसै गरेर महिलाले जस्तो सुकै परिवेशमा हुँदा पनि सहेर बस्नुपर्दछ । विवाद गर्नु हुदैन आदि जस्ता मान्यताहरूलाई जवरजस्ती लादिएको हुन्छ । विगत केही बर्ष यता महिलाहरूमा शिक्षा र चेतनाको विकासले निकै फडको चालिसकेको छ । विभिन्न सामाजिक संघ-संस्थाहरूले पनि महिलाहरूलाई आफ्नो हक अधिकार तर्फ सचेत र संगठित हुन प्रेरित गरिरहेका छन् । फलस्वरूप विगतमा अस्तित्त्व विहीन रूपमा कुन्ठीत भएर बसेका नारीहरू आज आफ्नो छुट्टै अस्थित्व र स्वाभीमानका निमित्त जुर्मुराउदै छन् । उनीहरूमा पनि चेतनाको विकास तिब्र रूपमा भइरहेको देखिन्छ । उनीहरू पनि अन्य पुरुष सरह राम्रो शिक्षा हासिल गरेर कुनै पेशा प्रति आवद्ध हुन

चाहन्छन् र आफ्नो खुट्टामा आफै निर्भर हुन  चाहन्छन् घरायसी धन्दा र चुला चौकामा मात्र सिमित हुन चाहदैनन् । फलस्वरूप यस्ता महिलाहरू पुरुषको पुरानो सोचाई र सीमाभित्र अटाउन नसक्दा द्वन्द र टकरावको स्थिति आई अन्ततः सम्बन्ध विच्छेद तर्फ उन्मुख भएको कुरा अध्ययनको क्रममा सम्बन्धित व्यक्तिहरूको अभिव्यक्तिबाट स्पष्ट हुन्छ ।

सम्बन्ध विच्छेद गर्नु सामान्यतया राम्रो कुरो होइन । तर पनि कतिपय अवस्थामा वैवाहिक जीवनलाई निरन्तरता दिइरहनु भन्दा त्यस्तो वैवाहिक जीवन बाट छुट्टी पाउनु दुवै पक्षको हितमा हुन जान्छ । त्यसकारण यस्ता जटिल अवस्थाहरूमा गरिने सम्बन्ध विच्छेदलाई भने राम्रै रूपमा लिईन्छ । तर सम्बन्ध विच्छेदलाई पूर्ण रूपमा आत्मसाथ वा स्विकार गर्न नसक्ने हाम्रो जस्तो समाजमा यस्ता घटनाहरूले हलचल वा उथलपुथल पैदा गर्दछ । सम्बन्ध विच्छेदका पक्षहरूमध्ये पुरुष र महिलालाई सहयोग एवम् सहानुभूति दिनु भन्दा पनि झन हेपाइको दृष्टिकोणले व्यवहार गरिन्छ । यसैगरी सन्तान विहिनहरूका लागि नयाँ दाम्पत्य जीवनले केहि राहत त हेला तर सन्तान हुनेहरूका हकमा भने ति सन्तानको आमा बाबुको उचित संरक्षण र मायाको अभावमा गलत कामको सिकार हुन पुग्छन् ।

### ८.२ निष्कर्ष

सम्बन्ध विच्छेद आफैमा दुर्घटना होइन यो त दुर्घटनापूर्ण विवाह र विसंगत दाम्पत्यको परिणति हो । व्यक्ति विरामी हुनु रोगको कारणले हो र रोग लाग्नु व्यक्ति र वातावरणको अन्तरक्रियात्मक व्यवहारको परिणाम हो । सम्बन्ध विच्छेद हुनमा धेरै तत्त्वहरूको प्रक्रियागत कारण जिम्मेवार रहेको कुरा अध्ययनको क्रममा प्राप्त तथ्याङ्कबाट देखिएको छ । अवधारणागत खाकामा उल्लेख गरे झै सम्बन्ध विच्छेदको विजारोपण विवाह सँगै भएको देखिन्छ र केहि समयको अन्तर सम्बन्ध र अन्रक्रियामा पारिवारीक व्यवस्थाका विभिन्न पक्षहरू बीचको अन्तर सम्बन्ध र अन्तरक्रियामा सोही बीउ फैलिदै जानाले सम्बन्ध विच्छेद जन्मिएको हो । जस अनुसार परिपक्वता, स्वस्थ पहिचान, हार्दिक सहमतिको अभाव त्यसैगरी शिक्षा, पेशा, करकापको विवाह, शारीरिक तथा मानसिक यातनापूर्ण व्यवहार, यौनिक असन्तुलन, सामाजिक, सांस्कृतिक भिन्ता एवं वर्गीय असमानता विद्यमानता रहनु नै सम्बन्ध विच्छेदको मूल कारणहरु भएको कुरा अनुसन्धानका क्रममा पत्ता लागेका तथ्यहरु हुन् । त्यसैगरी सम्बन्ध विच्छेदले स्वयम जोडिहरुलाई, उनीहरुका सन्तान एवं परिवारहरुलाई र समाजलाई असर पारेको तथ्य अनुसन्धानबाट पत्ता लागेको छ ।

नेपालमा २०२० सालको मुलुकी ऐन भन्दा अगाडि सम्बन्ध विच्छेदले कानुनी मान्यता पाएको थिएन । विभिन्न समुदाय एवम् जातजातिमा भने विभिन्न रूप र शैलीमा सम्बन्ध

विच्छेदको आ-आफ्नै परम्पराअनुसार अभ्यास हुने गर्दथ्यो । हाल आएर सुचना र संचारको पहुँचको कारण, पश्चिमेली संस्कृतिको प्रभाव एवम् लोग्ने स्वास्नीमा एक अर्का प्रतिको आत्मसम्मान हक अधिकार प्रति सचेत हुनाले सम्बन्ध विच्छेदको दर तिब्र हुनुका साथै अदालतमा पनि यस सम्बन्धी मुद्दाहरू सामान्य मुद्दा सरह दर्ता भएको पाईन्छ । यस्तो दर वृद्धि हुनुमा विभिन्न सामाजिक, आर्थिक, शैक्षिक, यौनिक कारणहरूको भूमिका प्रमुख रहेको देखिन्छ । वैवाहिक सम्बन्ध समाप्त भएपछि पूर्व जोडिहरु र उनीहरुका सन्तानलाई उचित संरक्षण र नयाँ क्रियाशिलता दिन आजको सामाजिक व्यवस्था सक्षम भै नसकेकाले संरक्षण र सन्तुलित क्रियाशिलताको अभावको कारण सम्बद्ध व्यक्तिहरू असामान्य स्थितिको शिकार भइरहेका छन् । उनीहरूको परिवार तथा इष्ट मित्रहरूमा पनि नकारात्मक असर परेको देखिन्छ ।

सन्तान विहीन सम्बन्ध विच्छेद भन्दा सन्तान सहितको सम्बन्ध विच्छेद बढी असरकारी देखिएको छ । आमा - बाबुको वेमेल र विच्छेदपूर्ण परिस्थीति तथा उचित माया र संरक्षणको अभावमा बच्चाहरू असामान्य स्थितिका सिकार भएका देखिन्छन् । केहि सम्बन्ध विच्छेदकर्ताहरूले तत्कालका लागि राहत महशुल गरे पनि दीर्घकालीन रूपमा अन्योल र संकटको अवस्था पर्न सक्ने बताउँछन् ।

अध्ययनको क्रममा प्राप्त तथ्याङ्कलाई हेर्दा सम्बन्ध विच्छेदको दर क्षेत्री जातिमा सबैभन्दा धेरै छ । आफै विवाह गर्ने भन्दा अभिभावकको सक्रियतामा भएका विवाह वढी असफल भएको प्राप्त तथ्याङ्कले देखाएको छ । पेशागत दृष्टिकोणले प्राईभेट क्षेत्र र व्यापार व्यवसायमा सम्बन्धविच्छेदको दर बढी पाइयो । यसो हुनुमा कार्यव्यस्तता एवम् काम प्रतिको अविश्वसनियता रहेको कुरा कुराकानीको क्रममा पाइयो । शिक्षाको आधारमा हेर्दा दश कक्षासम्मको शिक्षा हासिल गरेकाहरूमा सबैभन्दा बढी र स्नातक भन्दा माथिल्लो स्तरको शिक्षा हासिल गर्नेमा सबैभन्दा कम सम्बन्ध विच्छेद हुने गरेको देखियो । साथै सन्तानको हकमा छोरीमात्र हुने जोडीहरूमा सम्बन्ध विच्छेद धेरै भएको देखिएको छ । साथै सजातीय विवाह गरेकाहरुमा र विवाहमा असहमति रहेका मामिलाहरूमा सम्बन्ध विच्छेदको दर अत्यन्त धेरै छ । उमेरको दृष्टिकोणले विस वर्ष भन्दा तलको उमेरमा विवाह भएकाहरूको विवाह अन्त्यको दर अत्यन्त बढी छ । यसैगरी प्रेम विवाह होस् या मागी विवाह दुवैमा स्वस्थ पहिचानको अभावमा भएको विवाह विच्छेदको दर बढी रहेको छ र दाइजोका कारण विवाह टुट्ने दर पनि अत्यधिक नै छ भने छोराछोरीको चाहना, छोराको चाहना, यौन असन्तुष्टी आदी कारणले पनि वैवाहिक जीवनको अन्त्य भएको पाईयो ।

यस अध्ययनबाट सम्बन्ध विच्छेद हुने प्रमुख कारणहरूमा कुटपिट, मानसिक, शारीरिक यातना, एक अर्काप्रति अविश्वास, श्रीमान वा श्रीमतीको पर पुरुष वा महिलासँगको अनैतिक सम्बन्ध, छोराछोरीको चाहना, दाइजो, कार्य व्यस्तता,अन्तरजातीय  विवाहको कारण सामाजिक मुल्य मान्यतामा भिन्नता, श्रीमानले जाँड रक्सी खानु, यौन असन्तुष्टी आदि विभिन्न कारणहरू रहको देखिन्छन् ।

सम्बन्ध विच्छेद पश्चात आधाभन्दा बढीमा मानसिक तनाव पैदा भएको, पुरुषको तुलनामा महिलालाई जीवन सुचारु गर्न गाह्रो भएको कुरा उत्तरदाताहरू बाट पाइयो । बाबु आमाको सम्बन्धविच्छेद पश्चात बच्चाहरू धेरैजसो आमासँग त्यसैगरी बाबु, मावली र अन्यको आश्रयमा बसेको पाईयो ।

यस अनुसन्धानबाट प्राप्त तथ्याङ्क र निचोडले पाठकवृन्द्ध र नीति निर्माणकर्ताहरूलाई समाजमा बढ्दै गईरहेको सम्बन्ध विच्छेदको बारेमा अझ धेरै जानकारी हासिल गर्न सहयोग पुग्न सक्छ भन्ने मैले आशा राखेको छु ।

सम्बन्ध विच्छेद एउटा व्यक्तिगत घटना जस्तो देखिएता पनि हाम्रो सामाजिक संरचना, मूल्य मान्यता, दृष्टिकोणलाई हेर्दा यो निकै जटिल सामाजिक समस्याको रूपमा देखापरेको छ । किनकी सम्बन्धविच्छेद केवल विच्छेदकर्ता माझ सीमित नरही यसको प्रभाव र असर निजहरूको परिवार, बालबच्चा, नातागोता र समाजमा पनि परेको हुन्छ ।

सम्बन्धविच्छेदलाई सहजै रूपमा लिन नसक्ने हाम्रो माजमा यस्ता घटनाहरू दिन प्रतिदिन बढ्दै गएका देखिन्छन् । यसै सम्बन्धमा शोधकर्ता स्वयमंबाट सम्बन्धीत क्षेत्रमा गई सम्बन्ध विच्छेदकर्ताहरूसँग सोधपुछ गरेर यस विषयमा विभिन्न जानकारी लिइएको थियो । यसलाई एउटा सामाजिक समस्याको विषयको रूपमा लिनुपर्ने शोधकर्ताले आवश्यक ठानेको छु । सम्बन्ध विच्छेद जस्तो गहन विषयमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति, संस्था तथा सरोकारवाला पक्ष एवं वैवाहिक बन्धनमा बाँधिन चाहने पक्षहरु तथा उक्त कार्यमा सहयोगी भूमिका खेल्ने जानकारीको लागि अध्ययन/अनुसन्धानको क्रममा मेरा भोगाई, गराई र अनुभवहरुलाई बुँदागत रुपमा निम्न बमोजिम राख्ने प्रयास गरेको छु ।

१. सम्बन्धविच्छेद हुनमा विवाह पूर्वका अवस्थाहरू अपरिपक्कता स्वस्थ पहिचान एवम् हार्दिक सहमति जस्ता तत्त्वहरूले प्रभाव पार्ने हुँदा विवाह हुनु भन्दा पहिले यि कुराहरूको बारेमा व्यापक छलफल र चिन्तन मनन हुन आवश्यक छ । अपरिपक्व उमेर वा सानै उमेरमा विवाह गर्नु अत्यन्त घातक सिद्ध हुने हुनाले उचित शिक्षा र परिपक्व उमेर

(केटाको लागि २५ वर्ष पारी र केटीको लागि २० पारी) मा विवाह गर्नुपर्दछ । हुन त नेपाली कानूनमा गरिएको व्यवस्था अनुसार केटाकेटीको उमेर संरक्षकको मञ्जुरी भए अठार र मञ्जुरी नभए बिस वर्ष तोकिएको छ ।

२. विवाह गर्नु पूर्व केटा र केटी बीचमा खुलस्त संवाद र दुवै पक्षको परिवारसँग प्रशस्त घुलमेलको अवसर दिएमा उनीहरू बीच बानी, व्यवहार तथा चालचलन बारे प्रशस्त ज्ञान भई समझदारीको विकास हुन सक्ने हुँदा यस्तो प्रक्रिया पुऱ्याई विवाह गर्ने गरेमा यसले सम्बन्ध विच्छेद हुने सम्भावनालाई न्यून गर्न मद्दत पुऱ्याउन सक्छ ।

३. घरेलु हिंसालाई न्यूनीकरण गर्नको लागि पुरषहरूलाई पनि केन्द्रित गरेर शसक्तीकरण र जागरणमूलक कार्यक्रम सरकारी वा गैरसरकारी संघ / संस्था मार्फत प्रभावकारी रूपमा परिचालन गर्नु उचित हुन्छ ।

४. सरकारी वा गैह्र सरकारी संघ संस्थाहरूले श्रीमान र श्रीमतीको बीचमा बेमेल तनावको स्थिति सृजना भएमा बेलैमा सल्लाह र परामर्श दिने तथा मध्यस्तता गर्ने जनशक्तिको उत्पादन र परिचालन गर्नाले सम्बन्ध विच्छेदलाई केहि हदसम्म भएपनि न्यून पार्न सकिन्छ ।

५. सम्बन्ध विच्छेदसँग सम्बन्धित त्यस्ता संचालित कार्यक्रमहरूको प्रभावकारीता अध्ययनका लागि समय समयमा अनुगमन र मूल्याङ्कन गरिनु पर्दछ ।

६. कानुनमा सम्बन्ध विच्छेद सम्बन्धी व्यवस्था भएबाट समाजमा सम्बन्ध विच्छेदका घटनाहरू दिन प्रतिदिन वृद्धि हुदै गइरहेका छन् । यसले सम्पूर्ण समाजलाई नै प्रभावित गरिराखेको हुन्छ । यसको लागि जनस्तरमा नै सम्बन्ध विच्छेदबाट हुने असर वालवालिका र समाजमा परेको प्रभाव आदि वारेमा जनचेतनामूलक कार्यक्रम संचालन गर्नु आवश्यक देखिन्छ ।

७. सम्बन्धविच्छेदबाट विचलित हुन पुगेका बालबालिकाहरूलाई राज्य तर्फबाट शिक्षालाई विश्वविद्यालय स्तरसम्म सर्वसुलभ बनाउनुका साथै नागरिकलाई सभ्यता र नैतिक शिक्षाको बारेमा व्यवहारिक ज्ञान उपलब्ध गराइनु पर्दछ । यस किसिमको ज्ञानले मानिसहरूलाई एक अर्का प्रतिको भावना बुझ्न सक्ने र सहनशील बन्न सक्ने जस्ता क्षमताको विकास गराउँदछ । फलस्वरूप सम्बन्धविच्छेदको दरमा कमी ल्याउन सहयोगी हुन सक्दछ ।

# सन्दर्भ सामाग्रीहरू


१. आचार्य, बलराम, २०५५, नेपाली समाजाम विवाह र सम्बन्ध विच्छेद एक समाजशास्त्रीय अध्ययन, समाजशास्त्र स्नातकोतर तहको आंशिक पाठ्यक्रम पूर्तिको लागि प्रस्तुत शोत्रपत्र त्रि.वि.वि. कीर्तिपुर ।

२. आचार्य, बलराम, २०५६, विवाह विच्छेदका कारणहरू, नेपाल समाचारपत्र ।

३. आचार्य बलराम, २०६२, अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन, नेशनल बुक सेन्टर, काठमाडौँ ।

४. अधिकारी, शारदाकुमारी, २०५९,विवाह विच्छेदका कारण र असर एक समाजशास्त्रीय अध्ययन, समाजशास्त्र स्नातकोत्तर तहको आंशिक पाठ्यक्रम पूर्तिको लागि प्रस्तुत शोधपत्र, त्रि.वि.वि., पाटन बहुमुखी क्याम्पस, ललितपुर ।

५. कञ्चनपुर जिल्ला अदालत, अभिलेख, आर्थिक वर्ष २०६५/०६६

६. कान्तिपुर दैनिक, पुष, २०६६

७. कानुन, जान्नै पर्ने कुराहरू २०६५, नेपाल बारएशोसिएसन, केन्द्रीय समिति काठमाडौ ।

८. कानुनी सहयोग तथा परामर्श केन्द्रद्वारा संचालित 'महिलाहरु हेल्पलाइन द्वारा प्रकाशित बुलेटिनहरू ।

९. कानून, पूर्णाङ्क २३, २०५७ ।

१०. थापा मगर, गंगा, २०६३, सम्बन्धविच्छेद र महिलाको सामाजिक आर्थिक विकास एक समाजशास्त्रीय अध्ययन, समाजशास्त्र स्नातकोत्तर तहको आंशिक पाठ्यक्रम पूर्तिका लागि प्रस्तुत शोधपत्र, त्रि.वि.वि. पाटन बहुमुखी क्याम्पस, ललितपुर ।

११. पत्रिका, नागरिक दैनिक, चैत्र २०, २०६६

१२. बराल, रामचन्द्र, २००६ ।

१३. मनुस्मृति, १९८६ ।

१४. मुलुकी ऐन, १९१० (सरेन्द्रको पालाको) श्री ५ को सरकार कानुन किताब व्यवथा समिति, काठमाडौ ।

१५. मुलुकी ऐन, २०२० (बाह्रौ संशोधन ) नेपाल सरकार कानुन किताब व्यवस्था समिति, काठमाडौ ।

१६. "महिलाहरूको बढ्दो चेतनाका कारण बढ्दो रूपमा रहेको सम्बन्ध विच्छेद" पत्रिका कान्तिपुर २०६५ ।

१७. लम्साल, नारायण प्रसाद, २०४९, पारिवारिक कानुन रत्न पुस्तक भण्डार, काठमाडौं ।

१८. सक्सेना सुरेन्द्रनाथ, २०००, मनुस्मृति, मनोज पब्लिकेसन्स, दिल्ली ।

१९. सिंह, टोपबहादुर २०३८, कानूनी शब्दकोष ।

२०. श्रेष्ठ, साधना, अधिवक्ता, न्यायदुत, २०५८ ।

२१. श्रेष्ठ, ज्ञाइन्द्र बहादुर, २०४९, पारिवारिक कानुन, ते.स. काठमाडौँ, पैरवी प्रकाशन ।

२२. शर्मा, कमलराज, २०५० ।

२३. हिमाल खबर पत्रिका, 29 May, 2004

२४. Black's law Dictionary, 10th Edt, 1996

२५. Dr. Thapaliya, shanta, 1995, "Customary practices of divorce in Nepalese society" Lalitpur, legal Aid and consultancy center.

२६. Encyclopedia Britannica, 1990.

२७. Frank, H, Hankins "Divorce" 1931 in man selig Edurin R.A Allin Johnson, Encyclopedia of the social scince vol 5, New york, The macmillan company.

२८. Hindu marriage act 1955

२९. Neetu Dubey, Nov 07,2005 Nepalnews. com.

३०. Paten, sosamma, 1986 'Divorce; It's causes and consequenecs in Hindu society (Reprint 1996) New Delhi, vikas publishing house,Pvt. Ltd.

३१. Sangroula, Yubraj and Pathak, Geeta, Gender and Law Nepalese Perspective, Pairabi Prakashan, 2002

**प्रश्नावली**

## सम्बन्धविच्छेद कारण र असर

## वैयक्तिक अध्ययन प्रश्नावली अनुसुची

अनुसुची नं. अन्तरवार्ता मितिः ..........

१. उत्तरदाताको नाम, थरः ...............................................................

२. हालको उमेर : ........................................

३. हालको ठेगाना : ........................................

स्थायीः जिल्ला ..................... गा.वि.स./न.पा. ........................................ वडा. नं........................... अस्थायी : जिल्ला ........................................ गा.वि.स./ न.पा. ................................. वडा. नं. .......................

४. तपाई अहिले कुन पेशा अपनाउनु भएको छ ?

..........................................................................................................

५. तपाईले कति कक्षासम्मको शिक्षा हासिल गर्नु भएको छ ?

..........................................................................................................

६. तपाईका सन्तान कति छन् ?

..........................................................................................................

७. तपाईको विवाह कुन किसिमको थियो ?

क. प्रेम विवाह ( ) ख. मागी विवाह ( ) ग. अन्य विवाह ( )

८. तपाईको विवाह गर्दाको उमेर कति थियो ?

क. श्रीमानको ( ) ख. श्रीमतिको ( )

९. विवाह गर्दाको समयमा तपाइले कति कक्षा सम्मको अध्ययन गर्नुभएको थियो ?

..................................................................................................

१०. विवाह गर्नुभन्दा अगाडी तपाईलाई श्रीमानको बारेमा केही जानकारी थियो ? वा थिएन ?
क. अलिअलि थियो ( ) ख. राम्रोसँग थियो ( ) ग. थिएन ( )

११. विवाह गर्नमा तपाईको पूर्ण सहमति थियो ? वा थिएन ?
क. थियो ( ) ख. थिएन ( )

१२. विवाहको क्रममा तपाईहरूबीच खुल्ला छलफल गरि स्वस्थ पहिचान गर्नुभएको थियो ? वा थिएन ?
क. थियो ( ) ख. थिएन ( )

१३. विवाह पश्चान तपाईले आफ्नो जीवनसाथिको बारेमा सुने अनुसार कस्तो पाउनु भयो ?
क. राम्रो ( ) ख. ठिके ( ) ग. नराम्रो ( )

१४. विवाह पश्चात तपाइहरूले भविष्यको बारेमा कुनै योजना बनाउनु भएको थियो ? थियो भने कस्तो प्रकृतिको योजना थियो होला ?

..................................................................................................

१५. विवाह पश्चात तपाईहरूको बीचमा कतिको समझदारी रहन्थ्यो ?
क. राम्रो ( ) ख. ठिकै ( ) ग. राम्रो थिएन ( )

१६. तपाईहरू बीचमा झगडा हुने विषयवस्तुहरू के-के थिए ?
............................................................................

१७. परिवारप्रति तपाईको कुनै असन्तुष्टि थियो ? वा थिएन ?
क. थियो ( ) ख. थिएन ( )

१८. परिवारप्रति असन्तुष्टि थियो भने के कस्तो खालको असन्तुष्टि थियो ?
..................................................................................................

१९. सम्बन्ध विच्छेद गर्ने कुरा पहिले कसले उठायो ?

क. श्रीमानले ( ) ख. श्रीमतीले ( )

ग. परिवारले ( ) घ. माइतीले ( )

२०. सम्बन्ध विच्छेद गर्नुको प्रमुख कारण के थियो ?

...........................................................................................................

२१. तपाईहरूका बीच एक अर्काको चरित्र सम्बन्धी विषयलाई लिएर विवाद भएको थियो ? वा थिएन ?

क. थियो ( ) ख. थिएन ( )

२२. तपाईलाई सम्बन्ध विच्छेद गर्न कसैले प्रेरित गरेको हो ? हो भने किन ?

...........................................................................................................

२३. वैवाहिक सम्बन्ध तोडिएपछि हाल तपाइले कस्तो महसुस गर्नु भएको छ ?

...........................................................................................................

२४. सम्बन्ध विच्छेद हुनु राम्रो हो वा होइन ? हो भने किन ? होईन भने किन ?

...........................................................................................................

२५. सम्बन्ध विच्छेद भइसकेपश्चात तपाइप्रति समाजको दृष्टिकोण कस्तो छ भन्ने लाग्छ ?

...........................................................................................................

२६. सम्बन्ध विच्छेद पश्चात हाल तपाइ कसरी बस्दै आउनु भएको छ ?

क. एक्लै ( ) ख. माईतीमा ( )

ग. पून : विवाह गरी ( ) घ. अन्य ( )

२७. पुन : विवाह नगरेको भए पुन : विवाह गर्ने सोचाई राख्नु भएको छ कि छैन ?

...........................................................................................................

२८. छोराछोरी छन् भने हाल कहाँ छन् ?

...........................................................................................................

२९. सम्बन्ध विच्छेदले तपाईको बच्चाहरूलाई केही असर पारेको जस्तो लाग्छ ? यदि लाग्छ भने कस्तो खालको असर पारेको छ ?

...........................................................................................................

३०. सम्बन्ध विच्छेदले तपाई र परिवारको भविष्यमा कस्तो असर पारे जस्तो लाग्छ ?

..........................................................................................

३१. तपाईको विचारमा सम्बन्ध विच्छेदले समाजमा कस्तो असर पार्ला जस्तो ठान्नुहुन्छ ?

..........................................................................................

..........................................................................................

३२. सम्बन्ध विच्छेद पश्चातका दिनहरूमा तपाईले गर्नु भएको अनुभवका बारेमा केहि बताईदिनुहुन्छ कि ?

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

३३. अन्तमा सम्बन्ध विच्छेदको बारेमा तपाइको भनाई वा सल्लाह सुझाव केहि छ कि ?

..........................................................................................

..........................................................................................

**धन्यवाद !!!**

# कञ्चनपुर जिल्लाको नक्शा



## अध्ययनको क्रममा सहभागी सम्बन्ध विच्छेदकर्ताहरुको नामावली

| क्र.सं. | वादी | क्र.सं. | प्रतिवादी |
|---|---|---|---|
| १ | मञ्जु देउवा | १ | तेज बहादुर देउवा |
| २ | बालिका बालमिकि (डगौरा) | २ | राजेश बालमिकि |
| ३ | गोमा सिंह | ३ | रतन बहादुर सिंह |
| ४ | निर्मला बडु | ४ | रमेश बडु |
| ५ | जानकी ठगुन्ना धामी | ५ | पदम सिंह ठगुन्ना |
| ६ | पवनदेवी डगौंरा | ६ | लाल बहादुर डगौरा |
| ७ | दुर्गा सिंह | ७ | सुवास सिंह |
| ८ | मायादेवी पाण्डेय | ८ | घनश्याम पाण्डेय |
| ९ | देवकी जोशी | ९ | केशवराज जोशी |
| १० | लिला सुनार | १० | जगदीश सुनार |
| ११ | चाँदनी डगौरा | ११ | रामसिंह डगौरा |
| १२ | गोमा राना | १२ | बलराम राना |
| १३ | कमली कुमारी भट्ट | १३ | रामदत्त भट्ट |
| १४ | मञ्जु चन्द | १४ | बिरेन्द्र बहादुर चन्द |
| १५ | सुनिता कोली | १५ | ललित कोली |